nepalmag.com.np

ISSN 2631-2298

आइतबार • ९ चैत २०७६ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक



चितुवाको छालासहित पक्राउ तस्कर, पोखरा

२७ खर्बको तस्करी

वन्यजन्तु आखेटोपहार तस्करीको अन्तर्राष्ट्रिय सञ्जालमा नेपाल जोडिएका पछिल्ला तथ्य

इतिहास

त्रिभुवनको शवमा भारतीय झन्डा ! | बिचौलियाको तानातानमा विकास

AGNI INCORPORATED PRIVATE LIMITED

Agni Incorporated Pvt. Ltd. Panipokhari Showroom: 01-4006711/12/13/14/15, 9801239330, Naxal Showroom: 01-4415368, 9801305300, Patan Showroom: 01-5532641/5532328, 9801303100
Branch: Birgunj, Tel: 051-419323/419456, 9801239325, Fax: 051-419259, Bhairahawa, Tel: 071-429324; Itahari, Tel: 025-585742; Kohalpur, Tel: 081-541522

Insurance Partners:

Balaju Auto Works Pvt. Ltd., Workshop: Balaju Industrial Area, Tel : 01-4350994 **Spare Parts Outlet:** Balaju Ring Road, Kathmandu, Tel: 01-4352806/4384176; Kuleshwor, Kathmandu, Tel: 01-5165235 **Authorized Service Center: (Inside Kathmandu Valley)** Balkhu, Tel: 01-4277864; Jorpati, Tel: 01-4910533; Balkumari, Tel: 01-5186180; Gaushala, Tel: 01-4478502; Sinamangal, Tel: 01-4116618; Bafal, Tel: 01-4302828; Dhumbarahi, Tel: 01-4009123 **(Outside Kathmandu Valley)** Bardibas, Mobile: 9801627781, Nuwakot, Tel: 010-560810; Hetauda, Tel: 057-522007; Lahan, Tel: 033-562157; Dhading Besi, Tel: 010-521024

Url: www.agnimahindra.com Email: marketing@agnigroup.com.np Service Helpline No.: 16600-100-200 (NTC), 980-157-1212 (Ncell) www.agnigroup.com.np twitter/AgniGroup instagram/AgniGroup facebook.com/MahindraAgniGroup

नेपाल गुणस्तर प्रमाण चिन्ह

TRIVENI
A Promise for Life

स्वदेशी सिमेन्ट

विश्वकर्मा

CEMENTING THE NATION

हरित वातावरण
सुरक्षित समाज

E-mail Address : enquiry@vcpl.com.np | Telephone No. : 01-5111148

www.facebook.com/Vcement

KMG

Break the routine



A day in a gallery, at a dance theatre, at a book lover's club, or on the wildest trails to recharge your senses, know when to be where. Discover a whole new world of creative expressions and adrenaline rush with The Kathmandu Post's ultimate lifestyle guide.

Every Friday at your nearest newsstand!

OYSTER

THE KATHMANDU POST
WEEKENDER

Unwind in style
W

NIC ASIA
एन आई सी एशिया बैंक लि.
सर्वाधिक उच्च प्रतिफलको साथमा
२१ लाख सम्मको बीमा सुविधायूक्त
न्यू सुपर चमत्कारिक मुद्धती निक्षेप खाता खोलौं
वार्षिक ब्याजदर
९.७५%
* ९.२५ + ०.५ = ९.७५%
०.५% शाखा प्रवन्धकको स्विकृतिमा
बीमा प्रदायक:
एभरेष्ट इन्स्योरेन्स कम्पनी लि.
Everest Insurance Company Ltd.
बीमाको प्रिमियम बैंकले एभरेष्ट इन्स्योरेन्स कम्पनी लि. लाई बुझाउने छ।
रु २१ लाख सम्मको बीमा सुविधा
दुर्घटनाबाट मृत्यु वा पूर्ण अशक्तताका लागि रु १० लाख सम्मको बीमा सुविधा
१८ घातक रोगहरुको लागि रु १० लाख सम्मको बीमा सुविधा
रु १ लाख सम्मको औषधी उपचार बीमा सुविधा (बहिरंग (OPD) को लागि रु. २०,०००/- सम्म र अस्पताल भर्ना भई उपचार गर्दा रु. ८०,०००/- सम्म)
थप जानकारीको लागि:
Missed Call गरौं
+977- 9801227755
Facebook Messenger
वा बैंकको वेब साईट
www.nicasiabank.com
मार्फत LIVE CHAT
Toll Free Number: 1660-01-77771
Viber Banking
*शर्तहरु लागु हुनेछन्
Online मुद्धती निक्षेप खाता खोल्नको लागि अहिलेनै
QR SCAN गर्नुहोस्
बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि
IMPRESSIONS 2020

हिमाल

२-९ चैत, २०७६ (वर्ष २०, अंक ३३, पूर्णांक ८९०)
Nepal National Weekly, March 15-22, 2020 (Vol. 20, No. 33, Issue 890)



विकासमा बिचौलियाको तानातान

२१

१४ **हाम्रो नेपालमा** सरकारी योजनामै मजदुर किनबेच

१७ **इतिहास** राजा त्रिभुवनको शवमा भारतीय राष्ट्रिय झन्डा !

२८ **आवरण** २३ खर्बको तस्करी ट्रान्जिट

३६ **टिप्पणी** मोहना अन्सारी

४३ **टिप्पणी** यमुना घले



गेमचेन्जर आयोजना
पल्टेला अर्थतन्त्रको पासा ? ३८

सम्पादकीय | ५
प्रतिक्रिया | ६
प्रवेश | ८
परिहास | १०
ती दिनहरू | १३
रङ | ४५
तीन किताब | ४७
पुस्तक | ४८
खेलकुद | ५०
कोलाज | ५२
नेपाल मण्डल | ५४
नोटबुक | ५६

४४ **प्रदेश ५** पर्यटक तान्दै नुवाकोट

५३ **सामयिकी** किशोर नेपाल

अभिभावक-राज्यको खोजी

संक्रामक कोरोना विषाणुको महामारी अब मानव स्वास्थ्यको मात्रै विषय रहेन । यो विश्वभरिको आर्थिक मुद्दा बनिसक्यो । वैज्ञानिकहरूले कोभिड-१९ नाम दिएको यो संक्रामक विषाणु युरोप र पश्चिम एसियातिर फैलिँदै गर्दा हताहत हुनेको संख्या कल्पनातीत बन्दै छ । विश्व अर्थतन्त्रको मेरुदन्ड यसैका कारण निर्बल बन्दै छ । कोरोनाको उद्‌गम मानिएको चीनले भने आफ्नो देशमा बिस्तारै नियन्त्रणउन्मुख रहेको दाबी गरेको छ ।

सँगै उसले अमेरिकातिर फर्केर केही गम्भीर आरोप पनि लगाएको छ, जसका भूराजनीतिक असरहरू छिमेकी नेपाललगायत अन्यत्र पनि देखिन सक्नेछन् । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता लिजियान झाओले गत साता दुई अर्थपूर्ण ट्वीट गर्दै वुहानमा कोरोना भाइरस फैलाउनमा अमेरिकी सैनिकहरू जिम्मेवार रहेको आरोप लगाए । उनले मौसमी रुघाखोकी लागेर बितेका केही अमेरिकीहरूको सनाखत गर्दा उक्त भाइरस देखिएको भन्दै अमेरिकाले जानाजानी चीनमा संक्रमण फैलाएको आशंका गरे । उनले यसबारे विस्तृत विवरण दिन अमेरिकासँग माग गरेका छन् । विदेश प्रवक्ताको अमेरिकालक्षित यस्तो ट्वीट पहिलो भने होइन ।

अहिले पूरा विश्व चाहन्छ, मानव स्वास्थ्यलाई घातक विषाणुबाट बचाउने दायित्व पहिलो हो । यो बृहत् दायित्वका अघिल्तिर अमेरिका-युरोपतिर देखिएका चिनियाँ नागरिकलक्षित घृणा आपत्तिजनक छन् । पश्चिमा मिडियाको कभरेजमा पनि त्यस्तो भावना देखिन थालेको आलोचना अन्यत्र भइरहेको छ । सँगसँगै चीनले संकट टार्न थाल्नुपर्ने अग्रसरता पूरा नहुँदै कोरोना प्रकोपलाई भूराजनीतिक द्वन्द्वको मुद्दा बनाइदिने चिन्ता पनि प्रकट हुन थालेका छन् । विश्वबन्धुत्वको भावना बढाउँदै जानुपर्ने घडीमा यो कस्तो दुर्भाग्यपूर्ण परिस्थिति !

अब यताको कुरा गरौँ । दक्षिण छिमेकी भारतसम्मै कोरोनाको असर देखिइसक्दा हाम्रो तयारी भने अति नै न्यून देखिएको छ । राज्यका अधिकतम अधिकारहरू सिंहदरबारमा केन्द्रित गरेका प्रधानमन्त्री केपी ओली आफैँ दोस्रो मिर्गौला प्रत्यारोपणपछि स्वास्थ्यलाभका क्रममा छन् । सल्लाहकारहरू उनको *ट्वीटर* ह्यान्डलबाट सार्कको औचित्यबारे प्रकाश पार्न व्यस्त छन् ।

यही बेला स्वास्थ्यमन्त्री भानुभक्त ढकालले कोरोना सन्त्रासका बीच उत्तरदायी भूमिका खेल्नु साटो कसैगरी संक्रमण फैलिइहाले तिनको जिम्मा सरकारले लिन नसक्ने गैरजिम्मेवार टिप्पणी गरेका छन् । त्यसअघि उनैले कोरोनालाई प्रवेश निषेध गरिने हल्काफुल्का टिप्पणी सरकारी सञ्चार माध्यम *गोरखापत्र*मार्फत गरे । संकटका बेला अक्सर निरुपाय बन्ने गरेका नागरिकहरूका लागि सरकार अभिभावक भएर पो उभिनुपर्ने ! सकिनेजति काम तत्कालै गर्न लाग्नु सट्टा सरकारी अधिकारी नै अन्टसन्ट बोल्ने गरेको यो पहिलो दृष्टान्त भने होइन । चार वर्षअघि भूकम्प जाँदा पनि राज्यका प्रतिनिधिहरूका रुखा वचन सुनेको सम्झना नागरिकलाई अझै छ ।

अघिल्लो साताको *नेपाल* सम्पादकीयमार्फत हामीले कोरोना भाइरसको नाममा काला बजारियाहरुको बिगबिगी भएको सरोकार उठाएका थियौँ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले अत्यावश्यक सामग्रीको अभाव नरहेको, कम्तीमा तीन महिनाका लागि खानेकुरा, औषधी, ग्यासलगायत सामग्री उपलब्ध रहेको भन्दै उपभोक्तालाई नआत्तिन आग्रह गर्दै छ । तर आम नागरिकको अनुहारमा देखिएको आतेसले सरकारी भनाइलाई सही प्रमाणित गर्दैन ।

पक्कै पनि यो संकटोन्मुख घडीमा जनमानसलाई अत्याउनु हाम्रो दायित्वभित्र पर्दैन । तर गर्न सकिने न्यूनतम जिम्मेवारी पनि पूरा नगर्दा आज फेरि एक पटक राज्यका निकायहरूमाथि प्रश्न तेर्सिन गएको छ ।

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया** निर्देशक : **स्वस्तिका सिरोहिया** सम्पादक : **बसन्त बस्नेत** सहायक सम्पादक : **सन्तोष आचार्य**
नायब प्रमुख संवाददाता : **राजकुमार बानियाँ** वरिष्ठ संवाददाता : **जनक नेपाल, माधव बस्नेत, योगेश ढकाल, मनबहादुर बस्नेत** संवाददाता : **सुनिता लोहनी, यम बम, कल्पना भट्टराई**
डेस्क : **गोकुल अर्याल, गुरुङ सुशान्त** डिजिटल : **रविराज बराल** तस्बिर : **रवि मानन्धर** (संयोजन), **सरोज बैजु** सज्जा : **चन्द्रकुमार प्रजापति** (संयोजन), **घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी**
कार्टुन/ग्राफिक्स : **रवीन्द्र मानन्धर** मार्केटिङ : **असुरारी ज्ञवाली, सन्तोष ढकाल**

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. १६२२), फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np, पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : २ चैत २०७६, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

साझा पार्टीबारे सतही विश्लेषण

साझा पार्टीको लुम्बिनी राष्ट्रिय भेलामा पारित विषयबारे सञ्जीव पोखरेलका लेखमा सत्य तोडमरोड गरिएको प्रस्टै छ । *(साझा पार्टीले कसका लागि माग्दै छ जनमतसंग्रह ?, २ चैत)* ।

१४ बुँदे लुम्बिनी घोषणापत्रमा उल्लिखित विषयलाई लिएर विभिन्न क्षेत्रमा यसको पक्ष र विपक्षमा विचार र मतमतान्तर देशव्यापी हुनु स्वाभाविकै हो । तर पोखरेलले साझा पार्टीप्रति प्रतिशोध पोखेको देखियो । पार्टीले उठाएको १४ बुँदामध्ये १३ बुँदालाई कहीं कतै समावेश नगरी ५ नम्बर बुँदामा मात्र लेख केन्द्रित हुनु पूर्वाग्रह नै हो ।

पार्टी स्थापनाको ३ महिनामै स्थानीय निर्वाचनमा भाग लिएर ललितपुर र काठमाडौँका उम्मेदवार क्रमशः तेस्रो, चौथो स्थानमा रहनु, संघीय निर्वाचनमा देशैभरबाट साझा पार्टी पाँचौं दलको रूपमा स्थापित भएको तथ्यलाई बिर्सेको देखियो । पार्टीको राजनीतिक विचारधाराले समर्थन पाएन, जनताले अस्वीकारे गरे भन्नु सतही विश्लेषण हो ।

लेखमा ०६२/६३ को जनआन्दोलनको भावनामा बनेको संविधानको मर्मविपरीत साझा पार्टीले जनमतसंग्रहको मुद्दालाई उछाल्दै छ भनिएको छ । हो, साझा पार्टीले धर्म र संघीयताका लागि जनमतसंग्रहको माग गरेकै हो । तर ०६२/६३ को जनआन्दोलनको माग धर्म निरपेक्षता र संघीयता छँदै थिएन भन्नेमा लेखक प्रस्ट नभएको देखियो ।

आन्दोलन सकिएलगत्तै गणतन्त्रको छायामा चोर बाटोबाट धर्म निरपेक्षता घुसाइएको होइन ? संविधानसभाले मागेको सुझावमा बहुसंख्यकले दिएको धार्मिक स्वतन्त्रतासहितको हिन्दु राष्ट्र हुनुपर्ने मागलाई रद्दीको टोकरीमा फालेर जनभावनाविपरीत केही ठूला नेताहरूले धर्म निरपेक्षतालाई वैधानिकता दिएका होइनन् र ? चोरबाटोबाट घुसाइएका यस्ता विषयलाई जनताकै बीचबाट अनुमोदन गर्नुपर्छ भन्दा साझा पार्टीको पश्चगमन कसरी भयो ? साझा पार्टीको घोषणापत्र अध्ययन गर्दा उसले आफ्नो विवेक सम्पूर्ण गुमाएको प्रस्ट हुन्छ' भन्ने लेख्दा तपाईंको विवेक ठीक थियो त ? ठीक भएको भए साझा पार्टीको जनसमर्थनको मानमर्दन किन गर्नुपर्‍यो ?

■ **हरिप्रसाद गौतम**
नवलपुर



पूर्वसभापतिहरूकै पदचाप

रामचन्द्र पौडेल र कृष्ण सिटौला पक्षधरलाई केन्द्रीय समिति र विभिन्न विभागमा जिम्मेवारी दिनु कांग्रेस सभापति शेरबहादुर देउवा फेरि सभापति हुने रणनीति हो *(देउवाको दोहोरिने दाउ, २ चैत)* । पार्टीलाई पोल्टामा पार्न यसअघिका सभापति गिरिजाप्रसाद र सुशील कोइरालाहरूले पनि संस्थापन इतरलाई यस्तै ललिपप देखाएका थिए ।

कार्यकाल सकिनुअघि अकस्मात् तोकिएका ४७ केन्द्रीय विभागमध्ये १३ विभागमा इतर पक्षका गोविन्द भट्टराई, चीनकाजी श्रेष्ठ, आनन्दप्रसाद ढुंगानाहरूलाई नियुक्त गरेर आउँदो महाधिवेशनमा पल्ला भारी बनाउने रणनीतिमा देउवा पक्ष लागेको प्रस्टै छ ।

■ **दीया श्रेष्ठ**
नरदेवी, काठमाडौँ

साताका ७ nepalmag.com.np

१ **नारीप्रति किन पूर्वाग्रही ?**
संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमले गरेको एक अध्ययनले करिब ९० प्रतिशत मानिसले महिलाप्रति पूर्वाग्रही धारणा राख्ने गरेको देखाएको छ । ७५ वटा देशमा गरिएको अध्ययनमा पुरूष र महिला दुवै महिलाप्रति पूर्वाग्रही धारणा राख्छन् भन्ने देखाएको हो । एक तिहाइ पुरूष र महिलाले पतिले पत्नीलाई पिट्नु सामान्य ठानेका छन् ।

२ **नेपालमा सिँचाइयोग्य जमिन कति छ ? (इन्फोग्राफिक)**
नेपालमा बाह्रै महिना सिँचाइ हुने ४ लाख ३० हजार हेक्टर जमिन छ । २२ लाख ६६ हजार हेक्टर जमिन सिँचाइयोग्य छ । १४ लाख ७३ हजार हेक्टरमा सिँचाइको पूर्वाधार पुगेको छ ।

३ **काठमाडौँ उपत्यकामा साइकल लेन सम्भव छ ? (रत्नराम श्रेष्ठ)**
काठमाडौँ उपत्यकाका कतिपय स्थान उकालाओराला छन् । तर यी उकालाओरालाको औसत स्लोप ४ डिग्री कोणको छ । ५ डिग्री भूधरातलीय स्लोपभन्दा बढी भए साइकल चलाउन गाह्रो हुन सक्छ । यहाँको तापमान र हावापानी न धेरै गर्मी, न त धेरै जाडो ! संसारमा साइकल यात्राका लागि भूगोल, जमिन र हावापानी नै अनुकूलताका प्रमुख विशेषता हुन् ।

४ **युरोपको सपना देखाएर करोडौँ ठगी**
म्यानपावरबाट ठगीमा पर्ने युवाको संख्या बढी भए पनि उजुरी कमै पर्ने गरेको तथ्यांकले देखाउँछ । तथ्यांकअनुसार आव ०७४/७५ मा उजुरी गर्ने युवाको संख्या ७ सय ६९ छ । आव ०७५/७६ मा १ हजार २ सय ६३ मात्रै । युरोप र अमेरिकामा जान भनेपछि विश्वासमा परेर रकम बुझाउँदा धेरै ठगीमा पर्ने गरेका छन् ।

५ **एसिया कप खेल्ने सपनामा यसरी लाग्यो तगारो**
एसिया कप छनोटका रूपमा रहेको प्रतियोगिता खेल्न जानुअघि नेपाली टोलीको मनोबल उच्च थियो । हङकङ, सिंगापुर, मलेसिया र थाइल्यान्ड रहेको इस्टर्न रिजन प्रतियोगिता नेपालले सजिलै जित्ने र एसिया कपको छनोट खेल्ने अनुमान धेरैको थियो । तर नेपाल एक खेलअगावै प्रतियोगिताबाट बाहिरियो ।

६ **खास कारण, जसले माटोको सहर मुस्ताङलाई विशेष बनायो**
मुस्ताङका चारै दिशा हिमालले छुट्याउँछन् । पूर्वमा मुक्तिनाथ हिमाल र दामोदर हिमालले मनाङ, पश्चिममा मुकुट हिमालले डोल्पा, दक्षिणमा नीलगिरि साउथ र धौलागिरि हिमालले म्याग्दी र उत्तरमा मुस्ताङभोट हिमाल (धाङधुङमर) चीनको तिब्बतसँग सीमा जोडिएको छ । हिमालबाहेक यस्ता धेरै कुरा छन्, जसले मुस्ताङलाई विशेष बनाएका छन् ।

७ **तराईमा यस्तो देखियो होली (तस्बिरहरू)**
प्रदेश २ को जनकपुर होलीले रंगियो । सडकमा रङ दल्दै शुभकामना साटासाट गर्नेहरूको भीड थियो । सडकमै होलीका गीत घन्किए । पहाडी जिल्लामा फागुपूर्णिमाका दिन मनाइएको रङको पर्व होली मंगलबार तराईका जिल्लामा धुमधामले मनाइयो ।

सबै स्टोरी पढ्न क्युआर कोड स्क्यान गर्नुहोस् ।

KMG
KANTIPUR MEDIA GROUP

nepalmag.com.np

नेपाल

राष्ट्रिय साप्ताहिक

विषयवस्तुपरक सुक्ष्म विश्लेषणका साथ
तपाईंका लागि साप्ताहिक रूपमा प्रस्तुत

बदलिँदो नेपालको 'अन्तर्कथा

बदलिँदो समयको साक्षी बनी देशका महत्वपूर्ण घटनाहरुलाई समेटेर साप्ताहिक रूपमा पाठकसमक्ष प्रत्येक क्षेत्रका खोजमूलक एवं विश्लेषणात्मक विवरण प्रस्तुत गर्नु हाम्रो उद्देश्य हो । ती घटना र विचारको माध्यमबाट नै देश विकासलाई आकार दिने प्रवृत्तिहरू पहिचान गर्न हामी निरन्तर प्रयासरत छौं ।

प्रत्येक कथाको निष्कर्षसम्म पुग्न
'आजै ग्राहक बन्नुहोस् ।

थप जानकारीको लागि
एनटिसि: 16600122222, 9851216800
एनसेल: 9801572222, 9801016850

प्रवेश

सोझै



साताका चर्चित

सुरेशसिंह बुडाल
सीईओ, प्यासिफिक एसिया ट्राभल एसोसिएसन

पर्यटन क्षेत्रको 'पाटा फेस अफ द इयर २०२०' अवार्ड ।



प्रतिष्ठा राउत
मोडल

'मिस युनिभर्स–२०२० ग्रेट ब्रिटेन' को अन्तिम स्पर्धामा ।

लक्ष्मण पन्त
मिडिया विश्लेषक

सञ्चार क्षेत्रको प्रतिष्ठित इन्टरनेसनल कम्युनिकेसन एक्सिलेन्स अवार्ड ।

पूर्णकुमार शेर्मा
कांग्रेस नेता

७६ वर्षको उमेरमा ललितपुरस्थित निदान अस्पतालमा निधन ।

भानुभक्त ढकाल
स्वास्थ्यमन्त्री

कोरोना भाइरस संक्रमण देखिए सबैलाई सरकारले जिम्मा लिन नसक्ने बताएपछि आलोचित ।

मुलुकबाहिर

भ्रामक समाचारको पछि लाग्दा

फर्जी समाचारका कारण आम नागरिकले निकै सास्ती पाएका छन् । कैयौँले ज्यानै गुमाउनु परेको छ । यसको पछिल्लो उदाहरण हो, इरानमा भएको दुर्घटना ।

*दजाकर्तापोस्टडटकम*का अनुसार इरानमा मिसावटयुक्त रक्सी पिएर ४४ जनाको ज्यान गएको छ । यसरी मर्नेमा सबैभन्दा बढी खुजेस्थान प्रान्तका छन् । विश्वव्यापी फैलिएको कोरोना भाइरस (कोभिड-१९) बाट बच्न भन्दै भ्रामक समाचारको पछि लागेर ती मानिसले रक्सी पिएका थिए । इरानमा पनि कोरोनाको प्रकोप भयावह छ ।

इरानमा गैरइस्लामबाहेक अन्यका लागि रक्सी निषेधित छ । तर स्थानीय मिडियाले बारम्बार मिसावटयुक्त रक्सी खाई ज्यान गइरहेको समाचार प्रेषित गरिरहेका छन् । इरानका ३१ वटै प्रान्तमा भाइरस फैलिँदा ८ हजार मानिस संक्रमित भएका छन् भने हालसम्म २ सय ९१ ले ज्यान गुमाइसकेका छन् । ने

त्यस बखतको नेपाल



सरकार-माओवादी अर्थहीन प्रस्तावको जुहारी

लाउडा भ्रष्टाचार काण्डबाट उत्पन्न राजनीतिक 'डेडलक' लाई देखेको नदेखेझैं गरेर फ्रान्सको भ्रमणमा गएका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको सरकारले मध्यमार्गी छवि भएका उपप्रधानमन्त्री रामचन्द्र पौडेलमार्फत राखेको 'वार्ता-प्रस्ताव' लाई नेकपा माओवादीले २४ घण्टा पनि नबित्दै लत्याइदिएपछि लामो समयदेखि चल्दै बेलाबखतमा तात्दै-सेलाउँदै आएको 'सरकार-माओवादी वार्ता पोलटिक्स' मा फेरि एकपटक तुषारापात भएको छ।

उपप्रधानमन्त्री पौडेलले तीन सयभन्दा बढी 'माओवादी बन्दीहरू' को नाम सार्वजनिक गरी माओवादीसमक्ष वार्ता प्रस्ताव गरेको तत्काल भोलिपल्ट नेकपा माओवादीका अध्यक्ष प्रचण्डद्वारा हस्ताक्षरित वक्तव्यमा भनिएको छ, "हालै गिरिजा सरकारले केही राजबन्दीहरूलाई सार्वजनिक गर्ने नाममा वार्ताको वातावरण बनाएको भन्ने प्रचारबाजीको विषयमा हाम्रो पार्टीको ध्यान आकर्षित भएको छ। हाम्रो पार्टीले न्यूनतम वातावरण सरकारले इमानदारीपूर्वक बनाएको अवस्थामा वार्ताको लागि सदैव तयार रहँदै आएको कुरा बारम्बार जनसमक्ष राख्दै आएको छ।

***नेपाल*, १-१५ चैत २०५७**

सुरेश किरण

कोरोना र मृत्यु

नेपालमा अहिलेसम्म कोरोना भित्रियो भन्ने सुन्नमा आएको छैन । भित्रिएकै छैन त सुन्नमा के आउँथ्यो र ? त्यसैले कोरोना लागेर कोही मरे भन्ने पनि सुनिएको छैन । तर कोरोना नआए पनि त्यसका कारण देशको जो हालत भएको छ, त्यसबाट भने निकट भविष्यमै मरेका समाचार पनि नआउलान् भन्न सकिन्न । जस्तो, चामल किन्ने पसलमा लागेको भीडले किचिएर चामल लिन आएका ग्राहकको मृत्यु ! एकैचोटि चार वटा ग्यास सिलिन्डर लिएर जाँदा सिलिन्डरमै ठोक्किएर उपभोक्ता ठहरै ! वर्ष दिनलाई पुग्ने दाल लिएर गएको मोटरसाइकल दुर्घटना हुँदा चालकको मृत्यु ! बजारमा म्याद गुज्रेका चाउचाउसमेत हरालुछ, खाएर बिरामी भएका बालकको मृत्यु ! सामान लुकाएको भनी किराना पसलमा आक्रमण हुँदा पसले ठहरै ! बजारमा खाद्यान्न किन्न नपाएकाले कुपोषण लागेर चारको मृत्यु !

छाँटकाँट हेर्दा अहिले नेपालमा कोरोनाले भन्दा पनि यस्ता घटनाले मृत्युदर बढाउलाजस्तो लाग्छ । यस्तो मृत्युलाई चाहिं कोरोना लागेर भएको मृत्यु भन्ने कि नलागेर भएको भन्ने ! त्यो स्वास्थ्यमन्त्री भानुभक्त ढकालले जानून्, यदि उनी सेल्फ क्वारेन्टाइनमा गइसकेका छैनन् भने ।

कोरोनाको औषधी

नगरभरि कोरोनाको आतंक त थियो नै । त्यसमाथि थपियो, औषधीको अभाव । भारतले औषधी नपठाउने रे ! उसो त कोरोनाकै पनि औषधी अहिलेसम्म बनाउन सकिएको छैन भनिन्छ । यस्तै अवस्थामा एउटा जानकारीमूलक सूचना आयो- कोरोनाबाट बच्ने हो भने अलिअलि कुहिएको स्याउ खानुपर्छ । यदि कुहिएको स्याउ किन्न पाइएन भने नयाँ किनेर भए पनि कुहिन दिनुपर्छ अनि खानुपर्छ ।

स्याउ खाए स्वास्थ्य सप्रिन्छ भन्ने त सुनेको थिएँ । तर कुहिएको स्याउले समेत स्वास्थ्य बनाउँछ भन्ने कुरा भने पहिलो पटक सुन्दै छु । त्यसो त यो कोरोना भन्ने रोगैबारे पनि पहिलो पटक सुन्दै छु नि । रोग नयाँ भएकाले उपचार पनि नयाँ आएको होला । अब यस्तो नयाँ

डबलको 'बिच्च बिच्चमा' माकुने

सत्तारुढ कम्युनिस्ट पार्टीमा अहिले सबै डबल छ । नाम नेकपा डबल । पार्टी एउटै, मोर्चा डबल । अध्यक्ष डबल । घरि एक नम्बर अध्यक्षतिर, घरि दुई नम्बरतिर । नेताका रोल डबल । धेरै चीज डबल भए पनि सरकार र पार्टी त सिंगलै चलेको रहेछ । बालुवाटार सुनसान हुँदा सिंहदरबार, धुम्बाराही र पेरिसडाँडामा कुनै गति छैन । एउटा अध्यक्ष बिरामी परेर बिछ्यौना पर्दा कार्यकारी अध्यक्षको गतिविधि नै ठप्प । कोरोना भाइरसको माहोलमा नेकपा डबलका डबल अध्यक्ष नै आइसोलेसनमा ? अघोषित 'तेस्रो अध्यक्ष' माकुने बरू बिच्च-बिच्चमा सक्रिय भइराछन् ।

■ महर्षि

मौकामा चौका

त्रिवि शिक्षण अस्पतालका अरूण सायमी र दिव्यासिंह शाहबीच एउटा मात्र समानता छ, प्रधानमन्त्री ओलीको निकट डाक्टर हुनु । असमानताको खाडल कम्ता गहिरो छैन । एकले अर्कोलाई जस दिनै मान्दैनन् । मृगौला प्रत्यारोपणको बीचमा अर्का डाक्टर प्रेमराज ज्ञवाली आइपुगेपछि दिव्यालाई पर्नु पीर पर्‍यो । अनि, पत्रकार सम्मेलन गरिन् । उनले दुई दर्जनको नाम वाचन गरेर धन्यवाद दिइरहँदा एउटाको नामै सुनिएन । उनले डाक्टर सायमीको नामै लिइनन् तर आफ्नो लगानीसमेत भएको ग्रान्डी अस्पतालको सन्दर्भबिनै मार्केटिङ गर्न भ्याइन् । मौकामा चौका हरे !

■ हुन्डरी

उपचारबारे कसले भनेको त भन्दा सबैले लिने नामचाहिँ एउटै रहेछ, दिलबर बाजे । दिलबर बाजे सबैले चिन्ने मान्छे । उनीमार्फत कुहिएको स्याउबारे हल्ला के चल्यो, बजारमा कुहिएको स्याउ किन्नेहरूको भीड लाग्न थाल्यो । ताजाभन्दा पनि कुहिएको स्याउको 'डिमान्ड' एकाएक बढ्न थाल्यो । धेरैजसो बुद्धिमानहरूले चाहिँ ताजा स्याउकै बोरा किनेर लग्न थाले, भोलि केही गरी कुहिएको स्याउ किन्न पाइएन भने ताजालाई नै कुहाउन मिल्छ नि ।

स्याउमा भएको यो मारामारी देखेर मलाई अचम्म लाग्यो । के खायो भने कोरोना निको होला र केचाहिँ नखाए कोरोना लाग्दैन भन्ने कुरा आजसम्म चीनले त भन्न सकिरहेको छैन भने नेपालमा यो कुहिएको स्याउ प्रेस्क्राइब गर्ने दिलबर बाजेचाहिँ को होला हँ ? मैले दिलबर बाजेलाई खोज्न थालेँ । उनी त विश्वलाई नै देखाउनुपर्ने नमुना मान्छे रहेछन् । खोज्दै गएपछि पो थाहा भयो, दिलबर बाजे त नगरमा त्यही स्याउ बेच्ने थोक बिक्रेता पो रहेछन् !

गँजडी संसद्मा गाँजा विधेयक

नेपालको संसद् यतिबेला गाँजामय भएको छ किनभने संसद्मा गाँजा विधेयकले जो प्रवेश पाएको छ । काठमाडौंको संघीय संसद्देखि प्रदेशका प्रादेशिक संसद्हरूमा समेत गाँजा विधेयक दर्ता भएपछि देशैभरि यो चर्चा चलेको हो ।

हुन त अहिले संसद्मा प्रवेश भएको गाँजा विधेयक हो । तर संसद्भित्रको गतिविधि देख्दा यस्तो लाग्छ कि त्यहाँ गाँजा विधेयकले प्रवेश पाएको मात्रै भर्खर हो, स्वयं गाँजाले प्रवेश पाएको त धेरै अगाडि नै हो । अहिले संसद्मा भाषण ठोक्ने नेताहरूको कुरा सुन्नुस्, त्यो कुनै गँजडीको गफभन्दा फरक लाग्दैन । त्यहाँ गएर कुरा सुन्नुस्, गँजडी खालमा पुगेजस्तो महसुस नभए मलाई भन्नुहोला । होसमा बोलेको हो कि बेहोसमा बोलेको, कसैलाई थाहै हुन्न । कोही भनिरहेका हुन्छन्, दुई महिनामा मेलम्चीको पानी झारिदिन्छु । कोही भनिरहेका हुन्छन्, एक वर्षमा सुरूङमार्ग बनाइदिन्छु । अझ कोही-कोही त यस्तो पनि भनिरहेका हुन्छन्, अर्को वर्ष काठमाडौंमा रेल गुड्नेछ । कोही त यस्तो पनि भनिरहेका हुन्छन्, अरे यार जहाजको टिकट काटिहाल, भरे फेरि सिट नपाइएला ।

के यो गँजडीको गफभन्दा कम छ ? संसद् त गाँजाको चपेटामा पुगिसकेको छ । अब गाँजा खाएर सदनमा बोल्ने कुरालाई कानुनी मान्यता दिने मात्रै हो । बाँकी त के हो र !

आतंककारी कुरीकुरी !

जगजाहेर छ, नेकपाका एक अध्यक्ष प्रचण्डले अघिल्लो हप्ता अलि अनौठो विज्ञप्ति निकाले । ७० करोड काण्डमा अस्पतालका अर्का अध्यक्ष केपी ओलीबाट पूर्ण सफाइ र संरक्षण पाएका पूर्वमन्त्री गोकुलप्रसाद बाँस्कोटाको घरमा भएको विस्फोटको 'आपराधिक' घटना 'आतंककारी' समूहले गराएको टिप्पणी प्रचण्डले गरे । उनले भुलेका छैनन् भने १० वर्षे (जन) क्रान्ति यस्तै निजी निवास र सरकारी सम्पत्ति उडाउनुमै बितेको थियो । यस्ता घटनालाई उनी जनकारबाही या महान् भनी 'ग्लोरिफाई' गर्थे । सरकारी पक्षबाट उनलाई आतंककारी बिल्ला मिल्थ्यो नै । साविक आतंककारीले हालका आतंककारीलाई त शुभकामना दिनुपर्ने होइन र भन्या ?

■ **लाल कुमाल**

नेपाल म्यागजिन
अब नयाँ वेबसाइट
र एपमा पनि

KMG
KANTIPUR MEDIA GROUP

बदलिँदो नेपालको अन्तर्कथा

@NepalMagazine

nepalmag.com.np

ने

GET IT ON Google Play

Download on the App Store

प्रतिक्रान्तिकारीसँग जोगिन मितेरी

मुक्ति सेनाले भोजपुर कब्जा गरेर सामयिक सरकार गठन ग¥यो, २४ मंसिर ००७ मा । क्रान्तिकारीहरूले कब्जा गरेपछि त्यसलाई पुनः फिर्ता ल्याउन राणा सरकारले वीरगन्ज पूर्वतर्फ उदयपुर हुँदै सरकारी फौज भोजपुरको बेसारेघाट र कसरियाघाट पठाएको खबर मुक्ति सेनाले थाहा पाइसकेको थियो ।

गजेन्द्रमणि प्रधान

राणा फौज भोजपुर प्रवेश गर्ने स्थिति देखिएपछि नारदमुनिहरूले ट्याम्केदेखि मैयुँसम्म सुरक्षा पोस्ट खडा गरे । भोजपुर कब्जा गर्न गएको सरकारी फौज पिखुवा खोलामा बास बसेको थियो । नारदमुनिहरूसँग सरकारी फौजसँग लड्ने पर्याप्त हातहतियार र गोलीगठ्ठा थिएनन् ।

भोजपुरे नेवार, क्षत्री कसैले पनि क्रान्तिमा सहयोग गरेनन्, तिनलाई पनि सरकारी फौजसँग लड्न लैजानुपर्छ भनेर बजारका सबैलाई क्रान्तिकारीले उठाएर डाँडामा लगे । त्यसमा मेरा दाजुहरू पनि सामेल भए ।

भोजपुर बजारबाट लगिएका सर्वसाधारण र मुक्ति सेनाले छालाको घुयैंत्रोमा ढुंगा राखेर पड्काए । घुयैंत्रोमा ढुंगा राखेर पड्काउँदा बन्दुकजस्तै आवाज आउँथ्यो । मुक्ति सेनाले डाँडाबाट आक्रमण गरेपछि पिखुवा खोलामा खाना खाइरहेका राणा फौजमा भागभाग भयो । ९ पुस ००७ मा भोजपुर आक्रमणमा आएको राणा फौजको सम्पूर्ण हातहतियार नारदमुनिहरूको कब्जामा आयो । त्यसपछि भोजपुरे मुक्ति सेना थप बलियो भयो र अन्यत्र लडाइँको मोर्चामा सहयोगार्थ पुग्यो ।

भोजपुर क्रान्तिमा अधिकांश राई जातिको सहभागिता थियो । लडाइँको मोर्चामा अन्य जातकाले सहयोग नगरेको गुनासो क्रान्तिकारीबीच छलफलको विषय हुन थाल्यो । यसमा नारदमुनिको प्रत्यक्ष संलग्नता नदेखिए पनि रामप्रसाद राईहरूको भित्री सहयोग रह्यो ।

भोजपुरका धनरजंग क्षत्रीका बाबु सरकारी सेनाका जागिरे थिए । यिनलाई मुक्ति सेनाले मारिदिएको थियो । धनरजंगले राणातिर मिलेर मुक्ति सेना मार्न सरकारी फौजलाई भोजपुर बोलाएको क्रान्तिकारीको आरोप थियो ।

यही घटनाका कारण मुक्ति सेनाभित्रै जातीय स्वरूपको गन्ध मिसिन पुग्यो । मुक्ति सेनाभित्र पनि हार्ड लाइनर र सफ्ट लाइनरको समूह छँदै थियो । मुक्ति सेनाले धनरजंगलाई काटेर ल्याउनेलाई पुरस्कार दिने घोषणासमेत ग¥यो । पछि पक्रेर ल्याए पनि मुक्ति सेनाकै सदस्य टीकाजंग राईले काटिनबाट जोगाए ।

मुक्ति सेनाभित्र जातीय स्वरूपको आगो सल्किँदै जाँदा एउटा पक्षले ध्यानबहादुर राईलाई उचाले । क्रान्तिकारीबीच नै ध्रुवीकरणको स्थिति देखा प¥यो । मुक्ति सेनाका ध्यानबहादुरकै नेतृत्वको समूहले रामप्रसाद राईलाई समातेर भोजपुर जेलमा थुन्यो, २३ फागुन ००७ मा । यसअघि नारदमुनिलाई पनि उनीहरूले पक्राउ गरेर थुनेका थिए । यसरी भोजपुरको क्रान्ति प्रतिक्रान्तिमा रूपान्तरित भयो ।

त्यही घटनापछि ध्यानबहादुर भरतशमशेरको गोर्खा परिषद्मा आबद्ध भए । पछि पञ्चायतकालमा मन्त्रीसमेत बने । ध्यानबहादुरका छोरा दिवानसिंह राई सुरूमा गोर्खा परिषद्मा लागे पनि पछि कांग्रेसमा प्रवेश गरेर सांसद भए ।

००७ साल भनेकै भोजपुर क्रान्ति थियो । तर ध्यानबहादुरलाई अगाडि सारेर त्यो क्रान्तिलाई ओझेल पार्ने प्रयास भयो । यस घटनालाई गोर्खा परिषद्को निर्देशनमा घटाइएको तत्कालीन गृहमन्त्री बीपी कोइरालाले नै बताएका थिए । मुक्ति सेनाका मुगाधन राई, श्रीपाल राई, भूदेव राईलगायतले प्रतिक्रान्तिको प्रतिरोध गरे पनि उनीहरूको केही सीप लागेन ।

प्रतिक्रान्तिकारीले भोजपुर क्रान्तिका योद्धा नारदमुनि र रामप्रसादहरूलाई थुनेपछि विराटनगर कब्जा गर्ने मुक्ति सेनाका कमान्डर जीबी याक्थुम्बालाई बीपीले स्थिति सम्हाल्न भोजपुर पठाए । त्यहां जानुको उद्देश्य प्रतिक्रान्तिकारीसित वार्ता गरेर नारदमुनिहरूलाई जेलबाट छुटाउनु थियो । तर प्रतिक्रान्तिमा लागेका ध्यानबहादुरसहितको टोली याकथुम्बा भोजपुर प्रवेश गर्ने खबर पाएलगत्तै भाग्यो ।

याक्थुम्बाले महिना दिनसम्म बन्दी अवस्थामा राखिएका नारदमुनि र रामप्रसादहरूलाई जेलबाट छुटाए । भोजपुरको मुक्ति सेनाको क्रान्तिलाई विफल तुल्याउने योजना पूरा भएन । याक्थुम्बा पछि नेपाल पुलिसका महानिरीक्षकसमेत बनेका थिए ।

याक्थुम्बा त्यहाँबाट फर्केपछि ध्यानबहादुरहरू भोजपुर पसे । उनीहरू राई जातिबाहेकका लाई तारो बनाउँथे । मेरै दिदीले समेत प्रतिक्रान्तिकारीसँग सुरक्षित हुन रामप्रसाद राईकी दिदीसित मितेनी साइनो लगाएकी थिइन् ।

■ प्रस्तुति : गोकुल अर्याल

पोडकास्ट सुन्न soundcloud.com/nepalmagazine

सरकारी योजनामै मजदुर किनबेच

घनश्याम खड्का/म्याग्दी

सडक आयोजना राष्ट्रको हो तर त्यहाँ कार्यरत हजारौँ मजदुर भने राष्ट्रका होइनन्, ठेकेदारका हुन् ।

प्रत्येक इन्च-इन्च सडक र हरेक पैसाको अभिलेख राख्न सक्षम कालीगण्डकी करिडोर बेनी-जोमसोम-कोरला सडक आयोजना आफ्नै योजना सफल बनाउन अहोरात्र निर्माणमा खटिएका मजदुरको अभिलेख राख्न भने अक्षम छ ।

सडक खन्न कति मजदुर संलग्न छन्, आयोजना बेखबर छ किनभने कानुनले ती मजदुरलाई चिन्दैन, ठेकेदारलाई मात्र चिन्छ ।

बेनी-जोमसोम-कोरला सडकको विभिन्न खण्डमा कार्यरत मजदुर दैनिक कामको ज्याला माग्दै पटक-पटक आन्दोलनरत छन् । मजदुरहरू ठेकेदार कम्पनीको कार्यालयमा तालाबन्दी गरी जिल्ला प्रशासनमा ज्याला माग्दै धर्ना बसेको यो पहिलो पटक

nepalmag.com.np

ठेकेदार शर्मा/युनाइटेड जेभी कम्पनीले भीरपहरा र खोलामा जोखिमपूर्ण क्षेत्रमा काम गरेका रुकुम, रोल्पा, सल्यान, जाजरकोट, बझाङका ९५ भन्दा बढी मजदुरको ०७६ असारदेखि १ करोड १२ लाखभन्दा बढी रुपैयाँ ज्याला दिएको छैन ।

ज्याला माग्दा भोलि-भोलि भन्दै ठेकेदार भागेपछि मजदुर न्याय माग्दै प्रशासन र प्रहरीको शरणमा पुगेका हुन् । मजदुरको ज्याला भुक्तानी मिलाउने दायित्व कालीगण्डकी करिडोर बेनी-जोमसोम-कोरला सडक आयोजनाको हो । तर नजिकै आयोजना कार्यालय छैन, हिमालपारि जोमसोममा छ । आयोजना प्रमुख, लेखापालसमेत सबै राजधानीमा छन् । ठेकेदारले मजदुरको फोन नै उठाउँदैनन् । "ठेकेदार कम्पनीले रेस्पोन्सै गरेको छैन । यो साइडका ठेकेदार शर्मा/युनाइटेडको ख्याति ठूलो तर कर्म सानो रहेछ । कम्पनीले पटक-पटक प्रहरी/प्रशासनलाई पनि ढाँट्यो," मजदुरको गुनासो सुनेपछि प्रमुख जिल्ला अधिकारी ज्ञाननाथ ढकालले भने, "सीडीओ र डीएसपी नै ठेकेदारसँग मिलेर ज्याला नदिएको आरोप मजदुरले हामीमाथि लगाएका छन् । मानवीय क्षतिको जोखिम रोक्न भरमग्दुर प्रयासमा छौँ ।"

गत असारमा पनि यही ठेकेदार कम्पनीले अर्को मजदुर समूहलाई ७६ लाख भुक्तानी नदिएपछि आन्दोलनमा उत्रिएका थिए । प्रहरी/प्रशासनले पक्राउ गरी मुद्दा चलाउने चेतावनी दिएपछि आधा रकम दिएर बाँकी एक महिनामा भुक्तानी गर्ने कबोल गरेको थियो । आधा रकम लिएर घर फर्के पनि बाँकी अझै नदिएको मजदुरहरू बताउँछन् ।

निर्माण क्षेत्रका ठूला ठेकेदारहरूले दुर्गम र टाढाबाट मजदुर ल्याएर सस्तो मूल्यमा काममा लगाउने, काम गरेको पारिश्रमिक लामो समय नदिएर उनीहरूलाई भोकभोकै तड्पाउने, झुलाउने र अन्त्यमा थकाएर भोको पेट फर्कन बाध्य पार्ने गरेको जिफन्ट म्याग्दीकी अध्यक्ष बलदेवी बरुवाल राई बताउँछिन् ।

सडक, विद्युत्, भवन, पूर्वाधार निर्माणमा संलग्न निम्न तहका अधिकांश मजदुरको ठेकेदारबीच किनबेच हुने गरेको छ । सुरुमा नाइकेले गाउँ-गाउँ

गएर मजदुर जम्मा गर्छ । दक्ष वा अदक्ष श्रमिक हेरी गाउँमै निश्चित दैनिक ४ सयभन्दामाथि पारिश्रमिक तोक्छ । पेस्कीस्वरूप केही नगद वा खाद्यान्न दिएर मजदुर लिएर आउँछ । कुनै पनि योजना/आयोजनाको लागत स्टिमेट तयार पार्दा सरकारले तोकेको मजदुरको न्यूनतम दररेट तय हुने गर्छ । तर ती मजदुरलाई कुनै निर्माण आयोजनाको गुणस्तरको आधारमा भुक्तानी लिने सानो टुक्रा वा खण्डको काम गर्ने साइड ठेकेदारलाई नाइकेले प्रतिव्यक्ति एक सयसम्म कमिसन खाएर दिन्छ/बेच्छ ।

अधिकांश योजना/आयोजनामा मुख्य ठेकेदारले निश्चित प्रतिशत नाफा अग्रिम लिएर पेटी ठेकेदारलाई बेचेका हुन्छन् । नाइके, साइड ठेकेदार, पेटी ठेकेदार हुँदै मुख्य ठेकेदारको कामसम्ममा मजदुर बेचिन्छन् ।

"ठूला आयोजनामा मुख्य निर्माण व्यवसायीसँग मजदुरको कुनै सम्बन्ध नै हुँदैन । एउटा ठेकेदारले एउटा-एउटा मजदुर खोज्दै ल्याएर काम गराउन पनि सम्भव हुँदैन । त्यसैले सव-कन्ट्याक्टरमार्फत काम सम्पन्न गरी भुक्तानी दिन्छौँ," निर्माण व्यवसायी संघ म्याग्दीका अध्यक्ष नारायण जिसी भन्छन्, "सव-कन्ट्याक्टर र नाइकेबाट मजदुर ठगिने गरेका गुनासा आएका छन् ।" ■

राजा त्रिभुवनको शवमा भारतीय राष्ट्रिय झन्डा !

सन्तोष खडेरी

सार्वजनिक आर्काइभमा भेटिने राजा त्रिभुवनको स्वीट्जरल्यान्डमा हृदय रोगको उपचार, त्यहाँ उनको निधन र जुरिचबाट नेपालसम्मको उनको पार्थिव शरीरको यात्राबारे तत्कालीन समयमा प्रकाशित एवं प्रसारित स्थानीय तथा अन्तर्राष्ट्रिय समाचार एजेन्सीहरूका छापा एवं भिडियो समाचारका आधारमा यो लेख तयार पारिएको छ।

नेपालको शाह वंशीय राजतन्त्रको इतिहासमा सबैभन्दा लामो समय झन्डै साढे चार दशकसम्म नेपालका राजा रहेका त्रिभुवन विदेशी भूमिमा मृत्युवरण गर्ने हालसम्मका एक मात्र राष्ट्राध्यक्ष हुन्।

मुलुकको सम्पूर्ण शासन सत्ताको बागडोर आफ्नो हातमा लिएका राणा शासकबाट राजदरबारको संकुचित दायराभित्र सीमित गरिने व्यवस्था नेपालमा शताब्दीभन्दा लामो समयसम्म कायमै रह्यो। त्यसलाई तोड्न विसं ००७ मा उठाएको कदमका कारण पनि छोटो समयमै राणाको पतन र प्रजातन्त्र स्थापना भएकाले लोकतन्त्रप्रेमीका लागिसमेत नेपाली इतिहासमा उनको सम्मानजनक स्थान छ। संसारभर औपनिवेशिक शासनको अन्त्य र प्रजातान्त्रिक व्यवस्थाको सुरुआत हुन लागेको समय सन् १९५० को दशकमा अन्तर्राष्ट्रिय सञ्चार माध्यमबाट समेत नेपालमा प्रजातन्त्रको जग बसाल्ने श्रेय उनले प्राप्त गरे।

राजा त्रिभुवनले सन् १९४४ को अन्त्यतिर जुद्धशमशेरका पालामा उनका छोरा बहादुरशमशेरको कडा निगरानीमा पहिलो पटक नेपालभन्दा बाहिर उपनिवेशकालीन भारतको भ्रमण गर्ने अवसर प्राप्त गरेका थिए। त्यसपछि पनि एकाध पटक उनी औषधोपचारका लागि भर्खरै स्वतन्त्र भएको भारतमा जाने गरेका थिए।

राणाशासनविरुद्ध ००७ को आन्दोलन चल्दै गर्दा उनी सन् १९५० को नोभेम्बरमा पहिले काठमाडौंस्थित भारतीय दूतावासमा शरण लिएर अनि भारत सरकारको अतिथिका रूपमा करिब चार महिना दिल्लीमा बसेका थिए। दिल्लीमा अतिथि नै रहेकै बेला प्रथम गणतन्त्र दिवस समारोह सन् १९५१ को जनवरी २६ मा उनी त्यहाँ भारत सरकारको प्रमुख अतिथिका रूपमा समेत सहभागी भएका थिए। त्यतिबेला व्यक्तिगत रूपमा समेत राजा त्रिभुवन र तत्कालीन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरुबीचको सम्बन्ध प्रगाढ रहेको पाइन्छ।

००७ को राजनीतिक परिवर्तनपछि पनि उनी बारम्बार भारत गइरहन्थे। कैयौं पटक उनी लामो समयसम्म कलकत्ताको नाइटक्लबमा रमाइरहँदा प्रधानमन्त्री नेहरुले

दिल्लीमा त्रिभुवनलाई श्रद्धाञ्जली दिंदै जवाहरलाल नेहरु

नेपालका प्रधानमन्त्रीलाई पत्र नै लेखेर त्रिभुवनको उक्त व्यवहारप्रति गुनासो गर्दै उनलाई सचेत गराउनसमेत सुझाउँथे ।

हृदय रोगको समस्या देखापरेपछि र भारतमा समेत उनको उपचार सम्भव नदेखिएपछि हावापानी पनि बदल्ने र आधुनिक पद्धतिबाट गुणस्तरीय उपचार गर्ने भन्दै उनले पहिलो पटक सन् १९५३ सेप्टेम्बरमा स्वीट्जरल्यान्डसम्मको यात्रा गरेका थिए । त्यहाँ केही समय बिताएपछि निको भएर नेपाल फर्किएका थिए (स्वीस अखबार *ओबरल्याडर ट्यागब्ल्याट,* १९, सेप्टेम्बर १९५३) ।

नेपाल फर्किएको केही महिनालगत्तै उनलाई हृदय रोगले फेरि चाप्दै लगेपछि सन् १९५४ को अक्टोबरमा थप गुणस्तरीय औषधोपचारका लागि अमेरिका जान चाहेका थिए । तर सन् १९५२ मा जारी भएर लागू भएको अमेरिकी अध्यागमन कानुनअनुसार दुवै श्रीमतीका साथ जान चाहेका त्रिभुवनलाई बहुविवाहका कारण अमेरिकाले भिसा दिन अस्वीकार गऱ्यो । त्यसपछि उनी उपचारका लागि सोही नोभेम्बरमा पुनः स्वीट्जरल्यान्ड पुगे (द डेली *स्पोक्समेन,* १४, अक्टोबर १९५४) ।

स्वीट्जरल्यान्डको जुरिचलाई स्थायी मुकाम बनाएर त्रिभुवनको उपचार चलिरहे पनि उनले इटाली र फ्रान्सजस्ता अन्य युरोपेली मुलुकसमेत भ्रमण गरेको देखिन्छ । उपचारका लागि विदेश उड्नुअघि उनले नेपालमा तत्कालीन युवराज महेन्द्रलाई राजकीय परिषद्का अध्यक्ष नियुक्त गरेका थिए । तर त्यसको केही महिनापछि नै युवराज महेन्द्र उतै पुगेर राजा त्रिभुवनबाट शासन सत्ताको अख्तियारनामा आफ्नो नाममा लिएर नेपाल फर्की राष्ट्रप्रमुखको हैसियतले कार्य गर्न थालिसकेका थिए ।

त्रिभुवनलाई बहुविवाहका कारण अमेरिकाले भिसा दिन अस्वीकार गऱ्यो ।

दोस्रो पटक उपचारका लागि युरोप पुगेको ६ महिनाभित्रै ४८ वर्षको उमेरमा हृदयाघातका कारण १३ मार्च, १९५५ (३० फागुन २०११) आइतबार अपराह्न ३ बजेर १५ मिनेटमा क्यान्टन्स अस्पतालमा उपचारकै क्रममा राजा त्रिभुवनको निधन भयो ।

अन्तर्राष्ट्रिय समाचार एजेन्सी *रोयटर्स*ले अर्को दिन १४ मार्चमा नेपाली दूतावास दिल्लीलाई स्रोत उद्धृत गर्दै राजा त्रिभुवनको निधनको खबर सार्वजनिक गऱ्यो । यता नेपालमा समेत नेपाली सेनाका 'कमान्डर इन चीफ' जनरल किरणशमशेर जबराले शाही वक्तव्यमार्फत *रेडियो नेपाल*बाट राजा त्रिभुवनको निधनको घोषणा गरे ।

स्वीट्जरल्यान्डको स्थानीय अखबार *ली जुरा*को १५ मार्च १९५५ को अंकमा छापिएको खबरअनुसार उनी पछिल्लो दुई महिनायता फ्रान्सको नाइसमा आराम गरिरहेका थिए । ११ मार्चमा मात्रै गम्भीर अवस्थामा रेलयात्रा गरी

त्रिभुवन–महेन्द्र खटपट

आफ्नो विद्यावारिधि शोधग्रन्थलाई पटना युनिभर्सिटीका प्राध्यापक वीरेन्द्रकुमार बर्माले 'इट विल बी अ हटकेक...' भन्दा फुरुंग परेका थिए, गेहेन्द्रमान उदास 'पोखरेली' । विडम्बना के भने लामो समय प्रकाशक मात्र नभेटिएको होइन, पाण्डुलिपि पढ्ने विद्वान्समेत पाएनन् ।

राणा प्रधानमन्त्री चन्द्रशमशेर दुनियाँसामु आफैँलाई 'राजा' भन्थे र भन्न लगाउँथे । ५ वर्ष ६ महिनाको हुँदा नै नेपालको राजगद्दीमा बसेका त्रिभुवनलाई भने स्त्रीलम्पट, भोगविलासी, रक्सीबाज र मूर्ख बनाइराख्न चाहन्थे । आफू राणाको बन्दी भएको बुझेका तिनै त्रिभुवन जनक्रान्तिमार्फत आफ्ना पूर्वज सुरेन्द्रवीरविक्रम शाहको पालामा गुमेको शक्ति फर्काउन सफल भए ।

राणाविरोधी आन्दोलनमा त्रिभुवनले खुलेर साथ दिए । विसं १९९३ मा खुलेको नेपाल प्रजा परिषद्लाई उनले आर्थिक सहयोग मात्र दिएनन्, आफूलाई सक्रिय सदस्य नै ठाने । नेपाली राष्ट्रिय कांग्रेस र नेपाल प्रजातन्त्र कांग्रेसको एकताका निम्ति प्रेरित गरे, सहयोग पनि पत्याए ।

नेपालको इतिहासमा त्रिभुवनको छवि धमिलै छ । तर प्रजातान्त्रिक इतिहाससँग उनको नसनाता जोडिएको छ । पुस्तकमा खासगरी प्रजा परिषद्मा त्रिभुवनको संलग्नता, ००७ सालको क्रान्ति र त्यसपछिको चार वर्षे शासनकालबारे विस्तृत विवेचना गरिएको छ ।



रोलवाला राणाहरूको सामूहिक हत्या गर्ने त्रिभुवनको योजना र त्यसको असफलतापछि दरबारमा गरिएको खानतलासीबारे पनि पुस्तकमा चर्चा छ । जैतुनको तेल मालिस गर्न आएकी फ्रान्सेली युवती एरिका लुस्टाग त्रिभुवन र भारतीय दूतावासमा सम्पर्क सेतु थिइन् । एक पटक राजाले एरिकालाई यस्तो प्रतीकात्मक चिठी लेखेछन्, 'चरा (राजदूत) मेरो बगैँचामा आयो र मलाई डाक्टर (नेहरु) को फूल (चिठी) दियो ।'

त्रिभुवन छोरा ज्ञानेन्द्र, धीरेन्द्र र तीन छोरीलाई दरबारमै छाडेर राजनीतिक शरणमा गएपछि राणाहरूले मुख्य साहेबज्यू रामविक्रम शाहलाई राजगद्दीमा राख्न खोजे । तर उनी नमानेपछि नाबालक ज्ञानेन्द्रलाई तयार गरियो । त्यतिबेला त्रिभुवन श्रीपेच लुकाएर गएकाले मोहनशमशेरको हडबडमा श्री ३ कै श्रीपेचले काम चलाइएको प्रसंग पनि पुस्तकमा छ ।

क्यान्टस अस्पतालमा राखिएको त्रिभुवनको स्मृति धातुपत्र

त्रिभुवनको शव क्यानटोनल विमानस्थल लगिँदै

क्यानटोनल विमानस्थलमा शवलाई बिदाइ गरिँदै

उपचार गरिरहेको जुरिच युनिभर्सिटीको उही क्यान्टन्स अस्पतालमा पुनः भर्ना भएका थिए । त्यहाँ उनको उपचारमा उक्त अस्पतालका निर्देशक प्राध्यापक डा विल्हेम लोफ्लर संलग्न थिए । साथै, उनको उपचारका लागि पहिलेदेखि नै दुई अन्य विशेषज्ञको समेत सहयोग लिइएको थियो । तीमध्ये लन्डनका एक प्रा पार्किनसन थिए भने अर्का भियनाका प्रा लउडेर थिए । निधन हुँदा अन्य नेपाली सहयोगीका साथमा त्यहाँ उनका दुई रानीसमेत थिए भने निधनलगत्तै नेपालबाट छोरा वसुन्धरा त्यहाँ पुगेका थिए ।

निधनको चार दिनपछि क्यान्टन्स अस्पतालबाट राजा त्रिभुवनको पार्थिव शरीरलाई सीधै जुरिचको क्यानटोनल विमानस्थल पुऱ्याइयो । नेपालका दिवंगत राष्ट्राध्यक्षलाई अन्तिम श्रद्धाञ्जली अर्पण गर्नका लागि स्वीस सरकारको संघीय राजनीतिक मामिलामन्त्री मिचेलीका साथ जुरिच स्टेट काउन्सिलका अध्यक्ष डा पी मियरहान्ससमेत उपस्थित थिए । त्यस्तै, औपचारिक रूपमा राष्ट्रिय सम्मान प्रदान गर्नका लागि स्वीस सेनाको विशेष टुकडीसमेत विमानस्थलमा नै तैनाथ थियो ।

भारतीय सरकारी कार्यालयमा उक्त दिन सार्वजनिक बिदा दिइयो ।

त्रिभुवनको पार्थिव शरीरलाई बोकेर उड्नका लागि तम्तयार रहेको डगलस डीसी ०४ विमानको अगाडिको भागमा फहऱ्याइएको नेपाली राष्ट्रिय झन्डा आधा झुकाइएको थियो । नेपालको राष्ट्रिय झन्डामा बेरिएको उनको पार्थिव शरीरलाई सेनाका जवानहरूले बोकेर विमानस्थलको धावनमार्गमा तयारी अवस्थामा रहेको विमानसम्म ल्याउँदा त्यहाँ खटिएको स्वीस सेनाको टुकडीले शोक धुनका साथ राष्ट्रिय सलामी अर्पण गरेको थियो ।

स्वीस एयरलाइन्सको उक्त विमान राजा त्रिभुवनको पार्थिव शरीरलाई लिएर उनका दुई रानी कान्तिराज्यलक्ष्मी र ईश्वरीराज्यलक्ष्मी साथै सुपुत्र अधिराजकुमार वसुन्धरासहितका अन्य नेपाली सदस्यसहित १७ मार्चको बिहान

राजा र युवराजको खटपट पुस्तकको उल्लेख्यनीय पाटो हो । त्रिभुवनभन्दा महेन्द्र १५-१६ वर्ष मात्र कान्छा रहेछन् । १२ वर्षको उमेरमै त्रिभुवनको कान्ति र ईश्वरी नामक दुई राजपुत कन्यासित विवाह भएको थियो । राणा परिवारसँग सम्बन्ध नगाँस्ने राजेच्छाविपरीत जेठा छोरा महेन्द्रको जुद्धशमशेरकी नातिनी इन्द्र, माइला हिमालयको जुद्धकै पनातिनी प्रिन्सेपसँग र जुद्धकी अर्की पनातिनी हेलेनसित कान्छा बसुन्धराको विवाह हुन पुग्यो ।

गेहेन्द्रमान उदास 'पोखरेली'

रत्नसँगको दोस्रो विवाहले त्रिभुवन अझ चिढिएका थिए । शरणमा जाने अन्तिम क्षणमा मात्र महेन्द्रलाई जानकारी दिएको, उपचारका लागि युरोप जाँदा युवराजलाई भन्दा प्रधानमन्त्री मातृकाप्रसाद कोइरालालाई अधिकार दिएको, मृत्युशैय्यामा रहँदा पनि राजकीय शक्ति हस्तान्तरणमा आनाकानी गरेको आदि प्रसंग पुस्तकमा समेटिएका छन् ।

७ फागुन ००७ को त्रिभुवनको वक्तव्यमा 'गणतन्त्रात्मक' शब्द जानीबुझीकन परेको लेखकको निष्कर्ष छ । गणतन्त्रका सन्दर्भमा त्रिभुवनले भनेका रहेछन्, 'म असल हुँदैमा मेरा सन्तान पनि असल हुन्छन् भन्ने निश्चित छैन ।' त्यस घोषणाअनुसार संविधानसभा चुनाव हुन नसक्नुमा नेताहरूको अपरिपक्वता, अनुभवहीनता अनि आपसी कलहलाई जिम्मेवार ठहऱ्याएका छन्, लेखकले । राष्ट्रपिता भनिने त्रिभुवनको शासनकाललाई पुस्तकमा 'तानाशाहीबिनाको तानाशाही' टिप्पणी गरिएको छ ।

प्रजातन्त्र स्थापनापछि नेपाली कांग्रेससँग त्रिभुवनको सम्बन्ध त्यति राम्रो देखिँदैन । राजाले विश्वेश्वरप्रसाद कोइरालाभन्दा उनका दाजु मातृकालाई काखी च्यापेको र पार्टी फुटाएको दोषारोपण छ । लेखकले दाजुभाइको पदलोलुप स्वभाव, अदूरदर्शी जोस र अहंकारले त्रिभुवनलाई एक्लो बनाएको र विश्वेश्वर मोहनशमशेर प्रधानमन्त्री भएपछि मात्र राणाविरोधी अभियानमा लागेको दाबी गरेका छन् । उनको शब्दमा त्रिभुवनमा स्वेच्छाचारी र अधिनायकवादी मनसुवा नभए पनि केही विवशता पक्कै थिए ।

इतिहास लेखन, पठन, विश्लेषण र विवेचनाको तात्पर्य यथार्थको नजिक पुग्नु हो । पुर्खाले गरेका गल्ती नदोहोऱ्याउने, राम्रा कामको प्रवर्द्धन गर्ने अनि इतिहासका अतिरञ्जना, अन्धविश्वास र आडम्बरको शुद्धीकरण गर्ने मान्यता राख्छन्, पोखरेली । यस पुस्तकले अतीतको अनुभव बाँड्नुका साथै भुल्न नमिल्ने पाठसमेत दिएको छ ।

००७ सालको क्रान्ति छेउछाउको इतिहास मिहीन उत्खनन गरिएको यो पुस्तक आद्योपान्त रोचक छ । तर लेखकका केही पूर्वाग्रह पनि नदेखिने होइनन् । मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र बहाल भएको र सार्वभौमसत्ताको स्रोत जनतालाई मानिएको अवस्थामा पुस्तकको नाम आफैँमा विरोधाभास हो । भलै, यो शोधग्रन्थको पुनर्प्रकाशन नै किन नहोस् ।

■ **राजकुमार बानियाँ**

स्थानीय समयअनुसार ०८:३० मा त्यहाँबाट उड्यो (स्वीस अखबार *फ्रेबर्गर*, १८ मार्च, १९५५) ।

त्यसबेला स्वीस एयरलाइन्सको डीसी ०४ विमान अवतरण हुन सक्ने विमानस्थल नेपालमा सञ्चालन नभएको र एक मात्र गौचर हवाईअड्डासँग त्यो क्षमता नभएकाले नै होला, सो विमान सीधा नेपाल नआएर दिल्लीलाई गन्तव्य बनाएर त्यतै मोडियो । जुरिचबाट करिब ६ हजार किलोमिटरभन्दा लामो हवाई दूरी पार गरेर अर्को दिन दिल्लीको पालम हवाईअड्डामा उत्रिएको विमानबाट राजा त्रिभुवनको पार्थिव शरीरलाई भारतीय वायुसेनाको विमानद्वारा काठमाडौं ल्याउने तालिका थियो । लामो यात्राका दौरान बिसौनीझैँ भएको भारतीय भूमिमा छिमेकी राष्ट्राध्यक्षको पार्थिव शरीर आइपुग्दा भारतले राष्ट्रिय सम्मानका साथ आफ्नै भूमिमा उनलाई अन्तिम श्रद्धाञ्जली अर्पण गर्न चाह्यो । त्यसका लागि करिब एक घन्टा छुट्याइयो र भारत सरकारले त्यसका निम्ति सबै तयारी पूरा गर्‍यो ।

दिल्लीको पालम हवाईअड्डामा दस मिनेट त्रिभुवनको पार्थिव शरीरलाई श्रद्धाञ्जलीका लागि भारतीय सेनाका ६ जना जनरलले भारतीय सेनाकै तोपगाडीमा राखे । उनलाई अन्तिम श्रद्धाञ्जली अर्पण गर्न त्यहाँ एक हजार जनाको भारतीय सैनिकको विशेष टुकडी उपस्थित थियो । त्यस्तै जल, वायु र स्थल गरी तीनै सेनाका प्रमुखहरूसमेत थिए । त्यहाँ उपस्थित सैनिक ब्यान्डले शोक गीत गाउनुका साथै शोक धुन बजाएर सलामी अर्पण गर्‍यो ।

औपचारिक रूपमा भारत सरकारले राष्ट्रिय शोकको घोषणा गरिसकेपछि त्यसअन्तर्गत नै पर्ने भारतीय सरकारी कार्यालयमा उक्त दिन सार्वजनिक बिदा दिइयो । त्यस्तै, शोक मनाउन भारतीय राष्ट्रिय झन्डालाई समेत आधा झुकाइयो । भारतका तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरु आफैँ उपस्थित भएर भारतीय राष्ट्रपति डा राजेन्द्रप्रसाद एवं उपराष्ट्रपति डा सर्वपल्ली राधाकृष्णनका तर्फबाट समेत उनको पार्थिव शरीरमा पुष्पगुच्छा चढाइए । पार्थिव शरीरका साथ आएका अधिराजकुमार वसुन्धरासँग पनि नेहरुले भेट गरे । त्यहाँ अन्तिम श्रद्धाञ्जली अर्पण गर्न प्रधानमन्त्री नेहरुका साथमा उनका क्याबिनेटका कैयौँ केन्द्रीय मन्त्रीहरू, दिल्लीका मुख्यमन्त्री, रक्षा मन्त्रालयसहितका अन्य मन्त्रालयका विशिष्ट अधिकारीहरूसमेत सहभागी थिए । दिल्लीमा दूतावास र कूटनीतिक नियोग रहेका कैयौँ मुलुकका राजदूत, कूटनीतिक अधिकारीका साथ दिल्लीका हजारौँ जनतासमेत उनलाई अन्तिम श्रद्धाञ्जली अर्पण गर्न उपस्थित थिए ।

अहिलेसम्म त्यति सार्वजनिक जानकारीमा नआएको विषय हो, नेपाली राष्ट्रिय झन्डामा दिल्ली ओर्लिएका राजा त्रिभुवनको पार्थिव शरीर त्यहाँ अन्तिम श्रद्धाञ्जलीका लागि राख्दा भने नेपाली झन्डा छोप्ने गरी भारतीय राष्ट्रिय झन्डासमेत ओढाइएको थियो, जसलाई पछि नेपालका लागि प्रस्थान गर्ने डकोटा विमानमा राख्दा भने हटाइयो (अन्तर्राष्ट्रिय समाचार एजेन्सी *रोयटर्स*को त्यही बेलाको भिडियो) ।

त्यतिबेला प्रकाशित लेखअनुसार त्यहाँ उनलाई भारतीय राष्ट्रिय सम्मान अर्पण गर्दा नेपाल-भारत दुवै मुलुकको राष्ट्रिय झन्डा ओढाइएको भनिए पनि नेपालको त्रिकोणात्मक झन्डामाथि भारतको चारपाटे झन्डा राख्दा त्यहाँ नेपालको झन्डालाई भारतीय झन्डाले पूरै ढाकेर भारतीय झन्डा मात्रै ओढाइएको हाल उपलब्ध भिडियोमा प्रस्ट देखिन्छ (आचार्य चतुरसेनको लेख 'धर्म और पाप') ।

छिमेकी मुलुकका राष्ट्राध्यक्ष तथा आफ्नो मुलुकका असल मित्रको निधनमा राष्ट्रिय सम्मानका साथ उनलाई अन्तिम श्रद्धाञ्जली दिनु स्वाभाविक नै हो । त्यस्तो अन्तर्राष्ट्रिय अभ्यास पनि व्याप्त छ । तापनि कुनै एक मुलुकको राष्ट्राध्यक्षको पार्थिव शरीरमा राष्ट्रिय सम्मानका नाममा कुनै अर्को दोस्रो मुलुकको राष्ट्रिय झन्डा नै ओढाउनु भने विचित्र देखिन्छ । त्यस्तो अन्तर्राष्ट्रिय अभ्यास पनि सायदै कतै होला !


Freiburger Nachrichten

^ अस्पतालमा रहेको स्मृतिको धातुपत्र र शव नेपाल फकाईएको समाचार प्रकाशित अखबार

दिल्लीमा त्रिभुवनलाई श्रद्धाञ्जली अर्पण गरिसकेपछि भारतीय वायुसेनाको डकोटा विमानबाट उनको पार्थिव शरीरलाई काठमाडौंको गौचर हवाईअड्डामा ल्याइयो । त्यहाँ नेपाली सेनाले सलामी अर्पण गर्‍यो । हजारौँ हजार नेपाली जनताको उपस्थितिका साथ पशुपति आर्यघाटमा राजकीय सम्मानसहित उनको अन्त्येष्टि गरियो । त्यहाँ भारत, अमेरिका, बेलायत, फ्रान्स, स्वीट्जरल्यान्डलगायत मुलुकका प्रतिनिधिको समेत उपस्थिति थियो ।

आफ्ना मुलुकमा तत्कालीन राष्ट्राध्यक्षको निधन भएको स्वीट्जरल्यान्डसँग नेपाल र नेपालीको अविस्मरणीय सम्बन्ध त उतिबेलैदेखि स्थापित भइसकेको थियो । तर औपचारिक रूपमा नेपाल-स्वीट्जरल्यान्ड सम्बन्ध भने त्यसको २ वर्षपछि सन् १९५७ मा मात्रै स्थापित भयो । त्रिभुवनको निधन भएको तीन वर्षपछि सन् १९५८ मा उनका छोरा तत्कालीन राजा महेन्द्रले युरोपको भ्रमण गरेका थिए । त्यसै क्रममा उनी रानी रत्नका साथ आफ्ना बाबुको निधन भएको जुरिच युनिभर्सिटीको क्यान्टन्स अस्पतालसमेत पुगेका थिए । त्यहाँ उनीहरूले त्रिभुवनको स्मृतिस्वरूप धातुमा अक्षर कुँदेर स्मृतिपत्रसमेत छाडेका थिए । त्रिभुवनको निधन भएको अस्पतालको कोठामा हाल स्मारक बनाएर राखिएको छ । धातुको स्मृतिपत्रमा राखिएको चिहनमा यस्तो लेखिएको छ-

श्री ५ महाराजधिराज त्रिभुवनवीरविक्रम शाहदेव नेपाल ।

जन्म : आषाढ १७, विसं १९६३

स्वर्गारोहण : फागुन ३०, २०११

स्वीट्जरल्यान्डको यो सहर जुरिकको क्यान्टन्स अस्पतालमा आज आएको सम्झनामा मौसुफको दिवंगत अमर यशस्वी आत्माको पावन स्मरणका रूपमा यो चिह्न राख्न पाउँदा हामीलाई सन्तोष लागेको छ ।

श्री ५ महेन्द्र, श्री ५ रत्न राज्यलक्ष्मी नेपाल

श्रावण २, विसं २०१५ ने

कुनै एक मुलुकको राष्ट्राध्यक्षको पार्थिव शरीरमा राष्ट्रिय सम्मानका नाममा कुनै अर्को दोस्रो मुलुकको राष्ट्रिय झन्डा नै ओढाउनु भने विचित्र देखिन्छ ।

विशेष



कमिसन तानातान

हरेक विकास आयोजना बिचौलियाको प्रभावमा

माधव बस्नेत

पूर्वसचिव भीमप्रसाद उपाध्यायले ८ फागुन राती फेसबुकमा लेखे :

सञ्चारमन्त्री हुँदा गोकुलप्रसाद बाँस्कोटाको काम

१. सेक्युरिटी प्रिन्टिङ प्रेस खरिद रु २६ अर्बमा हुने काम ४२ अर्बमा किन्ने तयारी, चलखेल १६ अर्ब ?

२. भूउपग्रह खरिद : रु १२ अर्बमा हुने काम ३० अर्बमा तयारी, चलखेल रु १८ अर्बको ?

३. नेपाल टेलिकमको फोर-जी सेवा विस्तार : रु ६ अर्बको काम १९ अर्बमा दिइयो

कुल चलखेल : ४७ अर्ब

भ्रष्टाचारको कारबाहीबाट जोगिन सबै निर्णय क्याबिनेटबाटै गर्ने रणनीति ।

एजेन्ट (बिचौलिया, दलाल) हरूले सरकार र नेताहरूलाई प्रभावमा पारेर अर्थतन्त्र कसरी निमोठिरहेका छन् भन्ने पछिल्लो दृष्टान्त हो, यो स्टाट्स । प्रधानमन्त्री केपी ओलीका विश्वासपात्र बाँस्कोटा सेक्युरिटी प्रेस खरिदमा एजेन्टको चंगुलमा परेको तथ्य सार्वजनिक भएपछि राज्य संयन्त्र सञ्चालनको नियत फेरि एक पटक उदांगिएको छ ।

सुविधाजनक बहुमतसहित ०४८ जेठमा गठन भएको गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकार होस् वा ०७४ फागुनमा बनेको ओली सरकार- एजेन्टकै कारण बदनाम भइरहेका छन् ।

गिरिजाप्रसादले प्रधानमन्त्री भएको दुई वर्ष पुग्दानपुग्दै ०५० मा तत्कालीन शाही नेपाल वायुसेवा निगमका टिकट युरोपभर बेच्न भन्दै भारतीय मूलका बेलायती नागरिक दिनेश धमिजालाई एजेन्ट नियुक्त गरेका थिए । कोइरालाले निगमको अधिकारमाथि हस्तक्षेप गरी बेलायती व्यापारी धमिजालाई एजेन्ट नियुक्त गरेको यो घटना धमिजा काण्डका नामले चर्चित छ । टेन्डर आह्वानै नगरी कोइरालाले आफूखुसी कदम चालेबापत त्यसबेला निगमले ३९ करोड ५५ लाख रुपैयाँ घाटा बेहोर्नु परेको थियो । कोइरालाले धमिजासँग ५५ करोड रुपैयाँमा टिकट बिक्री सम्झौता गरेका थिए ।

जानकारका अनुसारका धमिजालाई युरोपभर एजेन्ट नियुक्त गर्ने नेपाली एजेन्ट भने कोइरालाकै छोरी सुजाता र जर्मन ज्वाइँ नोर्बेट जोस्ट थिए । धमिजाले उनीहरूलाई तारे होटलहरूमा लन्च, डिनर मात्र खुवाएका थिएनन्, मोटै कमिसनको प्रभावमा पनि पारेका थिए । त्यसपछि छोरी सुजाताले बाबुलाई फन्दामा पारेकी थिइन् । कोइरालाले धमिजाजस्ता प्रकरणमा होस् वा नेपाल भित्रने विकास परियोजना । तिनमा एजेन्ट हावी गराएपछि कांग्रेसभित्रैबाट सरकारको विरोध हुन थाल्यो । त्यसमाथि तत्कालीन सार्वजनिक लेखा समितिले प्रश्न उठाएपछि कोइरालाले ०५१ मा प्रधानमन्त्रीबाटै राजीनामा दिएर मध्यावधि निर्वाचन घोषणा गरे ।

ओली सरकार पनि गठन भएको दुई वर्ष पूरा हुँदै गर्दा उनका विश्वासपात्र बाँस्कोटा एजेन्टकै भूमरीमा परेर राजीनामा दिन बाध्य भएका छन् । बाँस्कोटा मातहत मन्त्रालयबाट मात्रै राज्य कोषलाई ४७ अर्ब रुपैयाँ घाटा लाग्दै थियो । सेक्युरिटी प्रेस खरिदमा विजय मिश्र र विकल पौडेल नामका एजेन्टहरूको स्वार्थ र त्यसबाट आउने कमिसनको चक्करमा परेपछि बाँस्कोटाले मन्त्री पद छाड्नुपऱ्यो । बाँस्कोटा एजेन्टको चंगुलमा परेको बाछिटा कति परसम्म जान्छ, त्यो भने देखिन बाँकी छ ।

सेक्युरिटी प्रेस, बोइङ, एयरबसजस्ता ठूला उत्पादन जहाँकहीँ निर्माण हुँदैनन् । त्यसैले सजिलै नपाइने यस्ता कम्पनीहरूले प्रायः देशमा एजेन्ट राखेका हुन्छन् । ती एजेन्टले नेताका दैलो धाएर उनीहरूलाई प्रभावमा पार्छन् । सेक्युरिटी प्रेस खरिद एजेन्टले नेताहरूलाई प्रभावमा पारेको पछिल्लो भइरहेका आयोजना निर्धारित समयमै किन सकिएनन् भनेर हेर्दा पनि देखिन्छ," क्षत्री भन्छन्, "ठेकेदारहरूले सरकारलाई बुझाएको ज्ञापनपत्र र त्यही कारण खरिद ऐनमा चौथो पटकसम्म गरिएको संशोधन हेरे पुग्छ ।"

क्षत्रीका शब्दमा एजेन्टकै कारण विकास आयोजना चैत-वैशाखमा गाउँघरमा दुनोमा बेच्न राखेको काफलसरह भएका छन् । "एजेन्टकै चलखेलले बूढीगण्डकी जलविद्युत् आयोजना कहिले उत्तर फर्किएको छ भने कहिले दक्षिणतिर," क्षत्री थप्छन्, "नेताहरूकै स्वार्थमा एजेन्ट हावी भएका हुन् ।"

०७२/७३ मा ओली मन्त्रिपरिषद्ले

पिच हुँदै गरेको काठमाडौँ चक्रपथ

प्रतिनिधि उदाहरण हो ।

नेपाल राष्ट्र बैंकका गभर्नर एवं राष्ट्रिय योजना आयोगका उपाध्यक्ष भइसकेका दीपेन्द्रबहादुर क्षत्रीका अनुसार कुनै पनि परियोजना त्यस्ता छैनन्, जहाँ एजेन्टले हात नहालेका हुन् । मेलम्ची खानेपानी, चक्रपथ विस्तार आयोजना, बूढीगण्डकी जलविद्युत्, पश्चिम सेती, अरुण तेस्रो, माथिल्लो तामाकोसी, एयरबस, बोइङ, वाइडबडी खरिदलगायत सबै आयोजनामा स्वदेशी तथा विदेशी बिचौलियाको वर्चस्व छ । बिचौलियाहरूको अनुकूल हुने गरी ऐन-कानुन संशोधन भएका छन् । "यसको प्रमाण निर्माण

बूढीगण्डकी जलविद्युत् आयोजना निर्माणको जिम्मा चीनको गेजुवा कम्पनीलाई दिने निर्णय गरेको थियो । बूढीगण्डकी १ हजार २ सय मेगावाट क्षमता (स्टोरेज) को सुक्खा मौसममा पनि उत्तिकै उत्पादन दिने जलाशययुक्त आयोजना हो । यो आयोजना आर्थिक वर्ष ०६९/७० मा सुरु गरी ०७७/७८ मा सम्पन्न गर्ने लक्ष्य थियो । तर एजेन्टहरू हावी हुँदा ०७२/७३ सम्म भारतीय कम्पनी सतलजलाई वा चिनियाँ कम्पनी गेजुवालाई दिने भन्नेमा सरकारले निर्णयसमेत गर्न सकेन । पछि ओली सरकारले गेजुवालाई दिने निर्णय गरेको थियो ।

०७४ जेठमा गठित शेरबहादुर देउवाको

सरकारले चिनियाँ कम्पनी गेजुवालाई नदिने निर्णय गऱ्यो । बूढीगण्डकी आयोजनालाई नै प्रभावमा पार्ने अगुवा एजेन्टहरू ज्ञानेन्द्रलाल प्रधान, दिनेशलाल श्रेष्ठलगायत छन् ।

बूढीगण्डकी आयोजनाको प्रमुख रहिसकेका एक पूर्वसहसचिवका अनुसार ४६ हजार ५ सय रोपनी जग्गाको मुआब्जाबापत २७ अर्ब ५० करोड ३८ लाख रुपैयाँ वितरण भइसकेको छ । आयोजना प्रभावितलाई गोरखा र धादिङ गरी ४४ ठाउँमा स्थानान्तरण गर्ने स्थान पहिचान गरिएको छ । कतिसम्म भने बूढीगण्डकी आयोजना सम्पन्न गर्न सरकारले पेट्रोलियम पदार्थमा लगाएको करबाट मात्र ३० अर्बभन्दा बढी संकलन भइसकेको छ । अर्थमन्त्री युवराज खतिवडाले भर्खरै त्यो करको दर अझै बढाएका छन् ।

अन्तर्राष्ट्रिय कन्सल्ट्यान्ट फ्रान्सको ट्र्याकवेल र नेपालको जादे एन्ड कन्सल्टले विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) तयार गरिसकेका छन् । त्यसका लागि मात्रै उनीहरूसँग ९२ करोडमा सम्झौता भएको थियो । तर युरो दरअनुसार डीपीआर तयार पार्दा मूल्य बढेको छ । आयोजनाको वातावरणीय अध्ययन प्रतिवेदन (ईआए) समेत स्वीकृत भइसकेको छ । पहुँच सडक निर्माण भएको छ । ती सहसचिव भन्छन्, “तर एजेन्टको तानातानले गर्दा आयोजना सुरु हुनै सकेको छैन ।”

लामो समयसम्म बूढीगण्डकीलाई भारत सरकारको सेन्टर वाटर कमिसन (सीडब्लुसी) ले ओगट्यो । भारतीयले अझै पनि चासो देखाइरहेका छन् । २ खर्ब ६० अर्ब रुपैयाँ कुल लागतको आयोजनालाई सरकारले ०८३ सम्म पूरा गर्ने लक्ष्य राखेको छ । तर ठेकेदार कम्पनी टुंगो लगाउन सकेको छैन ।

पश्चिम सेती जलविद्युत् आयोजनाको हालत पनि बूढीगण्डकीको भन्दा झनै बेहाल छ । बझाङ, डडेल्धुरा, डोटी र बैतडीमा निर्माण हुने ७ सय ५० मेगावाटको पश्चिम सेती पनि जलाशययुक्त आयोजना हो । यो आयोजनाको अनुमानित लागत १ खर्ब ४८ अर्ब ७ करोड छ । अस्ट्रेलियाको स्मेक नामक कम्पनीले १५ वर्षभन्दा लामो अवधि पश्चिम सेतीलाई ओगटेर राखिदियो । त्यसपछि एजेन्टको तानातानमा चीनको थ्री गर्जेजलाई दिइएको थियो । यो कम्पनीले ‘फिल्ड’ अध्ययन पनि गऱ्यो । उसले पीपीए (पावर पर्चेज एग्रिमेन्ट) डलरमा गर्नुपर्ने, लगानी र विद्युत् बजारको सुनिश्चितता हुनुपर्ने, प्रभावित क्षेत्रका जनताको पुनर्वास व्यवस्था नेपाल सरकारले नै गर्नुपर्नेजस्ता सर्त अघि साऱ्यो । सरकारले थ्री गर्जेजका सर्त अस्वीकार गरेसँगै कम्पनी स्वदेश फर्कियो । सरकारले पश्चिम सेतीलाई राष्ट्रिय गौरवका आयोजनाभित्र समेटे पनि प्रगति शून्य छ ।

पूर्वसचिव किशोर थापाका अनुसार पहिले एजेन्ट विशुद्ध व्यापारिक घरानाका हुन्थे । आयात/निर्यात गर्दा सम्बन्धित देशका ठूला कम्पनीसँग उनीहरूको चिनापर्ची हुन्थ्यो र एजेन्ट बन्थे । व्यापारिक घरानाका एजेन्ट नाफा मात्र हेर्दैनथे । पेसा/व्यवसायलाई आफ्नो प्रतिष्ठा सम्झिन्थे । पछिल्ला वर्षमा राजनीतिक नेता/कार्यकर्ताहरू नै एजेन्ट बन्न थालेका छन् । उनीहरू अन्तर्राष्ट्रिय कम्पनीहरूलाई उक्साउन र तर्साउन केन्द्रित भएकाले कमिसन चलखेल ठूलो स्तरमा हुन थालेको छ ।

जस्तो, नेकपाका वरिष्ठ नेता झलनाथ खनालका छोरा निर्भीक नै एजेन्ट बनेर भैरहवा विमानस्थल निर्माण गर्न चिनियाँ कम्पनीलाई ल्याएका थिए । अहिले त्यो कम्पनी एक अर्बजति घाटामा छ । त्यसैले निर्माणलाई द्रुत गति दिन सकिरहेको छैन । “दलका नेता/कार्यकर्ता एजेन्ट भएपछि कुनैमा ठूलो मात्रामा कमिसन राखे । कुनैमा कम लागतमा फसाए,” पूर्वसचिव थापा भन्छन्, “एजेन्टले कतिसम्म गर्न थाले भने मेलम्चीको पहिलो चिनियाँ ठेकेदारलाई तत्कालीन राष्ट्रपति



बूढीगण्डकी नदी

रामवरण यादवसँग भेटाउन लगियो, जबकि मलाई जानकारी नै दिइएन । राष्ट्रपति नै भेट्न पाएपछि ठेकेदारले हाम्रो निर्देशन मान्नै छाडे ।"

मेलम्ची खानेपानी आयोजनाको स्थानीय एजेन्टमध्ये एक सुजाता कोइराला थिइन् । एजेन्टहरूले कमिसन बढी तानातान गरेकै कारण मेलम्चीलाई तीन पटक ठेक्का लगाउनु परेको छ । सुजाता, दिव्यमणि राजभण्डारी, दिनेशलाल श्रेष्ठलगायतमार्फत आएको पहिलो ठेकेदार कम्पनी 'रेलवे ब्युरो' ले कामै गरेन । दोस्रो इटालियन सीएमसी आयो । मेलम्ची आयोजना प्रमुख रहेका पूर्वसहसचिव राजनराज पाण्डेका अनुसार मन्त्री, सचिव हुँदै त्योभन्दा तलकासम्मले १३ करोड रुपैयाँको कमिसन 'मलाई कति दिने' भन्दै तानातान गरे । यसै पनि सीएमसी घाटामा गइरहेको थियो । भन्छन्, "१३ करोडको कमिसनले गाल्न थालेपछि काम छाडेर हिँड्यो ।" कम्पनीले दाबी गरेको ३८ करोड दिएर काम लगाएको भए बेलैमा मेलम्ची आयोजना पूरा हुने पाण्डेको बुझाइ छ । थप्छन्, "सीएमसी हिँडेपछि करिब २ अर्ब रुपैयाँ लागत बढ्यो । यसरी लागत बढ्नुमा मन्त्रालयभित्रकै बिचौलियाको भूमिका छ ।"

०५५/५६ बाट सुरु भएको मेलम्ची आयोजनामा २७ अर्ब ९४ करोड खर्च भइसक्यो तर उपत्यकाबासीले पानी पिउन पाएका छैनन् । मेलम्चीबाट सीएमसी हिँडेपछि खानेपानीमन्त्री बिना मगर र तत्कालीन सचिव गजेन्द्र ठाकुरबीच सार्वजनिक रूपमै भएको भनाभनले पनि उनीहरू स्वयं नै एजेन्टको प्रभावमा थिए भन्ने खुल्छ ।

सबैतिर उस्तै : पछिल्ला दिनमा सरकारले सरकार-सरकार (जीटुजी) मार्फत खरिद गर्दा सहज हुने भन्दै नयाँ प्रक्रिया अघि सारेको छ । बाँस्कोटाले पनि १ खर्ब लागतका सबै आयोजना जीटुजीमार्फत नै खरिद गर्ने भन्दै आएका थिए । पूर्वसचिव भीमप्रसाद उपाध्यायका अनुसार जीटुजी भनिए पनि भारत र चीनबाहेकका देशबाट उत्पादन हुने गुणस्तरीय सामग्री नेपाल सरकारले एजेन्टमार्फत नै खरिद गर्नुपर्छ ।

जस्तो, फ्रान्सबाट सुरक्षण प्रेस ल्याउनु छ भने त्यो त्यहाँको सरकारले उत्पादन गरेको नभई निजी कम्पनीले निर्माण गरेको हो । त्यसैले त्यहाँको सरकारका प्रतिनिधिले

'नेतृत्व चनाखो नभए बिचौलियाले घुमाइहाल्छन्'

आर्थिक क्रान्तिको कुरा जनताले सुनेको वर्षौं भइसक्यो, विकास किन नभएको ?

राजनीतिक क्रान्तिको एउटा सापेक्षित पूर्णतापछि आर्थिक क्रान्तिको नेतृत्व जसले राजनीतिक क्रान्ति गर्‍यो, त्यसले नै गर्नुपर्छ । त्यसो भयो भने मात्र आर्थिक क्रान्ति अघि बढ्छ । नेपालको विडम्बना के भयो भने जो राजनीतिक क्रान्तिका विरोधी थिए, प्रकारान्तरले सत्ताको नेतृत्वमा तिनै पुगे । त्यही कारण उनीहरूले आर्थिक क्रान्तिलाई अघि बढाउन सकेनन् ।

विकासमा एजेन्टहरूको प्रभाव देखिन्छ नि ?

राजनीतिक नेतृत्वको एउटा दृष्टिकोण र योजना हुन्छ । अहिलेको पुँजीवादी राष्ट्रिय/अन्तर्राष्ट्रिय विश्वमा व्यावसायिक पुँजी र प्रविधिको सम्बन्ध हुन्छ । त्यसको समुचित विकासको नीति बनाएर लिएर जाने हो । त्यस क्रममा पुँजीवादी अर्थव्यवस्थामा स्वतः आ-आफ्ना पक्षका एजेन्ट वा दलाल, तिनका प्रतिनिधिले प्रभाव पार्ने कोसिस त गरिहाल्छन् । राजनीतिक नेतृत्वमा दृष्टिकोण, इच्छाशक्ति र देशप्रतिको प्रतिबद्धता भयो भने उसले यी सबै खालका दबाब झेलेर अघि जान सक्छ । तर जुन राजनीतिक नेतृत्वको दृष्टिकोण, आधारभूत इमानदारी अनि देश र समाजप्रति प्रतिबद्धता छैन, त्यसले तिनै कमिसनखोरहरूको एउटा हिस्सा प्राप्त गर्ने, निजी वा दलगत, गुटगत लाभ लिने र राष्ट्रिय हितलाई विदेशीको हितमा बेचिदिने गर्छन् । यस्तो अवस्था नेपालमा लामो समयदेखि चलेको हो ।

अहिलेको सरकार वस्तुतः हिजोको एमालेको सरकार हो । एमालेभित्र पनि चरम अनुदारवादी पक्षका नेता केपी ओलीको सरकार हो । प्रचण्डजी त सत्ताको लोभमा त्यहाँ मिसिएर फेरि सत्तामा पुग्छु कि भनेर जानुभएको हो । त्यसैले यो एउटा प्रतिगमनकारी सरकार हो । यो सरकारले क्रान्ति र परिवर्तनका एजेन्डालाई नै परित्याग गरेकाले देशले फेरि एजेन्टहरूकै हालीमुहाली हुने दुर्दशा बेहोरेको हो ।

तपाईं प्रधानमन्त्री छँदा सडक विस्तार क्रममा चाहिं प्रलोभन आएन ?

म समग्र सहरको योजना गर्ने र राष्ट्रिय राजधानी सहरलाई व्यवस्थित ढंगले अघि बढाउनुपर्छ भन्ने मान्यताअन्तर्गत अघि बढेको थिएँ । यस क्रममा जो निहित स्वार्थी तत्त्व हुन्छन्, जसलाई समाज र राष्ट्रिय हितभन्दा आफ्नो निजी स्वार्थ प्यारो लाग्छ, तिनीहरूको दबाब जहिले पनि आउँछ । मलाई पनि आए । दबाब र प्रलोभनमा नपरी सडक विस्तार गर्ने कामलाई सम्पन्न गरें ।

राष्ट्रिय गौरवका आयोजनाहरूमा एजेन्ट हावी भएका छन् कि छैनन् ?

एजेन्टलाई मात्र प्राथमिकता दिनु

रवि मानन्धर

बाबुराम भट्टराई, पूर्वप्रधानमन्त्री

उपयुक्त होइन। मुख्यतः राजनीतिक नेतृत्वमा दूरदृष्टि, ज्ञान र प्रतिबद्धता अभाव भएपछि एजेन्टले घुमाउनु ठूलो कुरै होइन । मैले ठूला र राष्ट्रिय गौरवका आयोजनामा किन जोड दिएको हो भने कृषिप्रधान अर्थतन्त्रलाई औद्योगिक अर्थतन्त्रमा रूपान्तरण गर्ने जुन ऐतिहासिक चरण हुन्छ, त्यस्तो बेला सडक, बिजुली, हवाई यातायात, सिँचाइलगायत ठूल्ठूला पूर्वाधार निर्माण गरेर मात्र देशको औद्योगिकीकरण हुन्छ। बेलायत, रुस, अमेरिका, चीन त्यसरी नै विकास भएका हुन्। त्यही बुझेर नै मैले १७ वटा पूर्वाधार योजनालाई राष्ट्रिय गौरवका आयोजना भनेको हुँ। यस्ता गौरवका आयोजना एजेन्टको चलखेल हुने विदेशीहरूलाई दिने नै होइन।

राष्ट्रले आफ्नै पुँजी प्रविधि परिचालन गर्ने र नपुगचाहिँ विदेशबाट सहुलियतपूर्ण ऋण लिने, बरु प्राविधिज्ञ ल्याएर आफैँले निर्माण गर्नुपर्छ। त्यसो भए आफ्नो जनशक्ति र क्षमताको विकास पनि हुन्छ । पुँजीको सदुपयोग पनि ठीक ढंगले गर्न सकिन्छ। त्यस ढंगले सम्पन्न गर्न राष्ट्रिय गौरवका आयोजना भनिएको हो। तर मपछिको सरकारले राष्ट्रिय

> कमिसनखोर, कर्मचारीतन्त्र र भ्रष्ट राजनीतिक नेतृत्व गरी तीन थरीको मिलेमतोमा देशमा लुटतन्त्र चलिरहेको छ ।

गौरवका आयोजनालाई खाली कमिसन खाने भाँडो र आफ्ना आसेपासेलाई पोस्ने माध्यम बनाए । यस कारण एजेन्ट हावी भएका हुन्। त्यसैले मुख्य समस्या भनेको दृष्टिकोण, प्रतिबद्धता र इमानदारीको हो।

एजेन्ट हावी हुने समस्या कहिलेसम्म रहला ?

क्रान्तिकारी परिवर्तनपछि विकास र समृद्धिप्रति स्पष्ट दूरदृष्टि, इमानदारी र इच्छाशक्ति भएका मान्छेको हातमा नेतृत्व हुनुपर्थ्यो । तर त्यसो हुन सकेन । विकास निर्माणका लागि प्रशासनिक संरचनाको आवश्यक पुनर्संरचना पनि हुन सकेन। यस कारण विकास गोलचक्करमा फसिरहेको छ। कमिसनखोर, कर्मचारीतन्त्र र भ्रष्ट राजनीतिक नेतृत्व गरी तीन थरीको मिलेमतोमा देशमा लुटतन्त्र चलिरहेको छ।

बिचौलिया र दलाल हावी हुन नदिन के गर्नुपर्ला ?

राजनीतिक नेतृत्वको इच्छाशक्ति मुख्य हो । यसबाहेक शासकीय स्वरूपमा प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणाली भइदिएको भए ३ करोड जनताले नै चुनेर राम्रो मान्छे त्यहाँ पुऱ्याउने थिए । उसले विकास गर्ने थियो । अहिले १ लाख जनसंख्या भएको स्थानमा ५०/६० हजार मतदाता हुन्छ । त्यसमा २०/२५ हजार मत ल्याउने मान्छेले जित्छ । अनि त्यसले अरू सांसद किनेर सत्तामा पुग्छ । यस्ता मान्छेबाट सही नेतृत्व र विकास हुन सक्दैन। हामीसँग सही नेतृत्व छनोट गर्ने शासकीय स्वरूपको विधि पनि भएन । यसर्थ प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणालीमा नजाउन्जेल सय प्रतिशत विश्वस्त भएर म फेरि पनि भन्छु, यो देशको विकास हुँदैन। बिचौलिया र दलाल हावी भइरहनेछन्। ने

नेपाल सरकारका प्रतिनिधिलाई प्रेस उत्पादन कम्पनीसँग सम्पर्क गराइदिने मात्र हुन् । “एजेन्टको काम कम्पनीले तोकेको व्यक्तिले नै गर्ने हुन् । एजेन्टले नै नेताहरूलाई त्यो देश घुमाएर, घरघर धाएर भए पनि प्रभावमा पार्छन्,” उपाध्याय भन्छन्, “यहाँ हाम्रो सरकारले त्यहाँको कम्पनीसँग सीधै खरिद गर्न सक्छ । तर पछि त्यो कमसल ठहरिए त्यहाँको सरकार जिम्मेवार हुनु पर्दैन ।” जीटुजी नै भए पनि इन्टरनेसनल कम्पिटिटिभ बिड्स (आईसीबी) गरिए एजेन्टहरू धेरै हावी हुन पाउँदैनन् ।

कमिसनका लागि एजेन्ट हावी गराउन सरकारले आईसीबी गर्नु जरुरी ठानेको छैन । भ्रष्टाचार निवारण ऐनअनुसार सामान खरिद जीटुजीमार्फत नै गरे पनि राष्ट्रसेवकले कमिसन लिन पाउँदैनन् । त्यसैले मन्त्रीहरूले एजेन्ट परिचालन गरी ‘कमिसन’ बुझ्ने गरेको भुक्तभोगीहरूको अनुमान छ ।

सेक्युरिटी प्रेस वा आधुनिक हतियार खरिद गर्दा नै, नेपालको सरकारी संयन्त्रभित्र मजबुत जाँच गर्ने दक्ष जनशक्ति नै छैन । त्यसैले एजेन्टले सरकारी वा निजी क्षेत्रका जोकोहीलाई गोलमाल पारिदिन्छन् । एजेन्टले कारोबार गर्ने कम्पनीका प्रतिनिधिसँग नेताहरूका घरघरै पुगेर बलियो सम्बन्ध मात्र बनाउँदैनन्, योभन्दा राम्रो सामान अन्यत्र पाइँदैन भन्ने भ्रम पनि स्थापित गराइदिन्छन् ।

द्वन्द्वकालमा भारतबाट खरिद गरिएको इन्सास राइफल त्यसैको एउटा दृष्टान्त हो । नेपाली सेनालाई आधुनिक हतियार किनिएको थियो, त्यसबेला । गलिल, एम १६, इन्सासलगायत हतियार हेरिएकामा एजेन्ट भूषण राणा र रोहिणी थपलियाले भारतीय हतियार इन्सास खरिद गर्न सरकार/सेनालाई बाध्य बनाए । राणा तत्कालीन प्रधानमन्त्री देउवाकै साला हुन् । इन्सास हतियार यति कमसल दरियो कि त्यसैका कारण आफूहरूले धेरै क्षति बेहोर्नु परेको निष्कर्ष सेनाले निकालेको थियो । एक पूर्वरक्षासचिव भन्छन्, “एजेन्टले त्यसबेला फसाउनुसम्म फसाएका थिए ।”

खानेपानी मन्त्रालयबाट भर्खरै अवकाश प्राप्त सहसचिव नन्द बन्जाडेका अनुसार खोलाको पानी तानेर सिञ्चित गर्ने पम्पमा समेत एजेन्टहरूको वर्चस्व हुन्छ । एजेन्टकै कारण यसबेला पम्पमा भारतीय कम्पनी

> विकासमा हामी चुकेकै एजेन्टहरूको बाहुल्यले गर्दा नै हो । एजेन्टको प्रभाव हटाउन सरकार एनसीबी र आईसीबीमा जानुको विकल्प छैन ।
>
> **– भोजराज पोखरेल**
> पूर्वसचिव

केएसबीको वर्चस्व छ । त्यसका नेपाल एजेन्ट इन्जिनियर दीपेन्द्र श्रेष्ठ छन् । कम्पनीले आफ्ना उत्पादन बेच्न मूल्य र त्यसको क्षमतासमेत तोकेको हुन्छ ।

मन्त्रालय, विभाग र जिल्ला-जिल्ला फैलिएका एजेन्टहरूले कमिसन थपेर खरिद गर्छन् । “एउटै कम्पनी, उही क्षमताको पम्पको मूल्यसूची एउटै हुनुपर्ने हो,” बन्जाडे भन्छन्, “तर एजेन्ट र कर्मचारीको मिलेमतोमा फरक-फरक मूल्यमा खरिद गरिन्छ ।”

बोइङ र एयरबस खरिदका चर्चित घोटाला ‘लाउडा, चेज एयर, चाइना साउथवेस्ट, एयरबस र वाइडबडी सबैमा एजेन्टहरूकै भूमिका थियो । पर्यटन मन्त्रालयसमेत सम्हालेका पूर्वसचिव थापाका अनुसार ०६६ मा नेपाल वायुसेवा निगमले जहाज खरिद गर्न लागेको थियो । त्यसबेला बोइङका लागि दिनेशलाल श्रेष्ठ र एयरबसका निम्ति भारतीय एजेन्टहरूबीचमै टकराव परेको थियो । अन्त्यमा श्रेष्ठको दबाबमा नपरी निगमले एयरबस ल्याएको थियो ।

पछि एउटा न्यारोबडी र अर्को वाइडबडी एयरबस विमान खरिद गर्दा निगमका तत्कालीन कार्यकारी अध्यक्ष सुगतरत्न कंसाकार, नायब महाप्रबन्धकद्वय राजकुमार केसी र गणेश ठाकुरले सञ्चालक समितिको निर्णय र आवश्यक रकमको जोहो नहुँदै बैना पठाएर भ्रष्टाचार गरेको भन्दै अदालतमा मुद्दा पर्‍यो । उनीहरू थुनामा परे । मुद्दा परेपछि २८ माघ ०६७ मा एयरबसले बैना फिर्ता गर्‍यो । यसपछि कंसाकार, केसी र ठाकुर सफाइ पाएर जेलमुक्त भए । थापा सम्झन्छन्, “त्यसबेला बोइङ पक्षधरका एजेन्टहरूले डुबाउन खोजेका थिए ।”

अर्का पूर्वसचिव तुलसीप्रसाद सिटौलाका अनुसार पछिल्लो पटक जीटुजीका नाममा एजेन्ट घुसाउने प्रक्रिया झनै बढेको छ । उनको भनाइमा एजेन्टकै कारण भ्रष्टाचारले वैधानिकता पाउन थालेको हो । तत्कालीन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले छापेको स्मार्ट लाइसेन्समा समेत एजेन्टहरूको ठूलै चलखेल भएको थियो । त्यसमध्ये अगुवा एजेन्ट कांग्रेस नेता तथा पूर्वमन्त्री गोविन्दविक्रम शाहका भाइ थिए । इम्बोस्ड नम्बर प्लेटमा रोहिणी थपलियाका ज्वाइँ एजेन्ट बनेर आएका थिए । “पहिलो, एजेन्टले उचित मूल्यमा काम हुन दिँदैनन्,” सिटौलाको कथन छ, “दोस्रो, आफू अनुकूल काम हुन नपाएपछि अड्डा अदालतमा लगेर अड्काइदिन्छन् ।”

जानकारका अनुसार एजेन्टहरूले कमिसनको प्रलोभनमा पारेकै कारण सरकारले उपत्यकामा ठूल्ठूला गाडी खरिद गर्नुको साटो मेट्रो रेल, मोनो रेललाई राष्ट्रिय गौरवका आयोजनाभित्र पारेको छ । जबकि उपत्यकाको आवश्यकता मोनो रेल हुँदै होइन । माथिल्लो कर्णाली, अरुण तेस्रो पनि एजेन्टकै कारण वर्षौंदेखि अलपत्र छन् ।

०५१ मै विश्व बैंकको लगानीमा अरुण तेस्रो निर्माण हुन लागेको थियो । तर त्यसको विरोधमा उत्रिएका गोपाल शिवाकोटी चिन्तनलगायतको प्रभावमा परेर एमालेका तत्कालीन महासचिव माधव नेपालले विश्व बैंकलाई पत्र लेखेपछि ९ सय मेगावाटको आयोजना अलपत्र पर्‍यो । अहिले भारतको सतलज कम्पनीले अरुण तेस्रोमा काम गरिरहेको छ । यसका लागि पनि एजेन्टहरूले ठूलै खेल खेलेका थिए ।

सांसद पशुपति चौलागाईंका अनुसार दोलखामा निर्माणाधीन माथिल्लो तामाकोसी आयोजनामा पनि एजेन्टहरूले चलखेल गरेका थिए । सुरुमा आयोजनाको चर्को विरोध गरेका तत्कालीन अर्थमन्त्री तथा कांग्रेस नेता रामशरण महतले माथिल्लो तामाकोसी चिनियाँलाई सुम्पन चलखेल गरे पनि त्यसमा सफल भएनन् । त्यसपछि

चिनियाँको त्यो टोली प्युठानको मादीमा निर्माण भइरहेको सानो आयोजनामा गयो । “आयोजना आफ्नो पोल्टामा पार्न एजेन्टहरूले ठूलो चलखेल गर्छन्,” चौलागाईं भन्छन्, “एजेन्टहरूले प्रभाव पार्ने कोसिस नगरेको भए माथिल्लो तामाकोसी निर्माण पर धकेलिने थिएन ।”

एजेन्टहरूको तानातानमा काठमाडौं/तराई मधेस द्रुत मार्ग (फास्ट ट्र्याक) वर्षौं विलम्ब भयो । कतिसम्म भने द्रुत मार्ग आफूहरूले निर्माण गर्ने भन्दै नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष चण्डीराज ढकालहरू मैदानमै खटिएका थिए । उनीहरूकै कारण करिब पाँच वर्ष आयोजना अन्योलमा पर्‍यो ।

सुरुमा द्रुत मार्गको डीपीआर भारतीय कम्पनी इन्फ्रास्ट्रक्चर लिजिङ एन्ड फाइनान्सियल सर्भिसेस (आईएलएण्डएफएस) ले बनाएको थियो । ०७४ बाट सरकारले द्रुत मार्ग निर्माण जिम्मा नेपाली सेनालाई दिएपछि आईएलएण्डएफएसले करिब ४० करोड रुपैयाँमा डीपीआर बेच्न चाहेको थियो । मूल्यमा सहमति हुन नसकेपछि नेपाली सेनाले ०७५ असोजमा दक्षिण कोरियाको सुसुङ इन्जिनियरिङलाई परामर्शदाता कम्पनी छनोट गरी डीपीआर तयार गर्न लगाएको थियो । त्यसमा पनि एजेन्टहरूले ठूलो दौडधुप गरेका थिए । सेनाले आईसीबी आह्वान गर्‍यो । त्यसमा नेपालीसहित १६ वटा कम्पनीले आवेदन दिएका थिए । सर्टलिस्टमा परेका ६ मध्ये कोरियन कम्पनी उत्कृष्ट ठहरियो । उसले १० करोड १३ लाख रुपैयाँ लागतमा डीपीआर तयार पार्‍यो । सोही कारण राज्य कोषमा करिब ३० करोड रुकम जोगियो ।

“डीपीआर हामी बनाउँछौं भन्दै दिनहुँजसो एजेन्टहरू भद्रकाली मुख्यालय धाउँथे । त्यसरी आउनेमा मन्त्री परिवारका सदस्यहरूसमेत थिए,” डीपीआरबारे जानकार एक महासेनानी भन्छन्, “हामी आईसीबी आह्वानमा गएपछि एजेन्ट पछि हटे । उनीहरू अझै पनि अनेक बहानामा दुःख दिइरहेका छन् ।”

पूर्वसचिव भोजराज पोखरेलको अनुभवमा दाताहरूले गर्ने सहयोगमा समेत एजेन्टको भूमिका भर पर्छ । स्वास्थ्य, शिक्षा, सडक, खानेपानीका एजेन्टले प्रभाव पारे दाताले त्यही क्षेत्रमा सहयोग दिन्छन् । पोखरेल भन्छन्, “विकासमा हामी चुकेकै एजेन्टहरूको बाहुल्यले गर्दा नै हो । एजेन्टको प्रभाव हटाउन सरकार एनसीबी र आईसीबीमा जानुको विकल्प छैन ।” ने

अरुण तेस्रो

माथिल्लो तामाकोसी

एजेन्टकै चलखेलले बूढीगण्डकी जलविद्युत् आयोजना कहिले उत्तर फर्किएको छ भने कहिले दक्षिणतिर । नेताहरूकै स्वार्थमा एजेन्ट हावी भएका हुन् ।

– दीपेन्द्रबहादुर क्षत्री
पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग

वन्यजन्तु आखेटोपहार
तस्करीको विश्व-स

सञ्जालमा नेपाल

२७ खर्ब ३८ अर्ब बराबरको अवैध कारोबार

योगेश ढकाल

२० फागुन ०७६ को मध्याह्न सञ्चमान तामाङ जोरपाटीको बसपार्क छेउछाउ टहलिँदै थिए। कोही कसैको खोजीमा झैँ देखिने तामाङ ४/५ दिनदेखि चनाखो भएरै त्यतातिर नयाँ काम सल्टाउने प्रयासमा देखिन्थे। अर्थात्, ७ वर्षदेखि जोरपाटीकै एक खाजाघरका कामदार तामाङ हेलम्बु (सिन्धुपाल्चोक) बाट पछिल्लो पटक काठमाडौँ आएको ५/७ दिन मात्रै भएको थियो। हेलम्बुबाट आएसँगै उनका गतिविधि फेरिएका थिए। भेटघाट र गफगाफ पनि भिन्न थियो।

त्यही मौकामा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) कहाँ एउटा सूचना चुहियो, हेलम्बुबाट सालकको खपटा काठमाडौँ भित्रिएको छ। त्यही सूचनाका आधारमा खोजबिन गर्दा तामाङ जोरपाटीको बसपार्कबाट पक्राउ परे, २० फागुनमा।

सीआईबीका वन्यजन्तु तस्करी नियन्त्रण पोलका डीएसपी महेन्द्र खड्काले जानकारी दिए, 'तामाङको साथबाट ४ किलो ८ सय ग्राम सालकको खपटा भेटियो, थप अनुसन्धान भइरहेको छ।'

सालकको खपटा अन्तर्राष्ट्रिय बजारमा महँगोमा बिक्री हुन्छ भन्ने थाहा पाएका तामाङले कसका निम्ति र कति मूल्य पाउन हेलम्बुबाट ल्याएका थिए भन्ने अनुसन्धानबाट खुलिसकेको छैन। वन्यजन्तुको आखेटोपहारको कारोबार नै अवैध भएकाले निर्धारित वा एकनासे हुँदैन। उपभोगकर्ताको माग, सुरक्षामा देखिएको कडाइ र उपलब्धताको आधारमा मूल्य घटबढ भइरहेको हुन्छ।

नेपाली बजारमा चलेको अनौपचारिक मूल्यलाई आधार मान्दा तामाङसँग करिब २ लाख रुपैयाँ बराबरको सालकको खपटा थियो। त्यो कतातिर निकासी हुँदै थियो भन्ने अझै खुलिसकेको छैन।

काठमाडौँको जोरपाटीमा तामाङ पक्राउ परेको एक महिनाअघि पश्चिम नेपालमा तीन जना पक्राउ परेका थिए, बाघको छालासँगै। २७ माघ ०७६ मा दाङको तुलसीपुर बसपार्कबाट सल्यानका यामबहादुर राना, सुरनित रामजा बुढा र रमित सुनारको साथबाट पाटेबाघको छाला बरामद भयो। बाघको छालासहित केही व्यक्ति ग्राहकको खोजीमा छन् भन्ने सूचना सीआईबीमा ५ महिनापहिला नै आइसकेको थियो। त्यही सूचनाका आधारमा सीआईबी सक्रिय थियो।

यसरी ५ महिनाको सक्रियतामा बाघको छालासहित तीन जना पक्राउ परे तर उनीहरूसँग सम्बद्ध अन्य व्यक्ति फरार भए। उनीहरूको सम्पर्क, संवाद र कारोबारको प्रयासमाथि अनुसन्धान भइरहेको छ। उनीहरूको साथमा भएको बाघको छाला बाँके राष्ट्रिय निकुञ्जमा रहेका बाघको फोटो दाँज्दा त्यहीँको हो भन्ने पुष्टि भयो तर कहाँ मारियो र कहाँ बेच्न खोजिँदै छ भन्ने खुलेको छैन।

एक महिनाको अन्तरमा देखिएका दुई

आवरणसहित तस्बिरहरू : केन्द्रीय अनुसन्धान ब्युरो

दाङको तुलसीपुरमा बरामद बाघको छालाको नाप लिँदै सुरक्षाकर्मी, २७ माघ ०७६

घटना वन्यजन्तुको आखेटोपहार तस्करी जालोसँग नेपाली जोडिएका दुई तथ्य मात्रै हुन्। नेपालमा हुने तस्करीको तार चीन, भियतनाम, भारत, टर्की मात्र होइन, अफ्रिकासम्म जोडिन्छ। संगठित अपराधका रूपमा रहेको वन्यजन्तु तस्करी किन हुन्छ ? यो खासमा केही व्यापारिक घरानाका व्यक्तिको सोख मात्र होइन, मेडिकल प्रयोजनमा समेत प्रयोग गरिने हुँदा निरन्तर अवैध तस्करीलाई बढोत्तरी दिन्छ ।

'हनोईको सर्वाधिक महँगो रेस्टुराँमा भियतनामी व्यापारीको एउटा समूह आफ्ना अमेरिकी नयाँ साझेदारसँग उत्सव मनाउन भेला भएको छ। कसैले 'टोस्ट' प्रस्ताव गर्छ। उनीहरू आ-आफ्ना महँगो स्कचले भरिएका ग्लास उठाउँछन् । त्यहाँ पाउडर छरिएको हुन्छ। त्यो सुनको पाउडर होइन, न त शुद्ध कोकिन नै । बिरलै पाइने यो पाउडर निकै महँगो पर्छ। खासमा यो सेतो गैँडाको खाग (सिङ) को पाउडर हो ।'

भुइँतहबाट कल्पनासमेत गर्न नसकिने भोजको यस्तो दृश्य अनौठो र महँगो होइन, भियतनामका लागि । नैरोबीको आगा खाँ विश्वविद्यालयका मिसेल मायरले यी प्रसंग उधिनिरहेका बेला हरेक ८ घन्टामा एउटा गैँडा मारिन्थ्यो, खागका लागि। दाह्राका लागि हरेक ३० मिनेटमा एउटा हात्ती मार्थे, तस्करले । त्यही हविगत थियो, दुर्लभ सालकको पनि । प्रत्येक ५ मिनेटमा एउटा सालकले ज्यान गुमाइरहेको थियो, खपटाका लागि। सातामा २ वटा बाघले ज्यान गुमाउनुपर्थ्यो ।



वन्यजन्तु ओसारपसारमा संलग्न कालु मनाङे

मायरले ४ वर्षअघि भियतनामी सानसौकत र औकात दर्शाउनभन्दा बढी वन्यजन्तुका अंग किन तस्करी हुन्छ र त्यसको उपभोगकर्ता को हुन् भन्ने देखाउन *प्रोजेक्ट सिन्डिकेटमा* लेखे । २७ मार्च २०१९ को भियतनामकै घटनाले आङ सिरिंगै पार्छ । त्यस दिन भियतनामको भन्सारले ९ टनभन्दा बढी हात्तीका दाह्रा बरामद गर्‍यो । अवैध रूपमा ओसारपसार हुने वन्यजन्तुका अंग एकै पटक बरामद भएका घटनामध्ये यो ठूलो परिमाणको थियो ।

विभिन्न अन्तर्राष्ट्रिय प्रतिवेदन तथा संरक्षणकर्मीका अनुसार एक दशक (२००८-२०१८) मा भियतनाम र आसपासमा मात्रै ७६ टन हात्तीका दाह्रा बरामद भएका थिए। ७६ टन हात्तीका दाह्राका लागि कम्तीमा ११ हजार ४ सय १४ वटा हात्तीको हत्या हुनुपर्छ। खासमा एसिया वन्यजन्तुको आखेटोपहारको उपभोगकर्ता हो। त्यसमा पनि चीन सर्वाधिक उपभोगकर्ता। त्यससँगै भियतनामको पनि नाम जोडिन्छ। ती देशको निर्यातकर्ता अफ्रिका हो। वन्यजन्तुको छाला, दाँत, मासु र अण्डकोष विशेषगरी चीन र गैँडाको खागमध्ये ८० प्रतिशतभन्दा बढी भियतनाममा खपत हुन्छ।

५ दशकअघि मात्रै अफ्रिकामा ठूलो संख्यामा रहेका सेतो गैँडा अब नामिबिया र केन्यामा करिब २५ हजार मात्रै छन् । ५० वर्षअघि करिब २ करोडको संख्यामा रहेका हात्ती अहिले ४ लाख ७० हजार हाराहारी छन्। अझ बाघको संख्या ४ हजारभन्दा कममा झरिसकेको छ। सेभ द राइनो इन्टरनेसनलको प्रतिवेदनलाई आधार मान्ने हो भने गत वर्ष मात्रै दक्षिण अफ्रिकामा अवैध सिकारीले १ हजार २ सय १५ गैँडा मारेका थिए। जबकि सन् २००७ मा जम्माजम्मी १३ वटा मात्रै मारिएका थिए।

विश्व वन्यजन्तु कोष नेपालका सिनियर म्यानेजर माधव खड्का पनि वन्यजन्तु तस्करीको अन्तर्राष्ट्रिय बजारमा कमी नआएको स्वीकार्छन्। "नेपालमा सिकार शून्य वर्ष मनाइरहेका बेला अफ्रिकामा गैँडा मरिरहेकै हुन्छन्," खड्का भन्छन्।

संरक्षणकर्मीकै साँठगाँठ : २७ मार्च २०१९ मा भियतनाममा बरामद ९ टन हात्तीको दाह्राको बजार मूल्य सालाखाला ४० लाख डलर अनुमान गरिएको थियो। हात्तीको दाह्रा





स्रोत : केन्द्रीय अनुसन्धान ब्यूरो



सालकको खपटासहित
काठमाडौँको जोरपाटीमा पक्राउ परेका
सञ्चमान तामाङ, २० फागुन ०७६

एसियाली बजारमा प्रतिपाउन्ड करिब १ हजार ५ सय डलरमा किनबेच हुन्छ । र, गैँडाको खाग प्रतिपाउन्ड ४५ हजार डलरभन्दा बढी पर्छ । वाइल्डलाइफ ट्रेड मनिटरिङ नेटवर्कका अनुसार गैँडाको खाग प्रतिकेजी १ लाख डलरसम्म पर्छ, जबकि सन् १९९० मा साढे २ सय डलर थियो । तस्करहरूले अफ्रिकाको एउटा हात्ती एसियाली मुलुकमा ल्याइपुऱ्याउँदा २१ हजार डलरसम्म आम्दानी गर्छन् । अवैध व्यापारको आम्दानी र अर्थतन्त्र देखाउन यी तथ्यांक नै काफी छन् ।

विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थाहरूको अध्ययनमा वन्यजन्तुको आखेटोपहारको अवैध ओसारपसार तथा कारोबारको अर्थतन्त्र वर्षमा कम्तीमा २३ विलियन अमेरिकी डलर अर्थात् २७ खर्ब ३८ अर्ब रुपैयाँ बराबरको हुन्छ । यो रकम भनेको नेपालको वार्षिक बजेटको झन्डै दोब्बर हो । जुओलोजिकल सोसाइटी अफ लन्डनका नेपाल प्रतिनिधि हेमसागर बरालको भनाइमा वन्यजन्तुको आखेटोपहार ओसारपसार र कारोबार विश्वको चौथो ठूलो अपराधमा पर्छ । "लागूऔषध, हातहतियारपछि वन्यजन्तुको आखेटोपहार ओसारपसारको कारोबार हुन्छ," बराल भन्छन्, "यसमा नेपाल पनि ट्रान्जिटको रूपमा देखिन्छ ।" सालकको खपटा, बाघको छाला, कस्तुरीको बिना, भालुको पित्त मात्र होइन, पछिल्ला दिनमा चिरुको रौँदेखि चिम्पान्जीसम्मको व्यापार नेपालबाट हुने गरेको तथ्य छ । नेपालबाट चीन र भारतमा निकासी त हुन्छ नै, टर्कीबाट समेत नेपालमा आउँछ ।

संस्थागत अपराधमा विकसित तस्करीले अत्याधुनिक हतियार मात्र होइन, हेलिकप्टरको समेत प्रयोग गर्न थालेका छन् । विगतका दशकको जस्तो स्थानीय हतियारको प्रयोगले वन्यजन्तुको सिकारशैलीमा परिवर्तन भएको छ । यसमा तस्कर र सरकारी अधिकारी मात्र होइन, संरक्षणकर्मीकै समेत साँठगाँठ देखिन्छ ।

तस्करले खासगरी स्थानीयलाई प्रयोग गर्छन् । यसका लागि राजकुमार प्रजाको उदाहरण पर्याप्त छ । चितवन राष्ट्रिय निकुञ्जका वन्यजन्तुबारे मसिनो गरी जानकार प्रजालाई प्रयोग गरेर गैँडाको हत्या गरिन्थ्यो र ती गैँडाको खाग तस्करी हुन्थे ।

१६ माघ ०७१ मा प्रजा मलेसियामा पक्राउ पर्दा नेपालका संरक्षणकर्मीले ठूलो सफलता मानेका थिए । त्यस्तै सफलता कालु मनाङे पक्राउ पर्दा जुटेको थियो । कोषका माधव खड्का भन्छन्, "तस्करीमा संलग्नमध्ये ठूला उदाहरणमा कालु मनाङे र राजकुमार प्रजा नै हुन् ।" खासगरी वन्यजन्तुका आखेटोपहार आम्ची (तिब्बती डाक्टर) ले परम्परागत औषधी बनाउन प्रयोग गर्छन् । त्यसलाई चीन सरकारले मान्यता दिएकाले पनि तस्करीमा बढोत्तरी भएको हो ।

गैँडाको खाग मुख्यगरी ज्वरो नियन्त्रण तथा विषाक्त खानाका कारण आउने समस्याका लागि प्रयोग गरिन्छ । कतिपय अवस्थामा यौनोत्तेजनाका लागि पनि प्रयोग गर्छन् । बाघको अधिकांश अंग प्रयोगमा आउँछ । वाइन बनाउन पनि हड्डीको उपयोग हुन्छ ।

परम्परागत औषधीको प्रयोजनमा वन्यजन्तुका आखेटोपहारको अवैध ओसारपसार अदृश्य बाटोबाट वैध अर्थतन्त्रमा जोडिएको देखिन्छ । यही मूल्यांकनले हुन सक्छ, चार महिनाअघि वुहानबाट फैलिएको कोरोना भाइरसका कारण चीनले अस्थायी रूपमा वन्यजन्तुका आखेटोपहार आयातमा प्रतिबन्ध लगाएको छ । वन्यजन्तुको आखेटोपहारको ओसारपसार र कारोबारको जालो अपराधका अन्य माध्यममा पनि प्रयोग हुन्छ । वन्यजन्तु तस्करीको आम्दानी हातहतियार ओसारपसारमा पनि प्रयोग भइरहेको हुन्छ । अपराधले जेलिएको अर्थतन्त्र चक्रमा विश्व वन्यजन्तु कोष नेपालका वरिष्ठ म्यानेजर खड्का सहमत छन् । भन्छन्,

अवैध ओसारपसारमा कति अप्रेसन

वन्यजन्तु	संख्या
रेडपान्डा	३१
चितुवा	४७
ध्वाँसे चितुवा	१०
हिउँचितुवा	१
सालक	३५
भालु	१५
कस्तुरी मृग	१८
गैँडा	२३
बाघ	१३
हात्ती	९
ओँत	३
चिरू	२
कछुवा	८
हुचिल	८
जरायो	१
चराचुरुंगी	९
अजिंगर	४
मलसाप्रो	१
रतुवा मृग	३
निगाले बाघ	१
जिउँदो सुनगोहोरो	२
गौरीगाई	१
चिम्पान्जी	१
चरी बाघ	४
झारल	१
बँदेल	१
घडियाल गोही	२
वन बिरालो	१
रातो राजपंखी लोखर्के	१
वन्यजन्तुको हड्डी र मासु	१
वनस्पति	१२
लाटोकोसेरो	१
आखेटोपहार	१

स्रोत : केन्द्रीय अनुसन्धान ब्युरो

"एउटा अपराधको सम्बन्ध अर्कोसँग जोडिएको देखिन्छ ।" केही वर्षअघि तत्कालीन अमेरिकी विदेशमन्त्री हिलारी क्लिन्टनले वन्यजन्तुको तस्करी रकम हातहतियार ओसारपसारमा खर्चिएको बताएको सन्दर्भ खड्का स्मरण गर्छन् ।

महँगोमा वन्यजन्तुका आखेटोपहार किन अवैध ओसारपसार भइरहन्छ त ? मूलत: औषधीजन्य प्रयोजन र सजावटको सोखले काम गर्छ । त्यसका लागि मुख्य बजार चीन

तस्करीको जन्जाल

हेमसागर बराल

विश्वभर वन्यजन्तुका विभिन्न अंगको तस्करीले थुप्रै जनावरको अस्तित्व नै संकटमा परेको छ। बढ्दो तस्करीका कारण बाघको बासस्थान एक सय वर्षअघिभन्दा घटेर अहिले ७ प्रतिशत मात्रै बाँकी छ। पछिल्ला दिन मात्रै भियतनाम, लाओसमा बाघ लोप भइसक्यो। ५० वर्षअघि झन्डै २ करोड रहेका हात्ती अब करिब ५ लाख मात्रै छन्। वन्यजन्तुको संख्या निरन्तर ओरालो झर्नुमा दुई मुख्य कारण छन्। एउटा- अवैध चोरी सिकारी। दोस्रो- बासस्थानको अतिक्रमण। लागूऔषध, मानव बेचबिखन र हातहतियारको ओसारपसारजस्ता अवैध व्यापारकै हाराहारी वन्यजन्तुका अंगहरूको कारोबार हुन्छ। संसारका विभिन्न अध्ययनले देखाएको तथ्यांकअनुसार वर्षमा करिब २३ बिलियन अमेरिकी डलरको आखेटोपहारको व्यापार हुन्छ। विश्व बजारको समग्रतामा २३ बिलियन व्यापार अनुमान गरिए पनि ट्रान्जिट र स्रोत मुलुक दुवै भएको नेपालबाट कति रुपैयाँ बराबरको कारोबार हुन्छ भन्नेचाहिँ अध्ययन भएको छैन। तस्करी ठूलो उद्योगको रूपमा विकास भएको छ। वन्यजन्तु तस्करीमा एसिया र अफ्रिकाको घनिष्ट साइनो छ।

बाघको सिकार गरेर छालाको पहिरन र हड्डीको औषधी बनाइन्छ। जुँगा, नंग्रा सजावटमा प्रयोग गरिन्छ। गैँडाको सिङ पनि औषधीका लागि प्रयोग गरिन्छ। नङ पाउडरका लागि उपयोग हुन्छ। छाला, दिसापिसाब पनि संकलन हुन्छ। गैँडाको सिङ रौँहरूको गुजुल्टो हो, त्यसलाई मानिस ज्वरो घट्उने र यौनवर्द्धक औषधीका रूपमा खान्छन्। वैज्ञानिक पुष्टिका आधारमा नभई परम्परागत र संस्कारी प्रथाले प्रयोगलाई घटाउन सकेको छैन।

चीन र भियतनामले अर्थतन्त्रको विकाससँगै प्रतिव्यक्ति आम्दानी पनि बढाएका छन्। त्यसले अवैध व्यापारबाट खरिद हुने वस्तुको मूल्य पनि बढ्यो अनि स्रोत मुलुकमा वन्यजन्तुमाथि दबाब बढाइरहेको छ। बहुमूल्य भनेका गैँडा सिङ, हात्तीका दाँत, बाघ छाला, हाब्रे, सालकको खपटा, कस्तुरीको बिना, हुचिल नेपाली नाकाबाट चीन निर्यात हुन्छ। नेपालमा दक्षिणपूर्वी एसिया, युरोप र अफ्रिकादेखि आउँछ। अफ्रिकाबाट आएका सालक, चिम्पान्जी समातिएका छन्। नेपालको नाका तस्करीका लागि सहज ठानिन्छ र यही बाटो बाट चीन छिर्छ।

काठमाडौँको सुकेधारामा बरामद भालुको पित्त र हङकङमा समातिएका वन्यजन्तुका विभिन्न अंग (माथि)

वन्यजन्तु तस्करीको अवैध व्यापार र उपभोगमा राज्यका 'किङपिङ' अर्थात् उपल्लो तहका व्यक्ति संलग्न हुन्छन्। त्यसमा प्रतिष्ठित व्यापारिक घरानादेखि राजनीतिको उच्च तहका व्यक्ति पर्छन्। तस्करीमा पनि पाँच/सात तह हुन्छन्। त्यसभन्दा तल्लो तहमा संरक्षणकर्मीहरू नै संलग्न देखिन्छन् र सबैभन्दा तलचाहिँ स्थानीय बासिन्दा हुन्छन्, जसलाई वन्यजन्तुबारे प्रशस्त जानकारी हुन्छ। गरिब र अन्य आर्थिक स्रोत नभएका स्थानीयलाई छानेर बिचौलियाले सिकारमा प्रयोग गर्छन्। तस्करहरू बचावटका लागि नाम, ठेगाना र हुलिया सबै गोप्य राख्छन्, जसले गर्दा अनुसन्धानका क्रममा पक्राउ परेका पहिलो तहको सिकारीबाट दोस्रो तहको बिचौलियासम्म पुग्नै हम्मे पर्छ। अफ्रिकाका केही घटनामा अनुसन्धान उपल्लो तहसम्म पुगेको थियो तर राजनीतिकर्मी नै जोडिएपछि अनुसन्धान रोकिएको थियो। नेपालको हकमा पनि उपल्लो तहका बिचौलिया तथा तस्करसम्म अनुसन्धान पुग्न सकेको छैन। कालु मनाङे, राजकुमार प्रजा पक्राउ प्रकरण मात्रै माथिल्लो तहमा पुगेको उदाहरण हुन्। त्यसमा पनि प्रजा पेशेवर सिकारी त हुन् तर सेटिङ गर्ने ठूलो बिचौलिया होइनन्। मनाङे दोस्रो तहको सेटिङवाला हुन्। नेपालमा पनि राजनीतिक तह, तिब्बती व्यापारमा संलग्न, उत्तरी भेगलाई कब्जा गरेर बसेका केही व्यक्तिको तस्करीमा संरक्षरण र संलग्नता देखिन्छ।

अफ्रिकामा जस्तो संरक्षणकर्मीहरू नै तस्करीमा संलग्न भई राष्ट्रिय निकुञ्जको संरक्षणमा रहेकाले गैँडाको सिङ, भालुको पित्त, हात्तीको दाँत, कस्तुरीको बिना बेच्यो भन्ने सुन्नु परेको छैन। संरक्षणप्रतिको इमानदारी नेपालमा देखिन्छ। नागरिकमा सचेतना पनि पाइन्छ। त्यसो हुनुको अर्थ कानुनी शासन मात्र होइन, स्थानीय समुदायका संरक्षण चेतना र संस्कृति पनि हो। तथापि नेपालले सीमा सुरक्षण, भन्सारदेखि सुरक्षाकर्मीमा चेतना, सरकारी वकिल, न्यायालय एवं संरक्षणकर्मीबीच कानुनी विषयमा निरन्तर समन्वय र संवाद आवश्यक छ। ने

बराल जिओलोजिकल सोसाइटी अफ लन्डन (जेडएसएल) का नेपाल प्रमुख हुन्।

र भियतनाम नै हुन् । त्यसबाहेकको बजार विभिन्न देशका दरबारिया, कुलीन वर्ग र सोखिन व्यापारिक घराना हुन्छन् । नेपालकै उदाहरण हेर्दा गैँडाको खाग, बाघको जुँगा, बाह्रसिंगेको सिङ, हात्तीको दाँतले सिंहदरबार, नारायणहिटी दरबार सिंगारिएका थिए । अझ राजपरिवारका सदस्य द्विपक्षीय साइनो सुमधुर बनाउन पनि वन्यजन्तुकै प्रयोग गर्थे । त्यसले तस्करीलाई बल पुऱ्याउँथ्यो ।

सिंहदरबारमै सजाइएका गैँडाका खाग, बाघको जुँगा, बाह्रसिंगेका सिङलगायत अंग तस्करी भइसकेका रहेछन् । केही महिनापहिले राष्ट्रिय सभाका सदस्य तथा प्रत्यायोजित व्यवस्था तथा सरकारी आश्वासन समितिका सभापति रामनारायण बिडारी नेतृत्वको टोली अध्ययनका लागि पुग्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को पुरानो कार्यालयभित्र बेलायती बैठकमा सजाइएका ती अंग चोरी भइसकेका थिए ।

चोरी घटनाले तस्करीको सञ्जाल कहाँसम्म फैलिएको छ भन्ने मात्र देखाउँदैन, वन्यजन्तुका अंगबाट आकर्षक कमाइ हुन्छ भन्ने सन्देश पनि दिएको छ ।

छिचोल्नै गाह्रो : तस्करको भित्री जालोसम्म सुरक्षाकर्मी हत्तपत्त पुग्न सक्दैनन् । संगठित अपराधको संलग्नता कति गोप्य हुन्छ भने एक तहबाट अर्को तहमा पुग्नै सुरक्षाकर्मीलाई हम्मेहम्मे हुन्छ । जस्तो, नेपालकै हकमा पनि विभिन्न वन्यजन्तुका आखेटोपहारसहित पक्राउ पर्ने नागरिकबाट दोस्रो तहमा पुग्न सकेको छैन । सीआईबीका पछिल्ला तथ्यांकलाई आधार मान्ने हो भने वन्यजन्तुको तस्करी नेपालको बाटोबाट कम हुँदै छ । विश्व वन्यजन्तु कोष नेपालका वरिष्ठ म्यानेजर खड्का अनुसन्धानका क्रममा एउटा तहबाट अर्को तहमा पुग्नै मुस्किल पर्नेमा सहमत छन् ।

केही ठूला अपरेसन नभएका भने होइनन् । नेपाल र चीनबीचको तस्करीमा चार तहसम्म पुगेर नेपाल प्रहरीले अनुसन्धान गरेको थियो । त्यही क्रममा गैँडाको खाग तस्करीमा संलग्न भनिएका अहिलेसम्मका हाइप्रोफाइल तस्कर कालु मनाङेलाई प्रहरीले पक्राउ गरेको थियो । वन्यजन्तु अपराधको दोस्रो तहसम्म पुग्न नसक्नुमा लामो र गहिरो सञ्जालले मात्र काम गरेको छैन, त्यसमा विभिन्न अन्तरदेशीय व्यापारको प्रभाव पनि छ । पूर्वडीआईजी हेमन्त मल्ल भन्छन्, "वन्यजन्तु तस्करीमा नेपाल, भारत र चीनको त्रिदेशीय सम्बन्ध जोडिन्छ । त्यसमा चीनतिरको सूचना प्रवाह एक प्रकारले बन्द हुन्छ, जसले गर्दा अपराधमा संलग्न दोस्रो तहसम्म पुग्नै गाह्रो छ ।"

वन्यजन्तुको संरक्षणमा प्रशस्त लगानी हुन्छ । त्यसमा संरक्षणमा जोडिएका एनजीओ मात्र होइनन्, पछिल्ला दिनमा विश्व बैंक, युरोपियन कमिसनसम्म सक्रिय छन् । वन्यजन्तु तस्करीले पारिस्थितिकीय प्रणाली, सांस्कृतिक र आर्थिक सम्पदामाथि चुनौती थपेको विश्लेषण गरेर विश्व बैंकले इलिगल वाइल्डलाइफ ट्रेड रिपोर्टमा प्रकाशित गरेको थियो । ग्लोबल इन्भाइरोमेन्ट फ्यासिलिटी फन्ड, जर्मनी, अमेरिका, युरोपियन युनियन कमिसन र विश्व बैंकलगायतले सन् २०१०-२०१६ सम्मका निम्ति १.३ बिलियन डलर २४ वटा अन्तर्राष्ट्रिय दातृसंस्थालाई वन्यजन्तु संरक्षण र प्रवर्द्धनका लागि खर्चेका थिए । एसिया र अफ्रिकामा प्रतिवर्ष १ सय ९० मिलियन डलर खर्चिएको थियो । विश्व बैंकको मान्यतामा वन्यजन्तु आर्थिक, सांस्कृतिक र पारिस्थितिकीय प्रणालीसँग मात्र अन्योन्याश्रित सम्बन्धमा छैनन्, विकासशील देशका लागि रोजगार सिर्जना, पर्यटनको इन्जिन र दिगो विकासका आधारशिला पनि हुन् । सन् २०१९ को अक्टोबर पहिलो साता पेरु सरकारको आयोजनामा करिब ३० देश सहभागी उच्चस्तरीय भेला भयो । भेलाले वन्यजन्तु संरक्षणमा वर्षमा १० बिलियन डलर खर्चिने निर्णय मात्र गरेन, तस्करी नियन्त्रणमा सीमापार सहकार्यमा जोड दियो । पेरुका कृषिमन्त्री जोर्जे मोन्टेनेग्रोले भेलामा भनेका थिए, 'वन्यजन्तु तस्करी संसारको चौथो ठूलो अवैध कारोबार हो ।'

ल्याटिन अमेरिकी देश तात्नुको कारण त्यस क्षेत्रको जैविक विविधतासँग जोडिन्छ । अर्थात्, विश्वको जैविक विविधताको ४० प्रतिशत हिस्सा ल्याटिन अमेरिकाले ओगट्छ । त्यहाँ २५ प्रतिशत दुर्लभ प्रजाति छन् ।

नेपालको हकमा पनि वन्यजन्तु तस्करी नियन्त्रण प्रयासमा कानुनी उपायको खोजी त भएकै छ, त्यसबाहेक सचेतनाको प्रयास पनि । सीआईबीका डीएसपी खड्काका अनुसार पछिल्ला दिनमा नेपालमा वन्यजन्तु तस्करीमा न्यूनीकरणमा छ । राष्ट्रिय मात्र होइन, अन्तर्राष्ट्रिय कानुन नै आकर्षित हुने भएकाले तस्करीमा संलग्नको मनोबल पनि कम हुन्छ । "पक्राउ परेकामध्ये अधिकांश जेल चलान हुने भएकाले तस्करीमा संलग्न हुनेको संख्या कम देखिन्छ । सीआईबीले अनुसन्धान थालेपछि नेपालबाट हुने तस्करीमा कमी आएको छ," खड्का दाबी गर्छन् । ■

नेपाल हुँदै चीन, भियतनाम

वन्यजन्तुका आखेटोपहार तस्करीमा नेपाल ट्रान्जिटका रूपमा देखिन्छ । अन्तर्राष्ट्रिय गिरोहले नेपालबाट चीन, जापान, भियतनाम, कम्बोडिया, भारतलगायतका देशमा निर्यात गर्छन् । सीआईबीका अधिकारीहरूका अनुसार नेपालबाट मुख्यगरी चीन निकासी हुन्छ ।

टर्की र अफ्रिकाबाट पनि नेपालमा केही आखेटोपहार भित्रिन्छ र तिनको मुख्य बजार भने चीन, भियतनामतिरै हो । भारतका वन्यजन्तु नेपालको बाटो हुँदै चीन पुग्छन् । चिम्पान्जी/बाँदर पनि नेपालबाटै बाहिरिन्छ । चीन तस्करीका लागि दार्चुलाको यारी, हुम्लाको हिल्सा, मुस्ताङको कोरला, रसुवाको केरुङ, सिन्धुपलाञ्चोकको तातोपानी, संखुवासभाको किमाथांका र ताप्लेजुङको ओलाङचुङगोला नाका प्रयोग हुन्छन् ।

पूर्वडीआईजी हेमन्त मल्लको भनाइमा वन्यजन्तु तस्करीसँग सम्बन्धित अपराधमा नेपाल-भारत-चीन सम्बन्ध बढ्ता जोडिएको छ । "नेपालमा वन्यजन्तु तस्करीमा दलालहरूको संख्या बढी हुन्छ । भारतमा वन्यजन्तुको सिकार गर्ने अनि नेपालबाट चीन निकासी हुने गरेको छ," मल्ल भन्छन् । तस्करले कतिपय अवस्थामा हेलिकप्टर र एयरलाइन्सको पनि दुरुपयोग गर्छन् । भर्खै, संसारका एयरलाइन्सहरूले वन्यजन्तुका अंग ओसारपसार नगर्ने निर्णय नै गरेका छन् । पानीजहाजमा भने प्रशस्त ओसारपसार हुन्छ ।

नयाँ युगमा नेपाल स्काउट

लामो समय संक्रमणबाट गुज्रिएको नेपाल स्काउटले लोकबहादुर भण्डारीको नेतृत्वमा नयाँ राष्ट्रिय तदर्थ समिति गठन भएयता युद्धस्तरमा कार्य गरी देशैभर नयाँ आशा सिर्जना गर्न सफल भएको छ । २००९ सालमा स्थापना भई नेपाल स्काउट ऐन, २०५० द्वारा सञ्चालित नेपाल स्काउटले नेपालका बालबालिका तथा युवाहरूको सर्वाङ्गीण विकासका लागि अभियानकै रूपमा कार्यक्रमहरू गर्दै आइरहेको छ ।

०७५ पुसमा नयाँ राष्ट्रिय तदर्थ समिति बनेपछि स्काउट सांगठनिक र प्रशासनिक दुवै हिसाबले थप सुदृढ र सबल भएको छ । राष्ट्रिय प्रधान कार्यालयको आमूल रूपान्तर भएको छ । प्रतिस्पर्धाका आधारमा दक्ष र योग्य कर्मचारी नियुक्त गरी पारम्परिक ढंगले चल्दै आएको प्रशासनलाई अन्तर्राष्ट्रिय स्तरको बनाइएको छ । स्काउटको पुरानो जिल्लागत संगठनलाई देशको परिवर्तित संघीय संरचनाका आधारमा ७ सय ५३ वटै स्थानीय तहमा निर्माण गर्ने कार्य जारी छ । स्काउटिङ नेतृत्व र संगठन हजारौं नयाँ युवासमक्ष पुगेको छ । प्रदेश तथा स्थानीय समितिहरू गठन गरी स्काउटिङ गतिविधिलाई गाउँसम्म पुऱ्याउने तयारी छ । सबै स्थानीय तहका सामुदायिक तथा संस्थागत विद्यालयहरूमा बालबालिका तथा युवा वर्गलाई स्वावलम्बी र चरित्रवान तुल्याई सेवा भावनाको अभिवृद्धि गर्ने लक्ष्य नेपाल स्काउटले लिएको छ । प्रदेशस्तरीय स्काउट आधारभूत तालिममार्फत एकै पटक करिब ४ हजार युवा स्काउट मास्टर उत्पादन गरी प्रत्यक्ष रोजगारीसँग जोड्ने कार्य चलिरहेको छ ।

लामो समयदेखि निस्क्रिय देखिएको नेपाल स्काउटको अन्तर्राष्ट्रिय सम्बन्ध नयाँ उचाइमा पुगेको छ । कालो सूचीमा परेका कैयौं अन्तर्राष्ट्रिय परियोजनाहरू नयाँ ऊर्जाका साथ पुन: सुरु भएका छन् । दर्जन बढी देशसँग युवा स्काउट आदानप्रदानका लागि सहमति भएको छ । नेपाल स्काउटको आर्थिक कारोबार र लेखा प्रणालीलाई पारदर्शी, समयसापेक्ष र चुस्त दुरुस्त बनाउन कुनै कसर बाँकी राखिएको छैन ।

नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयसँग गरिएको कार्यसम्पादन सम्झौताअनुसार पहिलो चौमासिकमा शतप्रतिशत भौतिक तथा आर्थिक प्रगति भएको छ । ४ महिनाको अवधिमा करिब १२ हजार बढी स्काउट स्वयंसेवक परिचालन भएका छन् भने १ वर्षको अवधिमा करिब ३० हजारभन्दा बढी स्वयंसेवक विभिन्न सामाजिक कार्यहरूमा परिचालन भएका छन् । यो नेपाल स्काउटको इतिहासमै धेरै हो ।

नेपाल भ्रमण वर्ष- २०२० को सम्पूर्ण स्वयंसेवक परिचालनको जिम्मा नेपाल स्काउटले लिएको छ । भ्रमण वर्षलाई सफल तुल्याउन नेपाल स्काउटले आफैं पनि विभिन्न प्रचारात्मक कार्य गर्दै आएको छ । नेपाल स्काउटका संरक्षकसमेत रहेका नेपाल सरकारका प्रधानमन्त्रीको आशा र भरोसालाई आत्मसात गर्दै राष्ट्रिय महत्वाकांक्षा पूरा गर्न नेपाल स्काउट सदैव अग्रसर रहनेछ ।

नेपाल स्काउटलाई यही आर्थिक वर्षमा प्रशासनिक र सांगठनिक रूपमा पूर्ण बनाई राष्ट्रिय तदर्थ समिति आफूलाई सुम्पिएको प्रमुख कार्यभार आवधिक निर्वाचनमा जान सक्षम छ ।

नयाँ राष्ट्रिय तदर्थ समिति आएपछि नेपाल स्काउटका गतिविधिहरू

- २०१९ जनवरी १ मा प्रधानमन्त्री केपी ओलीको उपस्थितिमा पहिलो पटक 'बालबालिकासँग प्रधानमन्त्री' कार्यक्रमको आयोजना । १ हजारभन्दा बढी स्काउट विद्यार्थीसँग अन्तरक्रिया । २०२० जनवरी १ मा भएको दोस्रो संस्करणमा १४ सय स्काउट विद्यार्थी सहभागी ।
- स्काउट तालिमअन्तर्गत प्रदेश १ का १ सय ३७ पालिकाका ५ सय ३४ जना, प्रदेश ५ का १ सय ९ पालिकाका ५ सय ३२ र गण्डकी प्रदेशमा ८५ पालिकाका ३ सय ९१ जना साथै कपिलवस्तुमा १ सय ८, धादिङमा ६१, चितवनमा ४८ र रसुवामा ४६ गरी जम्मा १ हजार ७ सय २० जना स्काउट मास्टर उत्पादन ।
- २०७६ जेठमा नेपाल स्काउटको पहिलो राष्ट्रिय रोभरमुट (१६ देखि २५ वर्षका युवा स्काउटहरूको ५ दिने आवासीय भेला) मा ११ देशका ४ हजार युवाहरूको सहभागिता ।

विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परियोजना पुनर्सुचारु

१. **Messengers of Peace**

लामो समय निस्क्रिय यो विश्व स्काउट परियोजना पुनर्सुचारु गरी देशैभरबाट करिब २ सय जना युवा स्काउट सामुदायिक कार्यहरुमा परिचालित । युवा दूतहरुलाई गत जेठमा पोखरामा विदेशी प्रशिक्षकहरुद्वारा **Better World Framework Training** प्रदान ।

२. **Youth Exchange South to South (YESS)**

विश्व महिला स्काउट संगठनको नयाँ परियोजनाअन्तर्गत प्रत्येक वर्ष ४/४ जना युवा महिलालाई अफ्रिकी मुलुकमा ६ महिनाका लागि शैक्षिक र सांस्कृतिक ज्ञान आदान प्रदान कार्यक्रम । परियोजनाअन्तर्गत हाल नेपालका दुई किशोरी अफ्रिकी मुलुक युगान्डा र तान्जानिया तथा रुवान्डा र मादागास्करका दुई किशोरी नेपालमा सहभागी ।

३.**Stop the Violence (STV)**

लामो समय निस्क्रिय रहेको विश्व महिला स्काउट संगठनको महिला हिंसाविरुद्धको परियोजना **(STV)** पुनर्सुचारु । देशैभर विभिन्न गतिविधिमा युवा महिला स्काउटहरु परिचालित ।

४. **Ticket to Life (TTL)**

लामो समय निस्क्रिय रहेको विश्व स्काउट संगठनको परियोजना **(TTL)** पुनर्सुचारु । हाल झापा र मोरङमा ६० भन्दा बढी अनाथ बालबालिकाका लागि स्काउटिङ गतिविधि जारी ।

५. **Life Long Learning (3L)**

लामो समय निस्क्रिय विश्व महिला स्काउट संगठनको महिला उत्थानसँग सम्बन्धित परियोजना **(3L)** पुनर्सुचारु । सिन्धुपाल्चोकका ग्रामीण किशोरी तथा महिलाहरुलाई रजस्वलासम्बन्धी स्वास्थ्य सचेतना र घरेलु **sanitary pad** सहितको **Freedom Kit bag** उत्पादन तथा प्रयोगसम्बन्धी तालिम । हालसम्म करिब १२ सय महिला तथा किशोरी लाभान्वित ।

६. **समुदाय प्रहरी साझेदारीमा नेपाल स्काउट र नेपाल प्रहरी**

नेपाल प्रहरीको समुदाय प्रहरी साझेदारीअन्तर्गत साझा उद्देश्य र कार्यक्रमहरु एकीकृत रुपमा कार्यान्वयन गर्ने उद्देश्यले नेपाल प्रहरीका प्रहरी महानिरीक्षक तथा नेपाल स्काउटका राष्ट्रिय संयोजकबीच ८ बुँदे समझदारीपत्रमा हस्ताक्षर भई विभिन्न जिल्लामा गतिविधिहरु सञ्चालन ।

स्वयंसेवक तथा युवा परिचालन

४ महिनाको अवधिमा नेपाल स्काउटकै इतिहासमा धेरै करिब १२ हजार बढी स्काउट स्वयंसेवकहरु परिचालन भएका छन् भने १ वर्षको अवधिमा करिब ३० हजारभन्दा बढी स्वयंसेवकहरु विभिन्न सामाजिक कार्यहरुमा परिचालन भएका छन् । वर्ष २०७६ लाई नेपाल सरकारले युवा परिचालन वर्षको रुपमा घोषणा गरेको छ, जसको सफलताका लागि नेपाल स्काउटले सीमित बजेटमा पनि उल्लेखनीय योगदान दिइरहेको छ ।

अन्तर्राष्ट्रिय सम्बन्धमा उल्लेखनीय सुधार

■ स्काउट १ सय ९६ राष्ट्रमा सक्रिय विश्वकै ठूलो युवा संगठन भए पनि लामो समयदेखि नेपाल स्काउटको अन्तर्राष्ट्रिय सम्बन्ध मजबुत हुन सकेको थिएन । विगत १ वर्षमा नेपाल स्काउटको अन्तर्राष्ट्रिय सम्बन्धमा उल्लेखनीय सुधार भइरहेको छ । परिणामस्वरुप नेपाल स्काउटकै इतिहासमा पहिलोपटक विश्व महिला स्काउट संगठनको

एसिया प्रशान्त क्षेत्रीय समितिमा नेपालकी मैया त्वानावासु सदस्यका रुपमा निर्वाचित भएकी छन् । गत १ वर्षमा अमेरिकासहित १८ मुलुकका विभिन्न अन्तर्राष्ट्रिय कार्यक्रममा नेपालका करिब ४ सय स्काउटहरुको सहभागिता भएको छ । नेपाल स्काउटकै इतिहासमा पहिलोपटक विश्व स्काउट संगठन एसिया प्रशान्त क्षेत्रीय निर्देशकसहितको उच्चस्तरीय टोलीले नेपाल भ्रमण गरी गत कात्तिकमा नेपाल स्काउटका नवनियुक्त कर्मचारीहरुका लागि विश्व स्काउटको **standard** अनुसार ४ दिने कर्मचारी अभिमुखीकरण तालिम सञ्चालन गरिएको छ ।

■ भूकम्पपछि बन्द रहेको नेपाल स्काउटको सुन्दरीजलस्थित तालिम केन्द्र पुनर्निर्माण गरी स्काउट सदस्यहरुको तालिम क्याम्प सञ्चालनमा ल्याइएको छ भने ककनीस्थित अन्तर्राष्ट्रिय स्काउट केन्द्रलाई थप व्यवस्थित र आधुनिक बनाउन स्तरोन्नति कार्य भइरहेको छ । नेपाल स्काउट प्रधान कार्यालय परिसरमा आधुनिक स्काउट सप निर्माण भई सञ्चालनमा ल्याउने अन्तिम तयारी भइरहेको छ ।

आगामी कार्ययोजना

नेपाल स्काउटले सन् २०२० का लागि १२ बुँदे लक्ष्य तय गरी कार्य गरिरहेको छ :

१. ६५ हजारबाट सदस्यता वृद्धि गरी १ लाख ५० हजार पुर्‍याउने ।
२. केन्द्रीय र संघीय संरचनालाई पूर्ण रुपमा सक्रिय बनाई कार्य गराउने ।
३. आगामी ५ वर्षका लागि रणनीतिक कार्ययोजना तयार गर्ने ।
४. स्काउटका तालिम केन्द्रहरु र स्काउट सपलाई पूर्ण रुपमा कामकाजी बनाउने ।
५. अन्तर्राष्ट्रिय आदानप्रदानलाई व्यापक बनाउने ।
६. भिजिट नेपाल-२०२० क्याम्प आयोजना गर्ने ।
७. ५० हजारभन्दा बढी स्वयंसेवक तथा युवा परिचालन गर्ने ।
८. नयाँ नेपाल स्काउट ऐन प्राप्त गर्ने ।
९. नेपाल स्काउटको युवा कार्यक्रम (पाठ्यक्रम) लाई अद्यावधिक गर्ने ।
१०. अनलाइन सदस्यता दर्ता प्रणाली सुरुआत गर्ने ।
११. न्यूनतम एउटा अन्तर्राष्ट्रिय कार्यक्रम आयोजना गर्ने ।
१२. सरकारसँगको सम्बन्धलाई थप मजबुत बनाउने ।

आफ्नै नागरिकसँग

अहिले देशमा यस्तो माहोल खडा गर्न खोजिंदै छ, जहाँ शक्तिशालीहरूका विरूद्धमा बोल्नुभन्दा पहिले १० पटक सोच्नु परोस् । यो लोकतान्त्रिक समाजको लक्षण होइन ।

मोहना अन्सारी

नेपालमा राजनीतिक संघर्षहरूको इतिहास भनेको असमानता र विभेदमाथिको संघर्षको इतिहास हो । विभेद समाप्त गर्न लिइएका पहल कम होलान् तर जति छिटो त्यस्ता पहल लिइन्छन्, त्यति नै समाजका लागि हितकर हुन्छ ।

विगतमा भएका जनआन्दोलन, शान्ति प्रक्रिया र संविधान निर्माणको सफलतासँगै नेपाल राजनीतिक परिवर्तनका दृष्टिले अगाडि बढेको छ । यो सानोतिनो कुरा होइन । तर के संविधानको कार्यान्वयनसँगै मुलुकलाई उदारवादी मूल्य-मान्यताबाट पछाडि फर्काउन खोजिएको हो ? किनभने यो सरकार बनेपछि आएका कतिपय कानुन, नीति-नियम नियन्त्रणमुखी भएको र प्रहरी प्रशासनको व्यवहार कठोर बन्दै गएको ज्वलन्त उदाहरण हाम्रोसामु छ ।

मौलिक हकबाट कुरा सुरु गरौं । सहअनुभूति, समानता, सहभागिता, सहअस्तिव र स्वामित्वको अनुभूति नागरिकले गर्न पाइरहेका छन् कि छैनन् भन्ने प्रश्न आज उठिरहेको छ । नेपाली भन्नेबित्तिकै देशका सम्पूर्ण नागरिक भन्ने बुझ्नुपर्छ । के यी माथिका पाँच 'स' को अनुभूति प्रत्येक नागरिकले गर्न सक्ने वातावरण बन्दै छ ?

सबै नागरिक मानव हुन् भन्ने आम सिद्धान्त सकार्ने हो भने कसरी एउटा नागरिक र अर्कोबीच विभेदपूर्ण संरचना निर्माण हुन गए ? किन उमेर पुगेको एउटा महिलाको सन्तान पहिचानविहीन छ ? किन ती बालबालिका वयस्क भइसक्दा पनि आफ्नो ऊर्जा देश वा परिवारका लागि खर्चिन सक्दैनन् ? यी प्रश्नहरूको एउटै जवाफ छ- किनभने उसको पहिचान छैन । नेपाली नागरिक पुरुष र नेपाली नागरिक महिलाबीच विभेद कायम छ ।

कुनै पनि मानवको नागरिक हुने मौलिक हक उल्लंघन भएको छ भने त्यसको क्षतिपूर्तिसहित नागरिक हुन पाउने हक प्राप्ति हुनुपर्छ । यो सामाजिक न्यायको विषय भएकाले राज्यले यो विभेद क्षतिपूर्तिसहित अन्त्य गर्नुपर्छ ।

इतिहासमा सामना गर्दै आएका हरेक चुनौतीलाई हामीले अवसरको रूपमा सम्बोधन गर्ने गरेका छौं । तसर्थ यसको उत्तर पनि भावनात्मक भएर होइन, तथ्य, प्रवृत्ति तथा देशभित्र-बाहिरका अनुभवको आधारमा खोजिनुपर्छ ।

> लोकतन्त्रमा व्यक्तिगत स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता, सामाजिक सञ्जालमा बन्देज, सञ्चार नियन्त्रण आदि कुरा स्वीकार्य हुन सक्दैनन् ।

किन नागरिक स्वतन्त्रताबाट सरकार भयभीत देखिएको छ ? त्याइन लागेका दुई कानुनका मस्यौदा आज त्यो भयको उपजका रूपमा चर्चामा छन्- सामाजिक सञ्जालको प्रयोगसँग सम्बन्धित सूचना प्रविधि विधेयक अनि नेपाल विशेष सेवा गठन र सञ्चालनसम्बन्धी कानुन ।

सूचना प्रविधि विधेयकले *फेसबुक, ट्वीटर, इन्स्टाग्राम* कसैलाई 'साइबर बुलिङ' अर्थात् जिस्क्याउने, होच्याउने, हतोत्साही बनाउने वा द्वेष उत्पन्न गराउने आदि काम गरे १० देखि १५ लाख जरिवाना र ५ वर्ष कैद वा दुवै सजाय हुन सक्छ भनेको छ । विशेष सेवा विधेयकले सरकारी गुप्तचर संस्थालाई कुनै पनि नागरिक वा संस्थाको फोन, मेसेज, ईमेल निगरानी गर्ने अनियन्त्रित अधिकार दिन्छ ।

जनताको मौलिक अधिकारमाथि प्रभाव पार्न सक्ने विधेयकहरूप्रति जनचासो हुनु स्वाभाविक नै हो । सामाजिक सञ्जाल तथा सञ्चार माध्यममा यी दुई प्रस्तावित विधेयकबारे धेरै बहस चलेका छन् । सूचना प्रविधि विधेयकलाई धेरैले नागरिकको संविधानप्रदत्त अभिव्यक्ति स्वतन्त्रतामा अंकुश लगाउने, त्रसित पार्ने तथा आलोचनाको स्वरलाई हतोत्साहित गर्ने आशयको रूपमा हेरेका छन् ।

यस्तो विधेयकले नागरिकको गोपनीयताको अधिकारको पूरै हनन हुने सम्भावना छ । विशेषगरी कसैको फोनवार्ता सुन्ने वा टेप गर्नका लागि अदालतको आदेश नचाहिने प्रावधानले कसैको पनि गोपनीयता सुरक्षित नरहने अवस्था सिर्जना हुन्छ । नेपालको मुलुकी संहिताअनुसार कसैमाथि भौतिक आक्रमण वा अंगभंग गरेमा १ वर्ष कैद र दस हजार जरिवाना हुन सक्छ । तर *फेसबुक*मा कुनै सार्वजनिक ओहोदामा बसेको मानिसको कार्टुन बनाइदिए वा भ्रष्टाचारी लेखिदिए १५ लाख जरिवाना र ५ वर्ष कैद सजाय हुन सक्छ ।

मुलुकी संहितामा विद्युतीय उच्छृंखलता नियन्त्रण गर्ने यथेष्ट व्यवस्था हुँदाहुँदै सूचना प्रविधि विधेयकमा यसलाई किन समेट्नुपर्‍यो ? आज *फेसबुक, ट्वीटर* आदिमार्फत हामी जसरी राजनीतिक, सामाजिक विषयमा निर्भीक बहस, कटाक्ष वा कमेन्ट

भयभीत सरकार

गर्छौं, भोलि त्यो गर्ने अवस्था रहँदैन ।

गत वर्ष आएको प्रेस काउन्सिलसम्बन्धी विधेयकमा प्रेसको स्वतन्त्रता एवं स्वायत्ततालाई खुम्च्याउने र पत्रकारलाई तर्साउने प्रावधान राखिएको भनेर आलोचना भएको थियो । यी प्रावधानले पत्रकारको खोजमूलक अनुसन्धान गर्ने वा सार्वजनिक पदमा बसेकाहरूको आलोचना गर्ने क्षमतामा ह्रास ल्याउँछ ।

राष्ट्रिय मानव अधिकार आयोगको स्वायत्तता खुम्च्याउने र पहुँच सीमित गर्ने आशयको विधेयक प्रस्ताव गरिएको छ । सेनालाई असीमित अधिकार दिने कुरा लोकतान्त्रिक व्यवस्थामा विशेष सोचनीय हुँदाहुँदै यस्ता संवेदनशील प्रस्तावहरू प्रकाशमा आए । कैयौं अझै प्रकाशमा नआएका हुन सक्छन् । माइतीघर मण्डलामा प्रदर्शन गर्न प्रतिबन्ध प्रयास गरिएको दृष्टान्त पनि छ ।

यी यावत कुरालाई एकै ठाउँ राखेर हेरौं । नागरिक अधिकारका पाँच 'स' प्रति हाम्रो बुझाइ के हो ? किनभने आधारभूत स्वतन्त्रता खुम्च्याउन ल्याइएका यस्ता कानुनले राज्यलाई निरंकुशतातर्फ लैजानेछन् । निरंकुशतामा अपारदर्शिता, कुशासन, भ्रष्टाचार, अन्याय फस्टाउँछ । विधायिकाले कानुन बनाउने हो, स्वेच्छाचारी ढंगले कानुन बनाउने होइन । संविधानको मूल्य-मान्यता तथा महासन्धि र अनुबन्धलाई केन्द्रमा राखेर कानुन बनाउने हो ।

कानुन निर्माण प्रक्रियामा नियन्त्रणमुखी सोच बढ्दै गएको मात्र होइन । प्रहरी-प्रशासनको व्यवहार पनि अभिव्यक्ति स्वतन्त्रताप्रति कठोर बन्दै गएको छ । कतिपय निर्दोषहरू प्रहरीको कारबाहीमा परेका छन् । कोही फेसबुकमा लेखेबापत थुनिएका छन् । शान्तिपूर्ण प्रदर्शनमा पुलिस हस्तक्षेपका घटना बढेका छन् । मानव अधिकारको दृष्टिकोणले यो चिन्ताको विषय हो । यी घटनाबारे राष्ट्रिय मानव अधिकार आयोगसहित अन्तर्राष्ट्रिय मानव अधिकार संगठनहरूले नेपालमा अभिव्यक्ति स्वतन्त्रताप्रति चासो व्यक्त गरिसकेका छन् । नागरिकको मौलिक हक, अभिव्यक्ति स्वतन्त्रताको अधिकार मानव अधिकार हो । संविधानले अभिव्यक्ति स्वतन्त्रतालाई मौलिक हकमा राखेको छ ।

अभिव्यक्ति स्वतन्त्रताप्रति बढ्दै गएको असहिष्णुता तथा अनुदारताले चिन्ता र चासो उत्पन्न गराएको छ । मानव अधिकारवादी, सामाजिक अभियन्ता, एनजीओकर्मी, स्वतन्त्र आलोचकका विरुद्ध अभियान चलाउने, तर्साउने र निरुत्साहित गर्न समूह सञ्चालित छन् । यस्तो माहोल खडा गर्ने प्रयास गरिँदै छ, जसमा शक्तिशालीहरूका विरुद्धमा बोल्नुभन्दा पहिले १० पटक सोच्नु परोस् । यो लोकतान्त्रिक समाजको लक्षण होइन । नियन्त्रणमुखी शासनको प्रवृत्ति केन्द्रदेखि स्थानीय तहसम्म उस्तै देखिन्छ । के हाम्रो नियति नै यही हो ? के हामीलाई एक पाइला अगाडि र दुई पाइला पछाडि हिँड्ने बानी परिसकेको छ ?

लामो समयदेखिको अस्थिरता र संक्रमणकालले हाम्रो युवा पुस्ता विरक्तिएको छ, हामीले जुन राजनीतिक स्थायित्व खोजेका थियौं, त्यो किन मृगतृष्णा हुँदै छ । के हामीले पञ्चायत या राणाकालमा झैं नियन्त्रणमुखी शासन स्थापनाजस्तो स्थायित्व देशलाई पक्कै दिन चाहेको होइन । स्थायित्वले हाम्रो विकास र समृद्धिको सपना पूरा गर्न सक्छ भन्ने अपेक्षा हो । स्थायित्वले लोकतन्त्र, नागरिक स्वतन्त्रता मानव अधिकारको अवस्था अझ बलियो बनाउँछ भन्ने अपेक्षा हो । माओवादीको सशस्त्र संघर्ष र लोकतान्त्रिक जनआन्दोलनको जगमा बनेको नयाँ व्यवस्थाले पहिलेभन्दा बढी उदार लोकतन्त्र स्थापना गर्छ भन्ने सोच थियो । तर विगत २/३ वर्षको अवस्था हेर्दा हाम्रो लोकतन्त्र विपरीत दिशातर्फ हिँडेको देखिन्छ । नागरिक जीवनको हरेक पक्षमा राज्यको नियन्त्रण बढाउने प्रयास हुँदै छ ।

कुनै एउटा सरकार वा दल विशेषको विषय होइन, यो । आज एउटा सरकार वा दलबाट ल्याइएको निरंकुश कानुन भोलि उही दल प्रतिपक्षमा हुँदा उसैका विरुद्ध प्रयोग हुँदैन भन्ने हुँदैन । यसमा सबैले गम्भीर भएर चिन्तन गर्नु आवश्यक छ ।

लोकतन्त्रमा व्यक्तिगत स्वतन्त्रता, अभिव्यक्ति स्वतन्त्रता, सामाजिक सञ्जालमा बन्देज, सञ्चार नियन्त्रण आदि कुरा स्वीकार्य हुन सक्दैनन् । तसर्थ, यी पाँच 'स' को नेपालमा अनुभूति गराउने एक मात्र विकल्प भनेको समावेशी लोकतन्त्र नै हो । समावेशीका लागि विविधताभित्रको एकता खोज्न सक्नुपर्छ न कि राज्यको एकलकाँटे पहिचानबाट विविधतालाई थिच्ने ।

मानव अधिकार तथा मौलिक हकको हनन र उल्लंघनले द्वन्द्व सिर्जना गर्छ । मानव अधिकार तथा मौलिक हकको उचित व्यवस्था र सम्मानले द्वन्द्वको निदान र रूपान्तरण गर्छ । यो मान्यता विश्वव्यापी रूपमा स्थापित भएको छ । अन्यत्रको इतिहास पल्टाएर हेरौं । जनतालाई अधिकार दिएका, जनताप्रति जवाफदेही भएका राष्ट्रहरू मात्रै दिगो शान्ति र समृद्धितर्फ अघि बढेका छन् । ने

कृष्ण थापा

^ उत्तरी नाका जोड्ने गल्छी–त्रिशूली–मैलुङ–स्याफ्रुबेँसी–रसुवागढी सडकअन्तर्गत गल्छी–देवीघाट सडक खण्डको जिलिङमा सडक कालोपत्रे गरिँदै

गेमचेन्जर आयोजना

पल्टेला अर्थतन्त्रको पासा ?

उच्च आर्थिक वृद्धिदरको लक्ष्य राखे पनि आयोजना छनोटमा कन्जुस्याइँ

सहरी करिडोर आयोजना

» लक्ष्य : सहरी पूर्वाधारहरू, क्षेत्रीय स्तरका बसपार्क, सभाहल, कृषि संकलन केन्द्र, एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण गर्ने

» आयोजना कार्यान्वयन हुने क्षेत्र :

- विराटनगर-इटहरी-धरान
- पोखरा-दमौली
- बुटवल-भैरहवा-लुम्बिनी

» अवधि : ०७६/७७-०८४/८५

» लागत : ६.७८ खर्ब

पूर्वपश्चिम राजमार्ग स्तरोन्नति आयोजना

» लक्ष्य : राजमार्ग ४ लेनमा स्तरोन्नति

» स्तरोन्नति हुने खण्ड :

- काँकडभिट्टा-पोकली
- पोकली-सप्तरी-कञ्चनपुर
- सप्तरी-कञ्चनपुर-कमला (बोलपत्र मूल्यांकनको क्रममा)
- कमला-पथलैया
- पथलैया-नारायणगढ
- नारायणगढ-बुटवल (निर्माणाधीन)
- बुटवलदेखि पश्चिम खण्ड अध्ययन हुन बाँकी

» अवधि : ०७५/७६-०८३/८४

» बजेट : २.२५ खर्ब

गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेँसी-रसुवागढी सडक आयोजना

» दूरी : ८२ किलोमिटर (निर्माणाधीन)

» अवधि : ०७२/७३-०७८/७९

» लागत : २०.५० अर्ब

राष्ट्रिय परिचयपत्र तथा घटना दर्ता कार्यक्रम

» अवधि : ०७५/७६-०७८/७९

» लागत : २०.५८ अर्ब

यम बम

बाबुराम भट्टराई नेतृत्वको सरकारले ०६८/६९ मा १७ आयोजनालाई राष्ट्रिय गौरवमा सूचीकृत गऱ्यो । उद्देश्य थियो- बजेट विनियोजन र कार्यान्वयनलाई प्राथमिकता दिएर पूर्वनिर्धारित परिमाण, गुणस्तर, समय र लागतभित्रै सम्पन्न गर्ने ।

यो अवधिमा राष्ट्रिय गौरवमा २३ वटा आयोजना समेटिए तर सूचीकृत गराउने काम मात्र चल्यो । निजगढ विमानस्थल, बूढीगण्डकी, पश्चिम सेती जलविद्युत् आयोजना हेर्दा प्रस्ट हुन्छ ।

नेपालमा विकास आयोजनाको प्राथमिकीकरण गर्न थालिएको दुई दशक नाघिसक्यो । ०५४/५५ को नवौँ योजनाले आयोजनालाई प्राथमिकताका आधारमा अगाडि बढाउन थालेको थियो । १० औँ योजना (०५९/६०-०६३/६४) ले मध्यावधि खर्च संरचनाअन्तर्गत आयोजनालाई प्रथम, दोस्रो, तेस्रो श्रेणीमा वर्गीकरण गरेको थियो । यो अवधारणामा आयोजनाको प्राथमिकीकरण गर्ने चलन अझै कायमै छ ।

१९ फागुनमा पारित १५ औँ योजना (०७६/७७-०८०/८१) को कार्यान्वयन चरणमा आइपुग्दा आयोजना वर्गीकरणको भीडमा थपिएको छ, गेमचेन्जर भनिने रूपान्तरणकारी आयोजना ।

राष्ट्रिय योजना आयोगले २५ खर्ब १९ अर्ब लागतका १८ वटा आयोजनालाई समेटेर रूपान्तरणकारी भने पनि सीमितबाहेक प्रचारमुखी छन् । १५ औँ योजनाको विस्तृत दस्तावेजमा रूपान्तरणकारी परियोजनाबाट 'आर्थिक वृद्धिको पथ नै परिवर्तन गर्ने, लगानी प्रवर्द्धन, उच्च रोजगारी सिर्जना, व्यापार सन्तुलन र गरिबी न्यूनीकरण गरिने' भनिएको छ । तर योजना छान्दा राष्ट्रप्रमुख र कार्यकारी प्रमुखका नामबाट सञ्चालनमा रहेका आयोजनालाई समेटेर लोकरिझ्याइँको बाटो अपनाइएको छ । पूर्वअर्थसचिव रामेश्वर खनाल टिप्पणी गर्छन्, "रूपान्तरणकारी आयोजनाको छनोट राम्रो सूची थियो तर आयोगले छान्दा कन्जुस्याइँ गऱ्यो । बन्न लागेकालाई नै पासा पल्टाउने (गेमचेन्जर) आयोजना छान्नुपर्छ भन्ने हिसाबले अगाडि बढेको देखिन्छ ।"

पूर्वसचिव खनालले भनेझैँ ०७३/७४ को नीति तथा कार्यक्रमबाट अगाडि बढाइएको राष्ट्रपति महिला उत्थान कार्यक्रम (सशक्तीकरण) लाई रूपान्तरणकारीमा राखिएको छ । त्यसबाहेक निरन्तर चल्नुपर्ने स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा विस्तार आयोजना, प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम आयोजना, जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भूसम्बन्ध व्यवस्थापन कार्यक्रम, राष्ट्रिय परिचयपत्र तथा घटना दर्ता कार्यक्रमलाई रूपान्तरणकारीमा राखिएको छ ।

योजना आयोगका पूर्वउपाध्यक्ष शंकर शर्मा तालिम, अभिमुखीकरणमा सीमित हुनुभन्दा आयआर्जनमुखीतिर जान सके सामाजिक क्षेत्रका आयोजना 'गेमचेन्जर' हुन सक्ने बताउँछन् । भन्छन्, "अहिले सञ्चालित कार्यक्रमको मोडालिटी (ढाँचा) नै परिवर्तन गरेर गेमचेन्जरमा लैजानुपर्थ्यो । नाम मात्र परिवर्तन गरेर हुँदैन ।"

जस्तो, १० वर्षमा १ खर्ब ३० अर्ब खर्चेर कृषिलाई आधुनिकीकरण गर्ने लक्ष्य लिएर अगाडि सारिएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालाई 'गेमचेन्जर' मा राख्नुबाहेक ढाँचा परिवर्तन गरिएको छैन । किसानका नाममा जाने अनुदान टाठाबाठा र गैरकिसानले लिने गरेको पाइएपछि अब पूरक अनुदानमा जाने गरी योजना बनिरहेका बेला मुलुकका कार्यकारी प्रमुखको नाम जोडिएको कृषि कार्यक्रम पुरानै ढाँचा (प्रस्तावना लेखेर अनुदान) मा छ ।

राष्ट्रिय गौरवका आयोजनाको सूचीमा नाम चढाउन तँछाडमछाडको अवस्था आउँदा पनि प्रगति हासिल हुन नसकेको अवस्थामा रूपान्तरणकारीले पनि त्यही बाटो समात्ने देखिन्छ । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष पुष्पराज कँडेलको दाबी छ, "नयाँ ल्याएर गौरवका आयोजना छोप्न लागिएको होइन, बरु ती आयोजना सम्पन्न हुँदै जान्छन् । नयाँ रूपान्तरणकारी आयोजनामा

औद्योगिक पूर्वाधार विकास आयोजना

- **उद्देश्य** : उद्योग स्थापनाका लागि भौतिक पूर्वाधारसहितको औद्योगिक क्षेत्र स्थापना
- **औद्योगिक क्षेत्र** : दमक, मयुरधारा, नौबस्ता, शक्तिखोर, रूपन्देही मोतीपुर, दैजी, चुप्रा, लम्की, सागरनाथ, चिन्तुतार, लक्ष्मीपुर, चौरासे
- **विशेष आर्थिक क्षेत्र** : विराटनगर, बारा, पाँखचाल, गोरखा, रूपन्देही, धनगढी र रसुवा/नुवाकोटमध्ये एउटा
- **औद्योगिक ग्राम** : ७५३
- **अवधि** : ०७६/७७-०८५/८६
- **लागत** : २.५६ खर्ब

प्रादेशिक तथा स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम

- **लक्ष्य** : ग्रामीण क्षेत्रमा सडक सञ्जाल विस्तार
- **क्रियाकलाप** : स्थानीय तहको केन्द्रसम्म सडक विस्तार, स्थानीय तहको केन्द्रलाई सडकमार्फत राष्ट्रिय राजमार्गसँग जोड्ने
- **अवधि** : ०७६/७७-०७९/८१
- **लागत** : २.२७ खर्ब

सुनकोसी-मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना

- **प्रतिफल** : प्रदेश २ को १ लाख २२ हजार हेक्टर जमिनमा बाह्रै महिना सिँचाइ, २८.६२ मेगावाट विद्युत् उत्पादन
- **क्रियाकलाप** : १३.१ किलोमिटर सुरूङ, सुनकोसी नदीको पानी बाग्मतीको सहायक नदी मरिनमा खसाल्ने
- **आयोजना स्थल** : सिन्धुलीको सुनकोसी गाउँपालिका-६ को कानढुंगी नजिक सुनकोसी नदी
- **अवधि** : ०७६/७७-०८०/८१
- **लागत** : ४६.१९ अर्ब



रूपान्तरणकारी आयोजना छान्न मिहिनेत गरिएन

– रामेश्वर खनाल

गेमचेन्जर भनेको पासा पल्टाउने आयोजना हुन्। हार्दाहार्दैको खेल जितियो भने त्यो गेमचेन्जर हो। पासै पल्टाउने आयोजना हुनुपर्थ्यो। छनोटमा परेका ६ आयोजना निरन्तर चल्नुपर्ने खालका छन्।

जीविकोपार्जनलाई माथि ल्याउने र रोजगारी बढाउने अनि गरिबी घटाउने किसिमका आयोजना कार्यान्वयन भएमा भने पासा पल्टिन्छ। नेपाल विश्वका निकै गरिब मुलुकमा पर्छ। व्यापार घाटा समस्याको विषय बनेको छ। आयात प्रतिस्थापन गरेर निर्यात बढाउन सकिए मात्र पासा पल्टाउने भन्न सकिन्छ।

गेमचेन्जर भनेपछि त पूरै गेम चेन्ज हुनुपर्‍यो। गरिबी हट्यो, आर्थिक वृद्धिदर ह्वात्तै बढ्यो, रोजगारी बढ्यो भने पो गेमचेन्जर भयो। उहाँहरूले मिहिनेत गर्नु भएन। नयाँ कुरा सोच्नु भएन। पहिलो कुरा त के कारणले गेमचेन्जर बन्छ भनेर आधार तय भएन।

नेपालको उच्च आर्थिक वृद्धि, रोजगारी सिर्जना, आयात कटौती, निर्यात वृद्धि यी आयोजनाबाट हुनुपर्छ।

रूपान्तरणकारीमा राखिएका यी नयाँ आयोजना भने होइनन्। तर त्योभन्दा महत्त्वपूर्ण पासा पल्टाउने आयोजना त निजगढ अन्तर्राष्ट्रिय विमानस्थल, काठमाडौँ–तराई/मधेस फास्ट ट्र्याक, हुलाकी राजमार्ग र मध्यपहाडी राजमार्ग हुन्।

विकेन्द्रीकृत विकासलाई ध्यान दिने हो भने पश्चिम सेती र नलसिङगाड आयोजना हुन्। तत्कालीन सुदूरपश्चिम र मध्यपश्चिममा ऊर्जा आपूर्ति न्यून छ। अहिले पनि पूर्वबाट आपूर्ति भएको ऊर्जा त्यहाँ पुग्छ। पश्चिम नेपालमा जलविद्युत् आयोजना भनेको चमेलिया मात्र छ, त्यो छाडेर पूर्व लागेपछि एकै पटक भिमरुक आउँछ। चमेलिया र भिमरुको बीचमा कहीँ पनि २ मेगावाट नाघ्ने आयोजना छैनन्।

नेपालको जलविद्युत् उत्पादनको ४२ प्रतिशत क्षमता त्यो क्षेत्रमा छ। तर चमेलिया जम्मा ३० मेगावाटको हो। हो, त्यहाँ ठूला आयोजना निर्माण गरिँदा पासा पल्टाउने हुन सक्छ। धेरै मान्छेमा 'हामी काठमाडौँबाट अलग्गियौँ, कर्णालीपारि भयौँ' भन्ने हटेर राष्ट्रिय भावना जागृत गराउँछ। कर्णाली करिडोर निर्माण

माथिल्लो अरुण जलविद्युत् आयोजना

- लक्ष्य/उद्देश्य : १०६१ मेगावाट विद्युत् उत्पादन
- अवधि : आयोजना तयारी चरण (०६७/६८-०७७/७८)
- कार्यान्वयन चरण : (०७९/८०-०८४/८५)
- लागत : १.५५ खर्ब
- दायरा : संखुवासभाको मकालु र भोटेखोला गाउँपालिका

डिजिटल नेपाल

- लक्ष्य : डिजिटल प्रविधिको प्रयोगबाट सेवा प्रवाह उत्पादन र उत्पादकत्वमा अभिवृद्धि, डिजिटल अर्थतन्त्रको आधार निर्माण
- क्षेत्र : डिजिटल फाउन्डेसन,सहरी पूर्वाधार वित्त, कृषि, स्वास्थ्य, पर्यटन, शिक्षा र ऊर्जा
- क्रियाकलाप : अप्टिकल फाइबर बिछ्याउने, ४-जी नेटवर्कको विस्तार, विद्यालयमा डिजिटल ल्याब स्थापना, पाँच वटा डेटा सेन्टर स्थापना, साइबर सुरक्षाको प्रारम्भिक कार्य, डिजिटल हस्ताक्षरको प्रयोगमा वृद्धि, विद्युतीय तथ्यांकको एकीकरण, नागरिक मोबाइल एप,
- अवधि : ०७६/०७७-०८१/८२
- बजेट : १.७ खर्ब

नयाँ सहर विकास आयोजना

- लक्ष्य : सडक, सहरी पार्क, ल्यान्डफिल साइटसहित सहरी पूर्वाधार निर्माण, प्रतिसहरमा १ लाख जनसंख्या बसोबास हुने
- आयोजना कार्यान्वयन क्षेत्र :
- मध्यपहाडी लोकमार्ग क्षेत्रमा : १० नयाँ सहर
  साँफेबगर, पाटन, भेरीगंगा, भिम्री, फिदिम, वसन्तपुर, बैरनी गल्छी, खुर्कोट, डुम्रे भन्सार, बुर्तिवाङ, राकम कर्णाली, चौरजहारी
- हुलाकी राजमार्ग तथा तराईमा : १५ नयाँ सहर
  गढवा, राजापुर, भजनी, बेलौरी, गौरीगन्ज, रंगेली, बलवा, मनरा, शम्भुनाथ, ईश्वरीपुर, ब्रह्मपुरी, मौलापुर, कटहरिया, महागढीमाई, बर्दघाट
- स्मार्ट सिटी : १३
  दुल्लु, अमरगढी, टीकापुर, लुम्बिनी, धनकुटा, मर्चैया, चन्द्रपुर, काभ्रे, निजगढ, भरतपुर, वालिङ, पालुङटार, तुलसीपुर
- ट्रान्स हिमालयन : ५
  सिमीकोट, मार्तडी, लुक्ला, स्याफ्रुबेसी, जोमसोम
- अवधि : ०७२/०७३-०८०/८१
- लागत: १.५० खर्ब

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

- लक्ष्य/उद्देश्य : खाद्य पोषण सुरक्षा सुनिश्चित, कृषिलाई नाफामूलक व्यवसाय बनाएर रोजगारी सिर्जना गर्ने
- क्रियाकलाप : १५ हजार पकेट, १५०० ब्लक, ३०० जोन र २१ सुपरजोन निर्माण
- प्रतिफल : १८ मुख्य बालीको मूल्य-शृंखला विकास, कृषि उद्योगको स्थापना
- लागत : १.३० खर्ब
- अवधि : ०७३/७४-०८२/८३
- क्षेत्र : मुलुकभर

जग्गा प्रशासन सुदृढीकरण तथा अनौपचारिक भूसम्बन्ध व्यवस्थापन कार्यक्रम

- अवधि : ०७७/७८-०८०/८१
- बजेट : ३.६० अर्ब

स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा विस्तार आयोजना

- अवधि : ०७६/७७-०८०/८१
- बजेट : १.३५ खर्ब

गर्नु पासा पल्टाउने आयोजना हो। त्यसले कर्णालीको विकास मात्र गर्दैन, गरिबी घटाउन र रोजगारी बढाउन सहयोग पुऱ्याउँछ।

अहिले सबभन्दा राम्रो विकास भएको भनेको कास्कीदेखि रूपन्देहीसम्म छ। ती ठाउँ पूर्वपश्चिम, उत्तरदक्षिण बाटोले जोडिएका छन्। कालीगण्डकी, मर्स्याङ्दी जलविद्युत् आयोजना छन्। त्यही भएर मानव विकास सूचकांक ह्वात्तै बढेको छ।

त्यसैगरी पूर्वमा इलाम, पाँचथर, ताप्लेजुङ करिडोरको उत्तरदक्षिण, पूर्वपश्चिम सडक सञ्जाल छ, विद्युत् आयोजनाको विकास भइरहेको छ। पूर्वमा मेची अञ्चल छाडेर यतापट्टि (पश्चिम) आउने हो भने रामेछापसम्म दयनीय अवस्था छ।

खोटाङ र ओखलढुंगा त करिब–करिब बाजुरा र बझाङजस्तै छन्, गरिबीमा।

७ सय ५० मेगावाटको पश्चिम सेती बन्ने हो भने सबै ऊर्जा त्यहाँ खपत हुँदैन। कम्तीमा ४ सय ५० मेगावाट दिल्ली जान्थ्यो, त्यसले निर्यात बढाउँथ्यो। सुदूरपश्चिमको व्यापार घाटा हुँदैनथ्यो।

नेपालमा सबभन्दा ठूलो लोडसेन्टर काठमाडौँ उपत्यका हो। नेपालको पूरै ऊर्जाको आधा खपत त काठमाडौँमै हुन्छ। त्यसका लागि बूढीगण्डकीलाई अगाडि बढाउनुपर्छ।

(कुराकानीमा आधारित)

ध्यान केन्द्रित गर्ने हो।"

रूपान्तरणकारी आयोजनाले कुल गार्हस्थ उत्पादनमा कम्तीमा ०.५ प्रतिशत योगदान पुऱ्याउने, विषयगत लक्ष्यमा २० प्रतिशत योगदान, कम्तीमा ४० हजार रोजगारी, प्रादेशिक सन्तुलन भनिए पनि आधा दर्जनबाहेकका आयोजनामा आधार पुरा गरेको पाइँदैन।

आशलाग्दा आयोजना : प्रादेशिक सन्तुलनका हिसाबले महत्त्वपूर्ण मानिएको नयाँ सहर आयोजनाका लागि बजेट विनियोजन हुँदै आए पनि खासै प्राथमिकतामा पर्न सकेको थिएन। तर अब मध्यपहाडी र तराईमा नयाँ सहर निर्माण गर्ने तथा हिमालमा ट्रान्स हिमालयन बनाउने आयोजना रूपान्तरणकारीमा समेटिएको छ।

पहाडबाट तराई र अन्य क्षेत्रबाट काठमाडौँतर्फ बसाइँसराइ क्रम तीव्र रहेकाले यो आयोजनाको आवश्यकता बढेको हो। पूर्वअर्थसचिव खनाल भन्छन्, 'जीविकोपार्जनलाई माथि ल्याउने र रोजगारी बढाउने अनि गरिबी घटाउने किसिमका आयोजना कार्यान्वयन भएमा पासा पल्टिन्छ।"

नयाँ सहर, सहरी करिडोर, पूर्वपश्चिम राजमार्ग स्तरोन्नति, माथिल्लो अरुण, गल्छी–त्रिशूली–मैलुङ–स्याफ्रुबेंसी–रसुवागढी सडक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रसारण लाइन र औद्योगिक विकास पूर्वाधार

सार्वजनिक विद्यालय सबलीकरण आयोजना

- **लक्ष्य** : सार्वजनिक विद्यालयमा आवश्यक सिकाइ वातावरण, भौतिक पूर्वाधार, दक्ष शिक्षकको व्यवस्थापन र शैक्षिक वातावरण सिर्जनामार्फत शैक्षिक गुणस्तरको सुनिश्चितता गरी आम विद्यार्थीको रोजाइको केन्द्र बनाउने
- **उद्देश्य** :
  - सार्वजनिक नमुना माध्यमिक विद्यालयमा विषयगत दक्ष शिक्षकको सुनिश्चितता
  - सार्वजनिक माध्यमिक विद्यालयको भौतिक पूर्वाधार विकास गर्ने
  - शैक्षिक गुणस्तर सुनिश्चिततासहितको नमुना सार्वजनिक विद्यालय सञ्चालन गर्ने–गराउने
- **प्रतिफल** :
  - सार्वजनिक नमुना माध्यमिक विद्यालयमा पूर्वाधार विकास, सिकाइ वातावरणमा सुधार पर्याप्त दक्ष विषयगत शिक्षकको व्यवस्थापन, शैक्षिक सुशासन कायम भई विद्यार्थीको सिकाइ उपलब्धिमा वृद्धि भएको हुनेछ
  - माध्यमिक शिक्षामा खुद भर्ना दर ४३.९ प्रतिशतबाट ६५ प्रतिशत पुगेको हुनेछ
- **अवधि** : ०७७/०७८–०८०/८१
- **बजेट** : ८६ अर्ब

समृद्धिका लागि वन कार्यक्रम

- **लक्ष्य/उद्देश्य** : वैज्ञानिक वन व्यवस्थापनबाट काष्ठ तथा गैरकाष्ठ वन पैदावारमा आधारित ठूला तथा मझौला उद्योग स्थापन गरी रोजगारी सिर्जना गर्ने
- **प्रतिफल** : कम्तीमा २ लाख वनको दिगो व्यवस्थापन हुने, २० हजार हेक्टरमा निजी वन विकास हुने, आयोजना अवधिमा वार्षिक ३ करोड क्युफिट काठ उत्पादन हुने, वन पैदावारमा आधारित मझौला तथा ठूला उद्योग स्थापना भई वनजन्य औद्योगिक वस्तु उत्पादन हुने, वार्षिक ५ लाखले रोजगारी पाउने
- **क्रियाकलाप** : काष्ठजन्य तथा गैरकाष्ठजन्य उद्योग स्थापनामा प्रोत्साहन गर्ने, ७० हजार घरमा सुधारयुक्त ऊर्जा स्रोतको प्रवर्द्धन गर्ने, वृक्षरोपण र संरक्षण गर्ने
- **लागत** : ५८० अर्ब
- **अवधि** : ०७६/७७–०८०/८१
- **क्षेत्र** : तराईका १३ जिल्लामा काष्ठजन्य र पहाडी तथा हिमाली जिल्लामा गैरकाष्ठसम्बन्धी कार्यक्रम

राष्ट्रपति महिला सशक्तीकरण परियोजना

- **लक्ष्य/उद्देश्य** : महिलाको आर्थिक सशक्तीकरण तथा रोजगारी सिर्जना गर्ने, लैंगिक उत्तरदायी शासन प्रणाली, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यमा सुधार
- **क्रियाकलाप** : आर्थिक सशक्तीकरण, उद्यमशीलता र रोजगारी प्रवर्द्धन
- **अवधि** : ०७६/७७–०८०/८१
- **लागत** : २१.१८ अर्ब

प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिम परियोजना

- **लक्ष्य/उद्देश्य** : १ लाख १५ हजार प्रशिक्षार्थीलाई तालिम प्रदान गर्ने, टीएसएसएलसी डिप्लोमा अध्ययन गर्नेमध्ये ६ हजार ५ सय विद्यार्थीलाई छात्रवृत्ति, १०० वटा प्राविधिक शिक्षालयलाई अनुदान दिइने, १५०० बेरोजगारलाई औद्योगिक तालिम दिइने, ३ हजार प्रशिक्षार्थीलाई रोजगारी सिर्जना गर्न सहजीकरण गर्ने
- **अवधि** : ०७७/७८–०८०/८१)
- **लागत** : ५१.२५ अर्ब

राष्ट्रिय तथा अन्तरदेशीय प्रसारण लाइन आयोजना

- **लक्ष्य/उद्देश्य** : २२० केभी तथा ४०० केभी उच्च भोल्टेजका प्रसारण लाइन तथा सवस्टेसन निर्माण गर्ने
- **प्रतिफल** : विद्युत् आपूर्तिमा सुधार, क्षेत्रीय ऊर्जा निर्यात व्यापारमा वृद्धि, विद्युत् चुहावटमा कमी । उच्च भोल्टेजका प्रसारण लाइन निर्माण
- **अन्तरदेशीय प्रसारण लाइन** :
  - न्यू बुटवल-गोरखपुर ४०० केभी अन्तरदेशीय प्रसारण लाइन आयोजना
  - रातमाटे-रसुवागढी-केरूङ ४०० केभी अन्तरदेशीय प्रसारण लाइन आयोजना
- **राष्ट्रिय प्रसारण लाइनहरू**
  - हेटौँडा-ढल्केबजार इनरूवा (४०० केभी)
  - कर्णाली करिडोर (फुकोट-दोदोधारा) (४०० केभी)
  - किमांथान्का अरूण-अरूण हब (४०० केभी)
  - पश्चिम सेती-नयाँ अत्तरिया (४०० केभी)
  - तमोर हब-चाँगें(ढुंगेसांघु) (२२० केभी)
  - भेरी करिडोर (४०० केभी)
  - खिम्ती-ढल्केबर (२२० केभी)
  - हेटौँडा-भरतपुर (२२० केभी)
  - भरतपुर-बर्दघाट (२२० केभी)
  - कोसी करिडोर (२२० केभी)
  - लेखनाथ-दमौली (२२० केभी)
  - कालीगण्डकी करिडोर (४००/२२० केभी)
  - मर्स्याङ्दी करिडोर (२२० केभी)
  - मर्स्याङ्दी-काठमाडौँ (२२० केभी)
  - नयाँ बुटवल-लमही-कोहलपुर-नयाँ अत्तरिया (४०० केभी)
  - तामाकोसी-काठमाडौँ (४००/२२० केभी)
- **अवधि** : ०७७/७८-०८५/८६
- **लागत** : अनुमानित २ खर्ब

नविन पौडेल

^ पूर्वपश्चिम राजमार्गअन्तर्गत नारायणगढ-बुटवल सडक चार लेनमा स्तरोन्नति गरिँदै

आयोजना निर्धारित समयमै पूरा हुन सके आर्थिक रूपान्तरणमा सहयोग पुग्ने देखिन्छ ।

आगामी ५ वर्षमा आर्थिक वृद्धिद्धर ९.६ प्रतिशत पुऱ्याउने, गरिबीको रेखामुनिको जनसंख्या १० प्रतिशतमा झार्ने र बेरोजगारी दर ६ प्रतिशतमा सीमित गर्ने महत्त्वाकांक्षी लक्ष्य अगाडि सारेका बेला पूर्वाधार निर्माण आवश्यक रहन्छ नै ।

मुलुकमा लोडसेडिङ अन्त्य भए पनि ठूलो समस्याका रूपमा विद्युत् आपूर्ति प्रणाली कमजोर छ । यसले विद्युत् चुहावट न्यूनीकरण गर्ने नै छ, अब बन्ने आयोजनाको विद्युत् आपूर्तिमा समेत सहज तुल्याउनेछ । न्यू बुटवल-गोरखपुर ४ सय केभी अन्तरदेशीय प्रसारण लाइन र रातमाटे-रसुवागढी-केरुङ ४ सय केभी अन्तरदेशीय प्रसारण लाइनसमेत रूपान्तरणकारीमा समेटिएकाले भविष्यमा विद्युत् व्यापारमा टेवा पुग्नेछ । राष्ट्रिय योजना आयोगका सदस्य मीनबहादुर शाही भन्छन्, "प्रादेशिक विकासलाई सन्तुलन कायम गर्न पनि रूपान्तरणकारी आयोजनाको भूमिका रहनेछ ।" ने

www.k33nepal.com

ढिला नगरौं, चाडै पुगौं

के33 हेयरहोटल

कपाल झरेर चिन्तामा हुनुहुन्छ ? अब चिन्ता गर्नु पर्दैन न त कुनै Surgery न त कुनै Side Effect पुनर्स्थापना पद्धतिबाट पहिलेको जस्तो कपाल पाउनुहोस् । नुहाउन, सुत्न, स्विमिङ्ग खेल्न तथा खेलकुद आदि गर्न कुनै पनि समस्या नहुने ।



फिल्म अभिनेता
सुधांशु जोशी

K33 Hairhotel

कोटेश्वर : प्रभु बैंकको माथिल्लो तल्ला, फोन : ५१००२०७, ५१००२०८, ५१००४१९, मो: ९८५१०११३१५, इमेल : info@k33nepal.com

त्रिपुरेश्वर : युनाईटेड वर्ल्ड ट्रेड सेन्टर, पहिलो तल्ला, B78~81, फोन : ४११७२३३, ४११७२४४, इमेल : kathmandu@k33nepal.com, **चावहिल :** एसि कम्प्लेक्स पाँचौं तल्ला, फोन : ४४९९६९६, ४४६१८३७

कृषिमा अनुसन्धान चाहियो

यमुना घले

> अनुसन्धान र विकासको क्षेत्रमा आवश्यक लगानी एक प्रमुख चुनौतीको रूपमा रहेको छ ।

दैलेखमा मकैको उन्नत बीउ परीक्षण र उत्पादन गर्न छनोट गरिएको चक्लाबारीको बीचमा एक दलित महिलाको जग्गा पनि परेछ । त्यसै कारण उनले बीउसम्बन्धी कार्यक्रममा सहभागी हुने अवसर पाइन् । नतिजा, उन्नत बीउका कारण उनको सानो सुर्काबाट उत्पादन बढ्न गयो । सो मकै बीउका लागि बेचेको पैसाले लगभग दोब्बर मात्रामा खायन मकै किन्न सक्दा घरायसी खाद्य सुरक्षामा टेवा पुगेको थियो ।

साना तथा पछाडि पारिएका वर्गलाई पनि अनुसन्धानमा समावेश गर्दा कसरी फाइदा पुग्छ भन्ने यो सानो उदाहरण हो । कृषिसम्बन्धी अनुसन्धानलाई साना कृषक र महिलामैत्री तथा भौगोलिक विविधता र सांस्कृतिक पक्षलाई उजागर गर्ने खालको बनाउँदा समग्र विकासमा बढी योगदान पुग्दो रहेछ भन्ने यो घटनाले देखाउँछ ।

कृषिजस्तो जटिल र बहुआयामिक पक्ष समेटेको क्षेत्रका लागि अनुसन्धानले निकै महत्त्व राख्छ । कृषि उत्पादन खानासँग मात्र सम्बन्धित छैन, यसले उत्पादन सम्बन्ध, सामाजिक न्याय, वातावरणीय पक्ष, औद्योगिकीकरण, आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापार, जातीय र सांस्कृतिक पहिचान एवं समग्र राजनीतिक सम्बन्धलाई पनि समेट्छ । यति अहं भूमिका राख्ने कृषि क्षेत्रका लागि आवश्यक अनुसन्धानमा ध्यान दिन सके देशले अपेक्षित फाइदा उठाउन सक्छ । कृषि अनुसन्धानलाई बीउबिजन, नस्ल सुधार, सामान्य उत्पादन प्रविधि र यान्त्रिकीकरणको दायरामा सीमित राखेर बुझ्ने प्रवृत्ति भने छँदै छ ।

विकास र अनुसन्धान एकअर्काका परिपूरक हुन् भन्ने मान्यता शिक्षा क्षेत्रबाट नै स्थापित गरिनुपर्छ । विद्यालय तहदेखि विश्वविद्यालयसम्म पुग्दा युवाहरूको मानसपटलमा अनुसन्धानको महत्त्व, यसका लागि आवश्यक ज्ञान र सीप, प्राविधिक विषयगत ज्ञान एवं अन्य क्षेत्र तथा समुदायबीचको अन्तर्सम्बन्धलाई हेर्ने र बुझ्ने सीपको विकास गराउन जरुरी छ । कृषि पढाइँदा माटोको उत्पादकत्व बढाउन दिइने शिक्षासँगै त्यो माटोमा कसको अधिकार स्थापित छ, अरू प्राकृतिक स्रोत-साधनको उपयोगितालाई कसरी प्रभावकारी बनाउनेजस्ता विषयमा सोच्नु आवश्यक छ ।

यसरी खारिएको बुझाइका साथ अनुसन्धानमा आधारित भएर राष्ट्रको नीति-नियम र कार्यक्रम बनाउन सके जनताको आवश्यकतालाई प्रभावकारी रूपमा सम्बोधन गर्न सकिन्छ । अनुसन्धानमा आधारित भएर नीतिगत पैरवी गर्न सके विश्वव्यापी ऐक्यबद्धता जुटाउन र अनुसन्धानमा संलग्न अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग प्रविधि हस्तान्तरणमा साझेदारी ठूलो टेवा पुग्छ ।

अनुसन्धान र विकासको क्षेत्रमा आवश्यक लगानी प्रमुख चुनौतीको रूपमा रहेको छ । अघिल्लो वर्ष कृषि तथा वन विज्ञान विश्वविद्यालयले विश्वविद्यालय सुधारका लागि राष्ट्रिय कार्यशाला आयोजना गरेको थियो । त्यहाँ प्रस्तुत प्रमाणका अनुसार विश्वव्यापी रूपमा अनुसन्धानमा अधिकतम लगानी गर्ने दस प्रमुख देशमा अमेरिका, चीन, जापान, जर्मनी, दक्षिण कोरिया, भारत, फ्रान्स, रुस, बेलायत र ब्राजिल रहेका छन्, जसले विश्वभरिको अनुसन्धानको क्षेत्रमा ८० प्रतिशत लगानी गर्दा रहेछन् र लगानीको मात्रा पनि निकै उच्च रहेछ । तर नेपालको अवस्थालाई हेर्ने हो भने आर्थिक वर्ष ०७३/७४ मा समग्र बजेटको ६ प्रतिशत मात्र कृषि, वन र माछापालनमा लगानी गरेको र त्यसको २.५६ प्रतिशत मात्र अनुसन्धानमा छुट्याइएको उल्लेख छ । यसले के इंगित गर्छ भने समग्र विकासका लागि अनुसन्धानमा लगानीको महत्त्व छ र हामीले पनि यस क्षेत्रमा लगानी बढाउन आवश्यक देखिन्छ ।

अनुसन्धान नितान्त वैज्ञानिक र प्राविधिक विषय भए पनि यसमा समावेशिता र लैंगिक पक्ष समावेश गर्न सकिन्छ भन्ने विश्वास नेपाली वैज्ञानिकमा जगाउनु आवश्यक छ ।

नेपालले विश्वको ०.१ प्रतिशत भाग मात्र ओगटे पनि जैविक विविधताको हिसाबले विश्वमा २५ औं र एसियामा ११ औं स्थानमा पर्दछ । नेपालमा विश्वमा पाइने ३.२ प्रतिशत वानस्पतिक र १.१ प्रतिशत जीवका प्रजाति पाइन्छन् । नेपालमा भएको जातीय विविधता, संस्कार र कृषिसँगको अन्तर्सम्बन्धमा आधारित मौलिक ज्ञान, सीप र क्षमताबारे अनुसन्धान गरी यसको संरक्षण, प्रवर्द्धन एवं बजारीकरणमा टेवा पुऱ्याउन सकिन्छ । यसरी अनुसन्धानका माध्यमबाट मौलिक ज्ञान र सीपलाई पुस्ता हस्तान्तरण गर्न पनि सकिन्छ ।

अनुसन्धान गर्दा देशभित्र खपत हुने र निकासी हुने दुवै प्रकारका उपजका साथै सम्पूर्ण मूल्य शृंखला प्रक्रियामा ध्यान दिन जरुरी छ । यसका लागि उत्पादनमा मात्र केन्द्रित नभई आवश्यक बजार विस्तार गर्ने, प्रतिस्पर्धी बन्नका लागि वातावरण बनाउने, उत्पादक, उद्योगी र व्यापारीका निम्ति आवश्यक क्षमता विकास गर्ने, बाह्य लगानी आकर्षण गर्ने आदि विषय पनि समेट्नुपर्छ ।

अनुसन्धानबाट प्राप्त ज्ञानलाई शिक्षामा जोड्ने, शैक्षिक क्षेत्रमा आबद्ध शिक्षक तथा विद्यार्थी सबैले अनुसन्धानमा संलग्न हुन पाउने व्यवस्था मिलाउने र अनुसन्धानमा आधारित शिक्षाबाट प्राप्त ज्ञानलाई प्रसार कार्यक्रमसँग जोड्ने चक्रीय व्यवस्था मिलाउन आवश्यक छ । ने

पर्यटक तान्दै नुवाकोट

हिमालदेखि तराईको दृश्य र जंगल सफारी

अमृता अनमोल/बुटवल

तराई छेउको पहाडी डाँडो हो, नुवाकोट। रूपन्देही र पाल्पाको सिमाना अर्थात् बुटवलबाट ११ किलोमिटर टाढाको नुवाकोट करिब २ घन्टा पैदल यात्रामै पुगिन्छ। त्यहाँ तराईमा गर्मी हुँदा शीतल हुन्छ भने कुहिरो र हुस्सुको चिसो बढ्दा घमाइलो। हिमचुलीदेखि तराईका फाँट देखिन्छन्।

सूर्योदय र सूर्यास्तको दृश्यले जोकोहीको मन लोभ्याउँछ। उत्तरको माछापुच्छ्रे हिमाल र दक्षिणको विशाल बन्दै गएको बुटवल बजारको अवलोकन गर्न पाउँदा जोकोही

अमृता अनमोल

^ नुवाकोटबाट देखिएको बुटवलको दृश्य

रोमाञ्चित बन्छ।

जुनसुकै उमेर, रोजाइ र भावनाको भए पनि मन रमाउँछ। नुवाकोटमा पुरातत्त्वमा रुचि राख्ने, नुवाकोटगढीको अध्ययन-अवलोकन गर्न, प्रेमीप्रेमिका डेटिङ गर्न, पिकनिक खान र कोही जंगल सफारीका लागि पुग्छन्। “सबै उमेर समूहका मान्छे भेटिन्छन्,” पर्यटन व्यवसायी केहर सिंह भन्छन्, “यो सहरको कोलाहलबाट मुक्ति दिने र शीतलता प्रदान गर्ने नजिकको केन्द्र बनेको छ।”

नेपाल-अंग्रेज युद्धमा नेपालीले अंग्रेजलाई पराजित गरेको ऐतिहासिक जीतगढी किल्लाको यो सहायक गढी हो। गौतम बुद्धका बाबु शुद्धोधनका गुरु ऋषि कालदेवलको आश्रमस्थलका लागि पनि नुवाकोट प्रसिद्ध छ। यहाँ भगवती मन्दिर, भैरवकामना मन्दिर, खड्ग मन्दिर, राजा मणिमुकुन्द सेनको ग्रीष्मकालीन दरबारको भग्नावशेष, तोपाहान क्षेत्र, हतियार राख्ने र लुकाउने खरखजाना घर छ।

बुद्धकालीन संरचना झल्काउने राजा शुद्धोधनका गुरु ऋषि कालदेवल आशुतोषको आश्रमस्थल, रानीकुवालगायत ऐतिहासिक र पुरातात्त्विक संरचना छन्। व्यवसायीले थालेको पर्यटन पूर्वाधारका योजनालाई सघाउन प्रदेश सरकारले २ करोड रुपैयाँमा सांस्कृतिक डबली निर्माण गर्न लागेको छ।

संघीय सरकारले मणिमुकुन्द सेन उद्यान फूलबारी नजिकैबाट नेपाली सेनाको सहयोगमा यहाँ पुग्ने ट्रेकिङ रुट निर्माण गरेको छ। ट्रेकिङ रुटबाट हिँड्दा निगाली बाघ, हरिण, मृग, बँदेल, मयुरलगायतका वन्यजन्तु देख्न सकिन्छ। “एउटै प्रकृति र रडरोगनसहितका घर तथा कटेज निर्माणाधीन छन्। सडक, पानी, विद्युत्, टेलिफोन र महत्त्वपूर्ण ऐतिहासिक स्थलको व्यवस्थापन हुँदै छ,” नुवाकोट विकास समितिका अध्यक्ष माधव नेपाल भन्छन्, “होटल, रेस्टुराँ, रिसोर्ट, भ्यू टावर, केबलकारका योजना कार्यान्वयनमा छन्।”

डाँडामा पानी नभएकाले ८५ लाख रुपैयाँ लगानीमा करिब १ किलोमिटर टाढाबाट पम्पिङ गरिएको छ। मणिमुकुन्द सेन उद्यान फूलबारीदेखि उत्तरपूर्वपट्टिको देउरालीबाट पाल्पाको नुवाकोटगढीसम्म केबलकार पुर्‍याउन सिद्धार्थ केबलकार प्रालिले १ अर्ब १० करोड रुपैयाँ लागतमा पूर्वाधार विस्तार थालेको छ। केबुलकार सञ्चालक राजेन्द्रसिंह गुरुङका अनुसार आउँदो वर्ष २ किलोमिटर ९० मिटर लम्बाइको केबलकार सञ्चालन हुनेछ। दैनिक १० हजार यात्रु बोक्ने क्षमता रहनेछ। सुरुआतमा १ घन्टामा १ हजारका दरले पर्यटक बोक्ने गुरुङ बताउँछन्।

४० रोपनी भिरालो जमिनमा व्यवसायीको समूह हिलसाइड रिसोर्ट सञ्चालनको तयारीमा छ। स्थानीयले प्रयोग गरेका पहाडी घरलाई सजाइएको छ। अध्यक्ष पीएल श्रेष्ठका अनुसार रिसोर्टमा प्राकृतिक मेडिटेसन हल, भ्यू टावर, कटेज, प्राकृतिक विश्रामस्थल, रेस्टुराँ, स्थानीय उत्पादन बिक्रीकक्ष आदिको व्यवस्था रहनेछ। कार्यक्रम तथा सभा गर्न साना-ठूला हल र क्याम्प फायरिङका लागि प्लट छन्। ठूला रूखका लहरा र हाँगाबिंगालाई व्यवस्थित गरेर रूखमै खानपिनको मज्जा लिने बनाइँदै छ।

०५९ मा बुटवल नगरपालिकाले नुवाकोटको विकासका लागि योजना अघि सारेको थियो। पाल्पाको सिद्धबाबा क्षेत्रमा पहिरोका कारण पटक-पटक सडक अवरुद्ध हुन थालेपछि यसको विकल्पका लागि बुटवल-बेलवास र नुवाकोट-दोभान सडक निर्माणाधीन छ। तिनाउ नदीको किनार र वनको छेउबाट जाने भएकाले सडकको नामै शान्तिमार्ग राखिएको छ। “सहरको कोलाहल, तनाव, व्यस्तता र तराईको गर्मी छलेर शान्त र शीतल खोज्ने मान्छे अहिले बढेका छन्,” विकास समिति अध्यक्ष नेपाल भन्छन्, “तिनै पर्यटकलाई तराई तथा हिमालको दृश्यावलोकन र जंगल सफारी गराउन नुवाकोट पर्खिरहेको छ।” ने

कलाको डुंगामा सवार जोडी

nepalmag.com.np

सुनिता लोहनी

तस्बिर : सरोज बैजु

ईशान परियार र सविता डंगोलका धेरै कुरा अमिल्दा छन् या धेरै मिल्दा पनि । ईशान पोखराजस्तो प्राकृतिक रमणीय ठाउँमा हुर्किए भने सविता प्राचीन कलाले समृद्ध काठमाडौंमा । ईशानको चित्रकौशलबाट प्रभावित सविता उनैबाट धेरै कुरा सिक्न सक्ने सोच्थिन् रे । ईशान सविताको जिज्ञासु र सिक्ने चाहना देखेर प्रभावित हुन्थे ।

काठमाडौंको नेवार समुदायमा हुर्केकी सविता सानैदेखि पढाकु र प्रतिभाशाली थिइन् । ०५८ मा एसएलसी गरेपछि उनी डाक्टर बन्ने सपनाले त्रिचन्द्र क्याम्पसमा विज्ञान पढ्न थालिन् । तर भौतिक विज्ञानमा अनुत्तीर्ण भएपछि खाली समय सदुपयोग गर्न विश्वभाषा क्याम्पस भर्ना भइन् । सरकारी स्कुल पढेकाले उनको अंग्रेजी राम्रो थिएन । भन्छिन्, "त्यही अंग्रेजीका कारण फिजिक्समा फेल भएँ । अंग्रेजी सिकेरै छाड्छु भन्ने हुटहुटी थियो ।"

क्याम्पसमा उनको भेट ज्ञानु भन्ने साथीसँग भयो । साथीले ललितकलामा चित्र पढ्ने भनेपछि सविताले त्यहाँ संगीतमा भर्ना हुने सोचिन् । उनी सानैदेखि चित्र बनाउँथिन् । गिलासमा चित्र कोर्थिन् । ट्रकमा टाँसेका पहाड, झरनाका चित्र हुबहु उतार्थिन् । विज्ञान विषयमा धेरै चित्र कोर्नुपर्थ्यो । त्यसमा उनी अब्बल थिइन् । भन्छिन्, "सबै कुरा बुझ्दा संगीतभन्दा चित्रै राम्रो लाग्यो र भर्ना भएँ । सँगै गएकी साथीले भने चित्र बनाउन छाडिसकिन् ।"

जब ईशान ललितकला क्याम्पसमा चित्र बनाउन बस्थे, अन्य विद्यार्थी उनको वरिपरि झुम्मिन्थे । यसरी झुम्मिनेमा पत्नी सविता पनि हुन्थिन् । कला पढेर यसमै जीवन बिताएका यी जोडी अहिलेको पुस्तामा अब्बल कलाकारका रूपमा दरिन्छन् ।

भर्खरै यो जोडीको संयुक्त चित्रकला प्रदर्शनी 'आत्मीयता' ले धेरैलाई मन्त्रमुग्ध पार्‍यो । दोस्रो पटक संयुक्त चित्र प्रदर्शनी गरेका उनीहरू आफूलाई कलाको डुंगामा सवार गरेको ठान्छन् ।

०७२ मा बिहेपछि हरेक वर्ष चित्र प्रदर्शनी गर्ने सोच थियो । २१ माघ उनीहरूको बिहेको दिन । कलाकारको बिहे वार्षिकोत्सव फरक शैलीले मनाउनुपर्छ भन्दै उनीहरूले चित्र प्रदर्शनी गर्ने सोच बनाए । तर ३ वर्षअगाडि उनीहरूले पहिलो प्रदर्शनी गरेका थिए । लभ सिरिजको आत्मीयता त्यसैको दोस्रो शृंखला हो ।

ईशानलाई विद्यालय छँदै चित्रमा पुरस्कृत भएपछि चित्र बनाउने हौसला मिल्यो । ईशानले उदितसँग पानी रङमा चित्र बनाउन सिके र एकल चित्र प्रदर्शनी गरे । आर्ट ग्यालरीमा कार्यालय सचिवको रूपमा काम गरे । काठमाडौंमा उनले चिनेका मान्छे कोही नभएकाले पोखराबाट आएर पढ्ने हौसला भएन । तर साथी फिरोजले काठमाडौंमा पढ्ने थाहा पाएपछि सँगै बसेर पढ्न थाले । पढाइ र कोठाभाडा खर्चका लागि ठमेलको आर्ट ग्यालरीमा चित्र बेच्थे उनी ।

परिवारमा ६ दाजुभाइ र ३ दिदीबहिनीमा

> **ईशान केही समयदेखि डुंगालाई क्यानभासमा उतारिरहेका छन् भने सविता काइँयोलाई ।**

कान्छा थिए ईशान । त्यसको विपरीत ६ दिदीबहिनी र ३ दाजुभाइमा दोस्रो कान्छी थिइन्, सविता । दुवैलाई गायक नवीन के भट्टराईको गीत खुब मन पर्छ । सधैं सुन्ने गर्छन्, गुनगुनाउँछन् पनि । यस्तै, ईशान केही समयदेखि डुंगालाई क्यानभासमा उतारिहेका छन् भने सविता काइँयोलाई । ईशानले ०६८ देखि नै डुंगा-चित्र बनाउन थालेका हुन् । वस्तुको रूपमा मात्र बनाइरहेको डुंगालाई उनी जीवनसँग दाँज्छन् । उनका चित्र बौद्ध धर्मबाट प्रेरितजस्ता लाग्छन् ।

ईशानको डुंगामा नेवारी पहिरनमा सजिएकी मोनालिसादेखि बुद्धको अवतार अवलोकेतेश्वरसम्म चढिसकेका छन् । रेमिनिसेन्स शीर्षकको पेन्टिङका लागि उनले राष्ट्रिय पुरस्कार पनि जितेका थिए ।

सविताले काइँयोलाई बिम्बका रूपमा प्रयोग गरेकी छन्, चित्रहरूमा । उनी काइँयोलाई समस्या समाधानका रूपमा बुझ्छिन् । उनका चित्रमा कल्पनाशीलता र यथार्थको मिश्रण अद्भुत लाग्छ । रङसँग बढी खेलेका उनका पेन्टिङ मिथिला कलाबाट प्रभावित भएजस्तो लागे पनि शैली भने भिन्न छ । उनी कन्सेप्ट सोचेर भने खासै चित्र बनाउँदिनन् । पर्फर्मेन्स आर्ट गर्दा भने कन्सेप्ट महत्त्वपूर्ण रहेको सविताको बुझाइ छ ।

ईशान पनि पर्फर्मेन्स आर्ट गर्छन् । शरीरलाई क्यानभासको रूपमा प्रयोग गरिने पर्फर्मेन्स आर्ट गर्दा सवितालाई भने थेरापिटिक थेरापी गरेजस्तो हुन्छ । ०६९ मा पहिलो पटक पर्फर्मेन्स आर्ट थालेकी सविता सामाजिक र व्यक्तिगत दुवै विषयमा प्रस्तुति दिन्छिन् । अहिलेसम्म २० भन्दा बढी पर्फर्मेन्स आर्ट गरिसकेकी सविता भन्छिन्, "कलाकारले आफ्नो क्षेत्र फराकिलो बनाउँदै लैजानुपर्छ । पर्फर्मेन्स आर्टमा अवसर पनि बढी छ ।"

कला क्षेत्र सिद्धान्ततः स्वतन्त्र भए पनि व्यावहारिक रूपमा त्यस्तो नभएको यी दुवै कलाकारको बुझाइ छ । गुट-उपगुट धेरै हुनाले स्वतन्त्र अभिव्यक्ति दिन नपाएको उनीहरू बताउँछन् । एउटाको कार्यक्रममा भाग लियो भने अर्कोमा नलियोस् भन्ने अभिलाषा राख्छन् । त्यसैको विरोधस्वरूप उनले पानीमा फरक-फरक रङ घोली शरीरमा खन्याएर प्रस्तुति दिएकी थिइन् ।

ईशान सविताका लागि मालीजस्तै हुन् । भन्छन्, "सविता प्रतिभाशाली छिन् । उनको प्रतिभालाई मलजल गर्नुपर्छ । मैले जस्तो सहयोग अरूले गर्न सक्दैन भन्ने लाग्थ्यो ।" त्यसो त सविता पनि पति ईशानलाई प्रवर्द्धन गर्न पछि परेकी छैनन् । कमर्सियल पेन्टिङमै रमिरहेका ईशानलाई चित्र प्रदर्शनी गर्न सविताले नै प्रेरित गरिन् ।

आफूहरूलाई कलाकारभन्दा पनि पतिपत्नीमा सीमित गरेर अवसर र पुरस्कारबाट वञ्चित गर्न खोजिएको सविता र ईशानको अनुभव छ । राष्ट्रिय स्तरका प्रतियोगितामा भाग लिँदा पतिले पुरस्कार पाउने भएपछि पत्नीलाई किन जिताउने भन्ने व्यवहार भोग्नुपर्दा नमीठो लागेको उनीहरू सुनाउँछन् ।

अझ पत्रकारले अन्तरजातीय विवाहको कुरा खोतलेर दिक्कलाग्दो बनाउने गरेको उनीहरूको दुःखेसो छ । ईशान भन्छन्, "हामी साथमा छौं किनकि दुवै कलानुरागी हौं र मिहिनेती पनि छौं । अन्तरजातीय विवाह गर्दैमा होइन ।" ने

तीन किताब

अविनाश श्रेष्ठ | साहित्यकार





'रक्षपति रावण'

भारतवर्षमा वैदिक आर्य आगमनको इतिहासबारे धेरै बहस र अनुसन्धान भएका छन् । आचार्य चतुरसेनले आर्य सभ्यताको ऐतिहासिक क्रम र स्वरूपलाई सरस चित्रण गरेका छन्, **वयं रक्षामः** मा । रावणको वंशवृक्ष उतार्ने सिलसिलामा उनले आर्यहरूको आगमन, शाखा-प्रशाखा, अर्थव्यवस्था र रणनीति रोचक शैलीमा पस्केका छन् ।

भक्तिकालमा रामायणका अनेकौं रूप आए पनि तिनीहरूको केन्द्रीय नायक राम र खलनायक रावण नै थिए । तर रावणको नायकत्व स्थापित गरिएकैले *वयं रक्षामः* अद्भुत मानिएको हो । ऋग्वेद, संहिता, ब्राह्मण, उपनिषद्का आधारमा लेखिए पनि यस किताबमा पुरातात्त्विक साक्ष्यहरू उल्लेख छैन । कतिपय घटना साँचो नहुन पनि सक्छन् तर लेखकले किंवदन्तीको टेकोमा आफ्नो उपन्यासलाई बलियोसँग उभ्याएका छन् । लंकावरपरका द्वीपहरू जितिसकेपछि रावणको नजर स्वर्णलंकामाथि पर्छ । रावणका सौतेनी दाजु लोकपाल धनेवर वैश्रवण कुबेर यक्षराज त्यहाँका अधिपति थिए । रावणले असुर रक्तका मावलीहरूबाट पनि प्रशस्त सहयोग लिएर आफूलाई शक्तिशाली बनाए । शरीरमा ब्राह्मण रक्त भए पनि उनी आर्यहरूमाथि प्रतिद्वन्द्वी तथा प्रतिशोधको भाव राख्थे । उनी आर्य संस्कृतिमाथि आक्रमण गरेर नयाँ सुरूआत गर्न चाहन्थे- रक्ष संस्कृति । आफूलाई 'रक्षपति रावण' भन्न मन पराउने उनले जितेकाहरूलाई मार्दैनथे र आफ्नो अधीनमा रहने सर्तमा रक्षा गर्ने हौवा पिटाएर विजयी हुंदै जान्थे । रक्ष संस्कृतिलाई उपनिवेशवादको आदिम स्वरूप मान्न सकिन्छ । राज्य विस्तारका क्रममा भएका युद्धको वर्णन यति जीवन्त छ कि पाठकलाई आफैं युद्धभूमिमा रहेको भान हुन्छ । दैत्य कुलकै सहयोगमा रावणले लंकामाथि आधिपत्य जमाए । आर्य र अनार्य मिश्रणको प्रतीकजस्तो लाग्ने रावणलाई सांस्कृतिक सम्मिलन र घर्षणको उदाहरणका रूपमा पनि हेर्न सकिन्छ ।

मानव-समाज विकासको चरणलाई राहुल सांकृत्यायनले **वोल्गा से गंगा**मा विज्ञानसम्मत शैलीमा चित्रण गरेका छन् । मार्क्सवादको द्वन्द्वात्मक भौतिकवादलाई आफ्नो व्याख्याको मूल आधार बनाए पनि राहुलले यस किताबमा वैदिक रचनाहरूको सहयोग लिएका छन् । वैदिक ग्रन्थका उषः सूक्त र नासदीय सूक्तको चिन्तनलाई समेत राहुलले आफ्नो वैचारिकीमा ग्रहण गरेको देखिन्छ ।

पात्र र कथासँगै तत्कालीन समय, समाजको संरचना, विकासको क्रम आदिलाई मनोहारी ढंगले अघि सार्छन्, राहुल । उनले कथाहरूलाई पूर्वऋग्वैदिक कालीन र उत्तरऋग्वैदिक कालीन गरी विभाजन गरेकाले सभ्यता अध्ययनका लागि पाठकलाई सहज हुन्छ । यस पुस्तक लेखनमा साहित्यिक ग्रन्थदेखि गुप्तकालीन अभिलेखसम्मको प्रशस्त सहयोग लिएको देखिन्छ । हरेक कथामा मिति पनि उल्लेख गरिएकाले मानव भौतिक विकासको उत्तरवर्ती अनुसन्धाताका लागि ऐतिहासिक गोरेटो हुन सक्छ, यो किताब । लिखित साहित्यमा वर्णित पात्रबारे धेरथोर चर्चा भएकै छ तर श्रुति परम्परामा उल्लिखित कथा पढ्दा भने पाठकहरू कौतूकमय हुन्छन् । इसापूर्व ६ हजार वर्ष अगाडिबाट सुरु हुने पहिलो कथामा उनले कबिला संस्कृति र मातृसत्तात्मक समाजको सांगोपांगो चित्रण गरेका छन् । जंगली युगका मानिस सहयोगी भावनाभन्दा एकअर्कामा काटमार बढी गर्थे । आदिम युगमा जंगली जनावरसँग लड्न ढुंगाको हतियार प्रयोग गर्ने मान्छेले अश्व र गोमांससमेत ग्रहण गर्थे ।

प्राचीन वैदिक साहित्यमध्ये पुराणहरू सोह्रौं शताब्दीसम्म लेखिँदै थिए, जसमा स्वैरकल्पनाको आधिक्य छ । पुराणमा इतिहासको अंश रहे पनि बढी उडन्ते कथाहरू थिए । तर आचार्य चतुरसेनले **वैशाली की नगरवधू** लेख्न बुद्धकालीन अनेकौं कृति अध्ययन गरेको देखिन्छ । आम्रपालीको निहुँमा लेखकले तत्कालीन भारतका राजनीति, अर्थनीति, प्रशासनतन्त्रलाई सूक्ष्म ढंगले केलाएका छन् । इतिहासमा एक जना प्रकाशमान व्यक्ति जन्मिए त्यसको चौतर्फी उज्यालो फैलिन्छ भन्ने उदाहरण हुन्, बुद्ध । उनको पालाका राजा, विद्वान्, ऋषि, सेनापति, दार्शनिकदेखि सामान्य व्यापारीको समेत नाम हामीलाई ज्ञात छ । विदेह राज्यमा टुट्ने-फुट्ने क्रम चल्यो । अष्टकुलमा आवधिक निर्वाचन हुन्थ्यो र कडा कानुनको पालना गरिन्थ्यो । उपन्यासको सशक्त पक्ष हो- वर्णशंकर संस्कृति, जो द्वन्द्वात्मक इतिहासमा आधारित छ । कोशल, काशी, वत्सजस्ता साम्राज्यहरूको बीचमा बज्जी संघ थियो, जसको राजधानी थियो- वैशाली । त्यो विशालनगरमा ७ हजार ७ सय ७७ वटा पोखरी, प्रासाद, बगैंचा, अतिथि गृह थिए । यस्तो भव्य राज्यमा एउटा कानुनचाहिं खराब थियो- रूपवती कन्याले एउटा वर मात्रै चुन्न नपाउने तर सर्वभोग्या हुनुपर्ने । कानुनको विरोध गर्दागर्दै पनि केशशुल्का बन्नुपर्ने बाध्यता आइपर्छ, रूपवती आम्रपालीलाई । उनी फन्दामा परे पनि सचेत थिइन् । उनै आम्रपालीको रूपमा फसेका शासक र शक्तिशाली पुरूषहरूको कथा यस उपन्यासमा छ । राज्य-राज्यबीच हुने आक्रमण तथा प्रत्याक्रमण र खराब कानुनको खराबै परिणामको अन्तर्यलाई उपन्यासमा राखेर चतुरसेनले तत्कालीन इतिहास निफनेका छन् । आक्रमणपछि लिच्छविहरू नेपाल प्रवेश गरेसँगै कुमारी प्रथा भित्रियो । कुमारीलाई सर्वभोग्या बनाउने तत्कालीन कानुनको प्रायश्चितस्वरूप यता आएर कुमारी पूजा थालेको हुन सक्छ किनकि त्यही कानुनले एउटा बलियो राज्य इतिहासको गर्तमा विलीन भयो । ने

■ **प्रस्तुति : गुरुङ सुशान्त**

जेलभित्र र बाहिर महिला

अरूणा उप्रेती

का*रा* र *दुलारी* पढ्दा मैले नेपाली महिलाको अवस्था र मुसहर समुदायमा गएर आफैंले देखेका घटना सम्झें । दुवैलाई 'उपन्यास' भनिएको छ । सबै घटना र पात्र अहिलेकै वास्तविकतासँग मेल खान्छन् ।

दुवै किताबमा महिलालाई गरिने विभेद, दलितलाई गरिने अपमान, गरिबले भोको पेट सुत्नुपर्ने व्यथा लेखिएका छन् । काठमाडौंमा बस्नेलाई लाग्न सक्छ, यस्तो पनि हुन्छ र ! नेपालमा खान नपाउने अवस्थाका मान्छे पनि छन् र ? दलितहरूलाई साँच्चै यसरी अपहेलना गरिन्छ ? जेलभित्रका नाइकेहरू के प्रहरीसँग मिलेर बदमासी गर्छन् ? नयाँ बन्दीलाई के *कारा*मा भनेजस्तै गरिन्छ र ? के जेलभित्र पनि यौन शोषण हुन्छ र ? यी दुवै किताब लेखकको अनुभवमा आधारित भएकाले यी घटना सत्यको धेरै नजिक छन् ।

*कारा*मा मानसिक रूपमै बिरामी महिलालाई जेलकी नाइकेले कठोर सजाय दिन छिंडीमा राख्छिन् । छिंडीमा शौचालय नभएको र कोठामै दिसापिसाब गर्नुपर्ने दशा देखाइएको छ । जेलमा नाइकेहरूको साम्राज्य चल्छ । प्रहरीलाई हातमा लिएर उनीहरू जे पनि गर्न सक्छन् । कारागारभित्र छुट्टै संसार छ ।

प्रायः यस्ता घटनाबारे कहीं बोलिँदैन, लेखिँदैन । जेलभित्र मारपिट भएर बन्दीहरू घाइते भएपछि मात्र केही घटना मात्रै बाहिर आउँछन् । *कारा*मा हिरा आफ्नो लोग्नेलाई मारेर जेलमा परेकी छिन् । उनको छोरा पनि जेलमा सँगै छ । हिराको कथा-व्यथा पढेपछि मलाई लागेको थियो, वास्तवमा 'न्याय' त हिरालाई स्वतन्त्र छाडेर पो हुने थियो । १७ वर्षकी हिराको आफूभन्दा धेरै उमेरले जेठो लोग्ने छ । लाहुरेले आफ्नी छोरीभन्दा पनि सानो उमेरकी हिरालाई छोरा पाउन बिहे गर्छ । हिरा खुसी छैनन् । तर लोग्ने धनी भएकाले भरपेट खान पाएकी छन् ।

पहिलो सन्तान छोरी भएपछि लोग्ने रिसाएर हिरालाई पिट्छ । छोरा पाएपछि 'त्यो छोरा मेरो होइन' भनेर कराउँछ । एक दिन रक्सी खाएर खुकुरी नचाएर हिरा र छोरालाई मार्न खोज्छ । छोरालाई मार्न थालेपछि हिराले लोग्नेबाट खुकुरी खोस्छिन् र उसैमाथि नै जाइलाग्छिन् । लोग्नेको मृत्यु हुन्छ । हिरा प्रहरीमा आफैं 'मैले लोग्ने मारेँ' भन्न जान्छिन् । हिरा जेल जान्छिन् तर उनीमाथि लोग्नेले अन्याय गरेको थियो भनेर कसैले विचार गर्दैनन् ।

प्राकृतिक न्यायअनुसार आफू र आफ्नो छोराको रक्षा गर्ने अधिकार हिराको थिएन र ?

*कारा*की हिराजस्तै नेपाली जेलमा बसिरहेका थुप्रै महिला होलान्, जसले आफ्नो रक्षा गर्दा पनि जेल जानुपर्छ । जब अदालतले त्यसको कारण खोतलेर पीडितलाई न्याय दिलाउने जमर्को गर्दैन, न्यायको नाममा अन्याय नै भइरहन्छ । यस्ता अन्यायमा बसेका महिलाको कथा हो, *कारा* ।

*दुलारी*मा चाहिं समाजमा कति अन्याय छ भन्ने देखिन्छ । मुसहरकी छोरी दुलारीले पेटभरि भात खाने इच्छा मार्नुपर्छ । उसका आमाबा दुवै चरम गरिबीमा बाँचेका छन् । तराईको दलित समुदायमा गएर हेर्‍यो भने थाहा हुन्छ, *दुलारी* सत्य घटना हो । *दुलारी* पढेपछि लाग्यो- यो उपन्यास होइन, कसैले सिरहा वा सर्लाहीको दलित बस्तीमा गएर गरेको टिपोट हो ।



कारा
लेखक : **सुशीला कार्की**
प्रकाशक : **किताब पब्लिसर्स**
पृष्ठ : २२७+९
मूल्य : **३८० रुपैयाँ**



दुलारी
लेखक : **मुना चौधरी**
प्रकाशक : **सांग्रिला बुक्स**
पृष्ठ : २९०
मूल्य : **३९५ रुपैयाँ**

सिरहाको बस्तीपुर जाँदा मैले देखेकी थिएँ, दलित मुसहर, पासवान, डोम कसरी अति निम्न कोटिको जीवन बिताउँछन् ! *दुलारी*ले यही सत्यलाई कथामा देखाएको छ । दुलारी स्कुल पढ्न जान सक्दिन । उसको भाइ पनि मालिककहाँ काम गर्न जाने हुँदा स्कुल पढ्न पाउँदैन । मुसा खोजेर खाँदा घरमा दसैं नै आएको भनेर दुलारी दंग पर्छिन् । कस्तो दुर्दशा !

पुरानो, च्यातिएको लुगा लगाएर स्कुल जाँदा साथीहरूले जिस्काउँछन् । तर एउटै मात्र पुरानो गन्जीले उसको लाज छोपेको थियो । त्यो नै च्यातिदिँदा ऊ रोई । कस्तो विवशता ! स्कुल जाने लुगा हुनु त परै जाओस्, मालिकले दिएको पुरानो, प्वाल परेको गन्जीसमेत च्यातियो, दुलारीको । दुलारीको च्यातिएको गन्जी, फ्रक आदिको वर्णन पढ्दा मन दुख्छ । दुलारीको स्कुल त नाम मात्रको छ । उनलाई पढ्न आउँदैन । घरमा कसैले वास्ता गर्दैन । दलित बस्तीका स्कुलमा शिक्षकले वास्ता गर्ने त कुरै भएन । दुलारीकी साथीको बालविवाह भएको छ । सर्लाही, सप्तरी, सिरहा र तराईका दलित मुसहर बस्तीको कहानी हो, *दुलारी* ।

दुलारी पढ्दा मलाई मधेसका नेताहरूको भाषण याद आउँछ- 'मधेस हेपिएको छ । मधेसको विकास भएको छैन ।

स्वायत्त शासन चाहिन्छ । हामी विभेदमा परेका छौं ।' यसो भन्ने नेताहरूले तराईमा मुसहरमाथि भएको विभेद, बस्तीमा चर्पी र स्कुल चाहिन्छ भनेर बोलेको कहिल्यै सुनिएको छैन ।

पहिलेदेखि नै कसैले ध्यान नदिएको हुनाले, जातको नाममा अपमानित हुनाले, सम्पत्ति-जग्गा केही नहुनाले तराईका दलितमा आत्मविश्वास छैन । उनीहरू जमिनदारको घरमा काम गर्न जाने, पिटाइ खाने, अपमानित हुने र बलात्कृत हुने त यति सामान्य छ कि यसबारे कसैले प्रश्न उठाउँदैन । दलित आन्दोलनले कहिलेकाहीं टाउको उठाउँछ । तर प्रहरी, कानुन, समाजका अग्रज कोही पनि दलितहरू अरूजत्तिकै पढून्, काम गरून्, पेटभरि खान पाऊन् भन्ने चाहँदैनन् भन्ने तथ्य *दुलारी*मा उजागर भएको छ ।

केही वर्षअघि डोम चमारले 'सिनो फाल्दैनौं' भनेर आन्दोलन गर्दा ठूला जातकाहरूको 'सातो' नै गएको थियो । उनीहरूले दलितहरूलाई 'अब तँ हामीसँग बराबरी गर्ने' भनेर दबाउन खोजेका थिए । त्यो आन्दोलनले दलितको जीवनमा केही अन्तर ल्याए पनि समाजमा अपहेलित नै छन् । उनीहरूको स्वास्थ्य, शिक्षा, सामाजिक विकासमा तराईका अग्रजको ध्यान पुगेकै छैन । त्यसैले दलितले आफ्ना सन्तानको बालविवाह गर्दा कथित ठूला जातिहरू उनीहरूको निमन्त्रणामा सामिल भइटोपल्छन् । अर्थात्, बालविवाहका अपराधमा सामिल हुन्छन् । बालिका वधु र बालक वरलाई आशीर्वाद पनि दिन्छन् ।

कारा र *दुलारी* दुवैले नेपाली महिलाको जीवनको त्रासदी देखाएका छन् । दुवै किताबमा राजनीतिक घटना पनि छन् । *कारा*मा लेखक नै राजनीतिमा लागेर जेल परेकी छिन्, *दुलारी*मा माओवादी युद्धका कारण भएको मुसहरको जीवनको दुःख छ । दुलारीले लामा-लामा दर्शन छांट्दा *दुलारी* अलि अमिल्दो लाग्छ । किताबको पहिलो आधा भाग जति सहजतापूर्वक बग्छ, दोस्रो भाग सलल बग्दैन । तर दुवै किताबले नेपाली समाजको त्रासदी देखाउँछन् । एउटाले जेलभित्र, अर्कोले जेलबाहिर । पीडितचाहिं महिला नै छन् । यो हाम्रो सामाजिक यथार्थ हो । दुवै किताबले नेपाली नारी कहां छन् भन्ने प्रश्न गर्छन् । ने

रूखहरूको बिदाइ वार्ता

राजव

उनीहरू रूख थिए
एक दुई तीन असंख्य बलिरहेका थिए
बस्तीमा हाहाकार थियो
जंगल बलिरहेको थियो

बिदाइ वार्तामा थिए रूखहरू
भन्दै थिए
अब चराहरू कहाँ बस्ने हुन्
तिनका ससाना पँखेटाहरू
मसिना खुट्टाहरूको कुन्नि के हाल भयो ?
ती कतै सुरक्षित उड्न पाए कि पाएनन्

रूखहरू ढाडसम्म डढिसकेका थिए
चराहरूको चिन्ता गर्दै
भन्दै थिए,
तिनले गुँड कहाँ लाउने हुन्,
चारो कहाँ खोज्ने हुन्
कतै सुस्ताउने ठाउँ
र पानीको कुवा भेटे, भेटेनन्

आकाश मास्तिर
वायुबीच फैलिएका
तिनका हाँगाहरूमा
बसेका सब चराहरू
जंगलमा बल्न थालेका
एक एक रूखहरू छाडेर
उडेको घन्टौं भयो
तर रूखहरू अझै चराहरूको
तिनका बचेराहरूको चिन्तामा
बल्दै थिए

रूखहरू, सायद
घरभित्र चुलोमा आगो फुकिरहेकी
आमाका अवतार हुन्
वा कुनै देवी

रूखहरू बल्दै भन्दै थिए
हाम्रो खरानीबाट
अब अक्सिजन निस्कन सक्दैन
चराहरू अब कहाँ, कस्तो सास फेर्ने हुन्
अब हामी फूलका लागि जिउँदो हुँदैनौं
माहुरीहरू
मह केबाट पार्ने हुन्

यो आगोमा
हाम्रा जराहरू मात्र जोगिए
हामी फेरि धर्ती चिरेर उठ्ने थियौं
जोगिने थियो, माटोको रस
वायुको स्रोत
फेरि जन्म लिने थिए हरिणहरू
सुनिने थियो खरायोका सन्याक सुरुक
देखिने थियो
पुतलीहरूको वायु नृत्य
फेद फेद, हाँगा हाँगा, पात पातमा
तिनका गर्भनाल
रंगीन झुसिल किराहरूको परेड
हेर्न पाइने थियो
कटुस छोडाइरहेका चनाखा लोखर्केहरू

फेरि तयार हुने थियो
धर्तीको बगैंचा

रूखहरू
वायु, पानी र आफ्नो दहनमा लागेको
अग्निको पनि चिन्ता गर्दै थिए
भन्दै थिए,
हामी नहुँदा यी केबाट प्रज्वलित होलान् र ?

शत्रु, पीडक
सबको अस्तित्व चिन्ता गर्ने
साधुको आत्मा हुनुपर्छ रूख

जमिनमा जरा गाड्नेहरू
संकटको धर्ती छाडेर
उड्न पाउँदैनन् ।

पिताको छाया

रोनाल्डोका छोराका आदर्श मेसी, मेसीका छोरा रोनाल्डोका प्रशंसक

पवन आचार्य

खेलकुदमा सार्वकालिक महान् खेलाडी जन्मिन समय लाग्छ। लामो अन्तरालमा जन्मिने यस्ता प्रतिभा एकै समयमा उदाए भने के होला ? अर्जेन्टिनाका लियोनेल मेसी र पोर्चुगलका क्रिस्टियानो रोनाल्डोलाई हेरे पुग्छ। यति हुँदा पनि यी खेलाडीलाई खासै असर पर्दैन तर फुटबल समर्थकलाई भने अप्ठेरो पर्न सक्छ। फुटबल पण्डितहरू भन्छन्, 'विश्व फुटबल तीन खेमामा विभक्त छ। एउटा मेसीलाई मन पराउने। अर्को रोनाल्डोलाई आदर्श मान्ने। तेस्रोचाहिँ दुईले हासिल गर्ने सफलतामा आनन्दित हुने।'

मेसी र रोनाल्डो दुवै स्पेनी लिगमा हुँदा मैदानभित्र र बाहिर पनि उनीहरूको प्रतिद्वन्द्वितालाई लिएर खुबै चर्चा हुन्थ्यो। मेसी बार्सिलोना र रोनाल्डो रियल मड्रिडबाट खेल्थे। रोनाल्डो हाल इटालीको युभेन्ट्समा आबद्ध छन्। बार्सिलोना र मड्रिडको राजनीतिक सम्बन्ध एवं फुटबल दुवै प्रतिस्पर्धात्मक हुँदा त्यसको असर आफ्नै समयका उत्कृष्ट खेलाडीहरूबीच पर्ने नै भयो। उत्कृष्टताको होडमा एकअर्कालाई उछिन्ने प्रयासमा यी दुई खेलाडी लाग्दा विश्व फुटबलले रोमाञ्चक प्रतिस्पर्धाको साक्षी बस्ने मौका त पायो नै, साथमा चिरप्रतिद्वन्द्विताको सिकार पनि।

अनौठो संयोग के भने यी दुई महान् पिताका पुत्रहरू पनि फुटबलप्रति उति नै रुचि राख्ने भएका छन्। रोनाल्डोका छोरा क्रिस्टियानो रोनाल्डो जुनियर र मेसीका छोरा थियागो मेसी सानै उमेरबाट फुटबलका चिल्ला पातका रूपमा हुर्किँदै छन्। सन् १९८५ को फेब्रुअरी ५ मा जन्मिएका रोनाल्डो र १९८७ को जुन २४ मा जन्मिएका मेसीको जन्मान्तर ८ सय ६९ दिन छ। ठ्याक्कै त्यति नै दिनको अन्तरमा क्रिस्टियानो जुनियर र थियागोको जन्म भएको हो। यो संयोग मात्रै हो वा फुटबलका आगामी पुस्ता पनि पिताको प्रतिद्वन्द्विता र उत्कृष्टताको होडमै सामेल हुने हो, त्यो हेर्न त केही समय पर्खिनैपर्छ।

जुनियर क्याम्प : मेसीले एउटा अन्तर्वार्तामा भनेका थिए, 'जब म राम्रो प्रदर्शन गर्न सक्दिनँ, तब मैले सबभन्दा पहिले छोराकै आलोचनाको सिकार हुनुपर्छ। अहिलेसम्म २-४ पटक मैले छोराको हप्की खाइसकेको छु।' थियागोले उनलाई बार्सिलोनाका अन्य खेलाडीबारे सोधखोज गर्नुका साथै खेलमा भएको गल्तीसमेत

क्रिस्टियानो रोनाल्डो जुनियर

औँल्याउने गरेको स्पेनी अनलाइन पोर्टल *स्पोर्ट्स*ले उल्लेख गरेको छ ।

सन् २०१२ मा जन्मिएका मेसीका जेठा छोरा थियागोले गत डिसेम्बरमा भएको मैत्रीपूर्ण म्याचमा बार्सिलोनाको एकेडेमीबाट गोल गरेपछि उनमा रहेको प्रतिभा प्रस्फुटन भएको हो । थियागोको रगतमै फुटबल रहेको पुष्टि भएको पनि पश्चिमा सञ्चारमाध्यमहरूले त्यतिबेला उल्लेख गरेका थिए । ३ छोराका पिता मेसीले कसैलाई पनि फुटबलमै लाग्नका लागि दबाब नदिने स्पष्ट पारिसकेका छन् । तर, जेठो छोरा थियागोले आफू फुटबलमै लाग्ने संकेत गरेका छन् ।

सन् २०१० मा जन्मिएका रोनाल्डो जुनियरचाहिँ हाल युभेन्टसको एकेडेमीमा आबद्ध भइसकेका छन् । पिता रोनाल्डो सिनियर रियल मड्रिडबाट इटालीको युभेन्ट्समा स्थानान्तरण भएसँगै जुनियर पनि युभेन्ट्सको एकेडेमीमा भर्ना भएका थिए । सन् २०१९ मा जुनिएर रोनाल्डोले आफ्ना पिताले गरेभन्दा दोब्बर गोल एकेडेमीमा गरे । सिनियरले ३४ गोल गर्दा जुनियर रोनाल्डोले ५८ गोल गरेका थिए । गत वर्ष रोनाल्डोले २८ गोल मात्रै गरेका थिए, जुन उनको यो दशककै सबैभन्दा कम गोल र प्रदर्शन हो । सन् २००८/००९ मा इङ्लिस क्लब म्यानचेस्टर युनाइटेडबाट उनले ३० गोल गरेयताकै सबैभन्दा कम गोल आँकडा हो, त्यो ।

तर पोर्चुगिज स्टारका छोराले भने ९ वर्षमुनिको एकेडेमीमा भर्ना भएकै वर्ष तहल्का मच्चाए । त्यसपछि पिताको प्रतिक्रिया थियो, 'मलाईभन्दा टुरिन छोरालाई बढी फापेको छ । ऊ यहाँको वातावरणमा चाँडै घुलमिल हुन सक्यो । फुटबल खेल्न पनि मलाई भन्दा उसलाई सजिलो भएको छ ।' तर सानै उमेरमा फुटबलको उच्च कौशल प्रदर्शन गरेका जुनियर रोनाल्डो सिनियरभन्दा अघि बढ्ने सम्भावना प्रशस्तै छ ।

पिताभन्दा पृथक : मेसी र रोनाल्डोको प्रतिस्पर्धा मैदानभित्र रहे पनि आलोचकले उनीहरूलाई मैदानबाहिर पनि उस्तै देख्छन् । तर स्थिति ठ्याक्कै विपरीतको छ । रोनाल्डोका छोराले गत ब्यालोन डी ओर अवार्ड कार्यक्रमअघि लियोनेल मेसीसँग हात मिलाएको तस्बिर राखेर आफ्नो *इन्स्टाग्राम* एकाउन्टमा लेखे, 'धेरै धन्यवाद मेरो आदर्श । लियो मेसी ।' त्यो तस्बिर एकैछिनमा भाइरल हुन पुग्यो । हुन पनि आफ्नै पिताका प्रतिस्पर्धीलाई छोराले आदर्श मानेर फोटो खिचाउने क्षण बिरलै देख्न पाइन्छ । तर फुटबलले यस्तै रोमाञ्चक किस्साहरू पनि निर्माण गर्छ र त संसारभरको लोकप्रिय खेल बनेको छ ।

रोनाल्डो जुनियरका आदर्श मेसी भए पनि सिनियरसँगको मित्रताबारे मेसीले सोचिसकेका छैनन् । उनले भनेका छन्, 'हामीबीच मित्रता कायम हुन्छ कि हुन्न भने प्रश्नको उत्तर मसँग छैन । मित्रता कायम हुनका लागि सँगै समय बिताउनुपर्छ । हामी दुईबीच त्यस्तो अवस्था बनेकै छैन । अवार्ड कार्यक्रम र कहिलेकाहीँ मैदानमा भेट हुने हो । ती दुवै थलोमा प्रतिस्पर्धाको स्थान ज्यादा हुन्छ । यही अवस्था रहेसम्म राम्रो मित्रता कायम हुने सम्भावना देख्दिनँ ।' आफूहरूबीच कुनै मनमुटाव नभएको तर भेटघाट नै आक्कलझुक्कल मात्रै हुने गरेको मेसीले स्पेनी खेल दैनिक *मार्सा*सँगको अन्तर्वार्ताका क्रममा सुनाएका थिए ।

गजबको संयोग के भने रोनाल्डोका छोराका आदर्श मेसी भएजस्तै मेसीका छोरा पनि रोनाल्डोका प्रशंसक हुन् । मेसीका तीन छोरामध्ये थियागो जेठा हुन् । माटेओ र किरो फुटबलमा त्यति धेरै आकर्षित छैनन् ।

बार्सिलोनाबाट प्रकाशित हुने राष्ट्रिय खेल दैनिक *मुन्डो डिर्पोटिभो*सँगको अन्तर्वार्तामा थियागोले क्रिस्टियानो रोनाल्डोबारे सोधिरहने गरेको मेसीले बताएका छन् । 'ऊ लुइस स्वारेज, किलियन एमबापे, एन्टोन ग्रिजम्यान र अटुरो भिडालबारे बढी चासो राख्छ । स्वारेजसँग उसको सम्बन्ध एकदमै राम्रो छ । भिडाल र ग्रिजम्यानको हेयरस्टायलको पनि कुरा गर्छ । उनीहरूलाई राम्ररी चिनेको भएरै त्यसो गरेको हुन सक्छ । नचिनेकामा रोनाल्डोबारे बढी नै प्रश्न गर्छ ।' तर माइलो छोरा माटेओ भने सन् २०१९ को ब्यालन डी ओरमा मेसीले रोनाल्डोलाई पछि छाड्दा बढी खुसी भएका थिए । माटेओ बार्सिलोनाका पनि फ्यान हैनन् । रियल बेटिसले बार्साविरुद्ध गोल गर्दा पनि उनले खुसी मनाएको भिडियो हालै सार्वजनिक भएको थियो ।

जेहोस्, मेसीले छिट्टै संन्यास लिइहाले पनि बार्साको घरेलु मैदान नोउ क्याम्पमा 'मेसी ! मेसी !' को नारा अझै १५-२० वर्षसम्म लाग्न छाड्ने छैन । कारण- उनका छोरा थियागो, जो अहिले नै जुनियर क्याम्पमा तहल्का मच्चाउन थालिसकेका छन् । ने

थियागो मेसी

तस्बिरहरू : एजेन्सी

९ प्रश्न | प्रदीप परियार

'पाँच वर्षपछि राजनीति गर्छु'

वर्ल्ड इकोनोमिक फोरमको सन् २०२० को विश्व युवा नेतृत्वमा छानिए, सामाजिक अभियन्ता प्रदीप परियार, ३८ । सामाजिक सहभागिता र शान्ति प्रक्रियामा नेपाली युवालाई सहभागी गराउन उल्लेख्य भूमिका खेलेकाले समता फाउन्डेसनका कार्यकारी अध्यक्षसमेत रहेका परियारलाई उक्त अवार्ड दिइएको हो :

योङ ग्लोबल लिडर छानिनुभयो । तर आफ्नो मुलुकमा पाका नेताबाट शासित हुनुहुन्छ ।

अवार्ड युवा आन्दोलन र सामाजिक आन्दोलनका लागि गौरवको विषय हो । तर शासन तहमा बस्नेको अनुहार हेर्दा भने युवाले चुनौती दिन सकेका छैनन् भन्ने लाग्छ ।

नेपालमा यो अवार्ड पाउने पाँच जना पुगिसके । तर युवा उपस्थिति हस्तक्षेपकारी किन नभएको ?

युवाले आफूलाई नेतृत्वको प्रतिस्पर्धीका रूपमा उभ्याउनै सकेनन् । अहिलेका राज्य, पार्टी सञ्चालकमा पनि 'म भए सबै ठीक, नभए सबै बेठीक' भन्ने मानसिकता छ । अरूलाई सफल बनाउनु, स्थापित गर्नु नेतृत्वको गुण हो भन्ने बुझेनन् । कुनै समय क्रान्ति गरेको ब्याजस्वरूप सधैंभरि शासन गर्ने मानसिकताले समयको चुनौती टार्न सक्दैन ।

युवाले बूढा नेतृत्वलाई चुनौती दिन किन सकेनन् त ?

दक्षिण एसियाली राजनीति अर्थसंग जोडिएको छ । राजनीतिक र निर्वाचन प्रणाली महँगो छ । राजनीतिबाहेक अर्थोपार्जनको उद्यम नभएपछि युवाहरू अग्रज नेतासंग निर्भर हुनुपर्‍यो । जोप्रति युवा नतमस्तक हुन्छ, उसैलाई कसरी चुनौती दिन सक्छ ?

नेता निर्भरताको दुष्चक्र तोड्न सकिँदैन ?

अहिलेको पुस्ताबाट सम्भव देखिँदैन । युवा पुस्ता नेताहरूकै सहयोगी बन्यो । आजको नेकपाका धेरै युवा हिजो आन्दोलनका हिरो थिए । उनीहरूसंग अपेक्षा थियो । तर त्यो पुस्ता अब मिलाएर चल्ने भयो । अनि उसले कसरी चुनौती दिन सक्छ ?

नचिनिंदा र अहिले तपाईंमाथि गरिने व्यवहारमा कति फरक छ ?

फरक छ । तर त्यो कामसँग ठोकिँदा नभएझैं लाग्छ । पहिले देखिने गरी विभेद हुन्थ्यो, अहिले अदृश्य ।

सरोज बैद्य

कतिपय त जातीय विभेदभन्दा वर्गीय खाडललाई समस्या मान्छन् नि ?

जातको आधारमा गरिने विभेदलाई अर्थसँग जोड्न मिल्दैन । विभेद दलितमा मात्रै छैन । अन्य जातिबीच पनि छ । दलितमाथिको विभेदचाहिं निकृष्ट हो । कुनै समय राज्यले कानुन बनाएरै संरचनात्मक विभेद ल्यायो । त्यसको असर मस्तिष्कमा गढेको छ ।

यो अवार्ड पाउने धेरै राजनीतिमा आएका छन्, तपाईं पनि आउने ?

अवार्ड पाएपछि संसारभरका मानिससँग सम्पर्क जालो बन्छ । उनीहरूसँग केही कुरा सिक्नु छ । समता फाउन्डेसनमार्फत ज्ञान उत्पादनको काममा केही समय बिताउँछु । अहिलेको राजनीतिक प्रणाली महँगो भएकाले हामीजस्ता भुइँमान्छेलाई तुरुन्त राजनीतिमा आउन गाह्रो छ । तर ५ वर्षपछि आउँछु ।

अहिलेकै राजनीतिक दलमार्फत आउने कि छुट्टै पार्टी बनाउने ?

यसबारे टुंगो लागेको छैन ।

वैकल्पिक शक्तिहरूको असफलताले नयाँ पार्टी खोल्न डराउनुभएको ?

वैकल्पिक धारको सुरूआत गर्नेहरू जसरी अगाडि आउनुपर्ने हो, त्यसरी आउन सकेनन् । यसले त्यस्तो पार्टी बनाउन मलाई केही डर लागेको छ । तर वैकल्पिक शक्तिको खाँचो मरेको छैन । पुरानो संरचना भत्काउन सके वैकल्पिक शक्तिको ठाउँ छ ।

■ **मनबहादुर बस्नेत**

प्रदीप गिरिको उद्विग्नता

किशोर नेपाल

देशमा देखिएको दिशाहीनता, लक्ष्यविहीनता, निराशाका कारण केलाउनुपर्छ। देश त्यति ठूलो आडोलनबाट गुज्रियो तर समस्याहरूको समाधान त निस्केन।

बिहीबार अपराह्न कार्टुनिस्ट अविनको कार्टुन संग्रह विमोचन समारोहपछि म अलिकति अलमलमा थिएँ। सांसद तथा प्रखर विचारक प्रदीप गिरिसँग मेरो भेटघाटका लागि समय तय भएको थियो। उहाँसँगको भेटले जहिल्यै पनि दिमागमा उत्साहको सञ्चार गर्दथ्यो तर यो पटक त्यस्तो महसुस गर्न पाइएन। गिरिका आँखामा चमक नभएको होइन। उहाँको आँखाको चमक र वाणीको रौनक यथावत थियो र पनि उहाँ बढी नै उद्विग्न देखिनुहुन्थ्यो। मौसमको कारणले शरीर अलिकति शिथिल भए पनि मौसमले होइन, देशको राजनीतिक दुरावस्थाको प्रभावले गाल्न खोजेको थियो उहाँलाई। समय र वातावरण केही सहज भएपछि मैले उहाँलाई सोधेँ, "देशको राजनीति किन संगतिपूर्ण हिसाबले चल्न सकेको छैन ? अहिले संसद्को अधिवेशन चलिरहेको छ। तर किन सत्तापक्ष संसद्प्रति उत्तरदायी देखिँदैन ? किन संसद् प्रतिपक्षको पकडमा छैन ?"

उहाँको जवाफ स्पष्ट थियो। भन्नुभयो, "यो अचम्मको घटना भएको छ। हुकुमको जवाफ छैन। कालको ओखती छैन भन्ने गजबको संस्कृति विकसित भइरहेको छ। देशमा संविधान छ। त्यसको पालना गर्न कोही तयार छैन। सबै आदेशको पर्खाइमा छन्। दुनियाँको कुन देशको प्रधानमन्त्री चौबीस घन्टा, अठचालीस घन्टा एनेस्थेसिया लिएर, अस्पतालमा अचेत भएर सुत्छ ? देशको कार्यकारी प्रमुख, यति लामो समयसम्म अशक्त भएर लडेको अवस्थामा देशलाई केही भयो भने कसले वहन गर्छ, त्यसको राजनीतिक र सामाजिक दायित्व ? प्रधानमन्त्री ओलीजीलाई केही नहोस्, त्यो कामना सबैले गरेका छन् तर देशको कार्यकारीले आफूले वहन गरेको कार्यकारी जिम्मेवारी अर्कोलाई नदिई यसरी अस्पतालको बेडमा पल्टिन मिल्छ ? यतिबेला देश कसको आदेशमा अगाडि बढ्छ ?"

सांसद गिरिको स्पष्ट आपत्ति यो विषय संसद्मा नउठाइएकामा पनि उत्तिकै थियो : यो कुरा नउठाउँदा संसद्को उपहास भएको छ। संसद्को यति ठूलो उपहास अहिलेसम्म कहिल्यै भएको थिएन।

'सरकारलाई संसद्को डर किन छैन ? किन प्रतिपक्षले संसद्लाई आफ्नो बनाउन सकेको छैन' भन्ने प्रश्नमा सांसद गिरिको जवाफ थियो, "तपाईंको यो आरोप यथार्थ हो। सरकारलाई संसद्को डर लाग्न छाडेको यो पहिलो घटना होइन। विश्वका उदारवादी भनिने सबै पुँजीवादी सरकारहरू संसद्सँग डराउन छाडेका छन्। यो अर्कै प्रसंग हो र पनि यो एउटै कुरा सबैतिर मिल्दोजुल्दो छ। कांग्रेसले संसद्को गरिमा कहिल्यै आत्मसात गरेन। कांग्रेसले संसद्लाई सरकार बनाउने हतियारका रूपमा मात्रै हेर्‍यो। संसदीय व्यवस्थाको विरोधमा खडा भएका दलहरूले संसद्को मर्यादा राखेनन् भनेर के भन्नु !"

अहिले संसद्वादलाई नमान्नेहरूको बहुमत छ, संसद्मा। मार्क्सवादी संस्कृतिमा हुर्किएका साथीहरूले संसद्वादलाई नमान्नु अस्वाभाविक होइन।

प्रदीप गिरिको विचारमा 'बेलायतमा लोकतन्त्रले संसद्लाई होइन, संसद्ले नै लोकतन्त्रलाई बलियो बनाएको छ। तर हामीकहाँ त्यसो भएन। नेपालमा वंशानुगत संस्कृति र आयातीत व्यवस्थाको परम्परा रहेको छ। संसदीय व्यवस्था जुन गरिमाका साथ बेलायतमा चलेको छ, यहाँ त्योअनुसार चलेको छैन। स्वतन्त्रताको अभावमा कुनै पनि व्यवस्थाको परिकल्पना हुन सक्दैन। वंशानुगत संस्कृति र आयातीत व्यवस्थाको प्रभावका कारण हाम्रो अवस्था बिग्रिएको हो। यहाँ यति नै हेरे पुग्छ कि बेलायत र अमेरिकामा सर्वोच्च अदालतजस्ता संस्थाहरू जुन आदरका साथ चलेका छन्, त्यसरी नै हामीकहाँ पनि त्यस्ता संस्थाहरू त्यसरी नै चलेका छन् त ?'

सन्दर्भको अन्त्यमा गिरिको भनाइ थियो : देशमा देखिएको दिशाहीनता, लक्ष्यविहीनता, निराशाका कारण केलाउनुपर्छ। देश त्यति ठूलो आडोलनबाट गुज्रियो तर समस्याहरूको समाधान त निस्केन। शेरबहादुरले जसको टाउकाको मोल तोकेका थिए, उनै मानिस शेरबहादुरको ठाउँ लिन आइपुगे। जुन ओलीका विरुद्ध त्यति कटु आलोचना गरिएको थियो, तिनै ओली र प्रचण्ड अहिले मिलेका छन्।

प्रदीप गिरि माओवादी आन्दोलनको अवमूल्यन गर्न चाहनुहुन्न। उहाँको विचारमा युद्धमा लडेका, मरेका र हराएका व्यक्तिहरूले तथाकथित संसदीय व्यवस्थाको नाममा जे-जे हुन नपर्ने कुरा भएका थिए, त्यही नै दोहोरिएको देखिन्छ। त्यो नै अहिलेको विसंगत पक्ष हो। ने

तस्बिरहरू : प्रकाश बराल

मूर्तिकार जमघट

चिनियाँ र ताइवानीहरू अंग्रेजी बोल्दैनन् । भारतमा हिन्दी र युरोपमा अंग्रेजी बोलिन्छ । सबै देशका कलाकार एउटै ठाउँ भेला हुँदा कलाले वार्ता गरायो । उनीहरूको भावना मिल्यो । त्यसैले सँगै काम गरे, सँगै नाचे । बाग्लुङको गलकोट- ५ को टेउवामा ५ देखि २१ फागुनसम्म सम्पन्न अन्तर्राष्ट्रिय मूर्तिकला कार्यशालामा ११ देशका १५ कलाकारले १५ दिनसम्म मूर्ति कुँदे ।

बाग्लुङ कला प्रतिष्ठानले नेपाल ललितकला क्याम्पसको सहकार्यमा गरेको कार्यशालामा इजरायलकी ७६ वर्षीया तानिया प्रिमेन्जरदेखि कान्छी मूर्तिकार क्यानडाकी जुली ग्लास्पीसम्मले मूर्ति कुँदे । जापानका जुनिचिरो सुगिमोतो, इटलीका बेतिनो फ्रान्सेनी, ब्राजिलका लुइज सोडर, फ्रान्सका जेभियर गोन्जालेज, युक्रेनकी ल्युडमाइला माइस्को, ताइवानका लिन लि जेन, भारतका टुटु पटनायक र चीनका ल्यु याङले मूर्ति बनाए । नेपालका प्रवीण श्रेष्ठ, ओम खत्री, राजु पिठाकोटे, बुद्ध थारू र राजन काफ्लेले पनि मूर्ति बनाए । भूगोल, उमेर, देश, भेष र भाषासमेत फरक भए पनि उनीहरूले मिलेर कार्यशाला सफल बनाए ।

विश्व सुन्दरीको नेपाल यात्रा

मिस नेपाल अनुष्का श्रेष्ठले सन् २०१९ को विश्व सुन्दरी प्रतियोगितामा ब्युटी विथ पर्पस् अवार्ड पाइन् । उनको कामलाई सराहना र प्रवर्द्धन गर्न गत साता विश्व सुन्दरी टोनी आन सिङ ३ दिने नेपाल भ्रमणमा आइन् । भ्रमणमा विश्व सुन्दरी प्रतियोगिता आयोजक जुलिया मोर्ले र विश्व सुन्दरी प्रतियोगिता निर्देशक स्टिभ डगलस पनि थिए ।

सिङले श्रेष्ठको हेलम्बुस्थित प्रोजेक्टलाई अवलोकन गरेकी थिइन् । सुन्दरीको स्वागतमा पूरै गाउँ नै ओर्लिएर आएको देखिन्थ्यो । मिस नेपाल आयोजक हिडेन ट्रेजरले नेपालमा पनि विश्व सुन्दरी प्रतियोगिता गर्न सकिन्छ कि भनेर कुराकानी गरेको थियो । केही वर्षदेखि नेपालीले विश्व सुन्दरी प्रतियोगितामा ब्युटी विथ पर्पस् र ट्यालेन्ट राउन्ड जित्न थालेका छन् । सन् २०२० को विश्व सुन्दरी प्रतियोगिता कतै नेपालमै भए, अझ नेपालीले नै जिते भने ?

युट्युबमा नाटक

सिनेमाघरमा चलचित्र हटेपछि टेलिभिजन, डीभीडी या *युट्युब* तथा नेटफ्लिक्समा हेर्न मिल्छ । तर नाटकको हकमा भने त्यस्तो हुँदैन । थिएटरमा मञ्चन भएको बेला हेरे हेर्‍यो नत्र ठन्डाराम । तर शिल्पी थिएटरले भने दर्शकका लागि सहज बनाइदिएको छ । मञ्चन भइसकेका पुराना नाटक अब *युट्युब*मा हेर्न सकिनेछ ।

अहिलेसम्म ५ वटा नाटक *युट्युब*मा हालिसकेको निर्देशक घिमिरे युवराज बताउँछन् । प्रतिमहिना २ वटा नाटक *युट्युब*मा हाल्ने योजना शिल्पीको छ । घिमिरे भन्छन्, "विदेशमा भएका साथीहरूलाई नाटक हेर्न सजिलो होस् र पुराना नाटक दर्शकले मन लागेका बेला हेर्न पाउन् भनेर हो ।" नयाँ नाटक या पुनः अभिमञ्चन हुने नाटक भने *युट्युब*मा राखिने छैन ।

सहरमा कोरोनाभाइरस कोभिड १९ को त्रासले भीडभाड हुने कार्यक्रम भएका छैनन् । सरकारले नै यस्ता कार्यक्रम

अध्यक्ष पूर्णबहादुर रानाका अनुसार अन्तर्राष्ट्रिय मूर्तिकला महासंघ (आईएसएसए) ले प्रतिष्ठानलाई पहिलो पटक मान्यता दिएको छ । इजरायलकी प्रिमेन्जरले शान्ति र हिंसाको फरक तथा हिंसालाई शान्तिले अन्त्य गर्नुपर्ने सन्देशसहितको मूर्ति तयार पारेकी थिइन् । कार्यशालाबाट तयार भएको मूर्ति संग्रहालयलाई सरकारले साथ दिने गण्डकी प्रदेशका उद्योग पर्यटन, वन तथा वातावरणमन्त्री विकास लम्साल बताउँछन् ।

कार्यशालामा ब्राजिलका जर्ज लुइज सोडरले बाग्लुङकै घुम्टे पहाड, जंगल, मन्दिर र बस्ती तथा खोलाको चित्र ढुंगामा खोपे । भारतका कलाकार टुटु पटनायकले घुम्टे पहाडलाई सञ्जीवनी बुटी पाइने मन्दराचल पर्वतको रूपमा चित्रण गर्दै हनुमानले पहाड बोकेको मूर्ति कुँदे । हिमनदीको पग्लँदो अवस्था, हावापानीको परिवर्तनले 'जल, जंगल र जनावर' संरक्षणको आवश्यकता, पहिचानका लागि औंठाछाप, अधिकारका लागि महिलाको साहससमेतका मूर्ति बनेका छन् । जापानका जुनिचिरो सुगिमोतोले गलकोटेहरूको जापान बसाइँसराइलाई ढुंगाको प्रतीकात्मक मूर्तिमार्फत चिनाएका छन् ।

▪ **प्रकाश बराल**/बाग्लुङ

गर्न रोक लगाएकाले नाटक मञ्चन नगरेको घिमिरे सुनाउँछन् । कोरोनाको सन्त्रास सकिनेबित्तिकै उनी दर्शकमाझ भोपालका नाटककार उज्ज्वल सिंहको निर्देशनमा तयार भएको *गोल* (लक्ष्य) नाटक प्रस्तुत गर्दै छन् । बालबालिकासम्बन्धी यो नाटकपछि घिमिरे स्वयंको नेतृत्वमा पनि चर्चित उपन्यासमा नाटक मञ्चन हुंदै छ । त्यतिञ्जेललाई शिल्पी थिएटर नेपाल *युट्युब*मा पुरानै नाटक हेरेर चित्त बुझाउनु होला ।

मल्लकालीन
रेनासा द्वारिकाज

हरेक सहरको कहानी हुन्छ । त्यो कहानी सभ्यतासँग जोडिएको हुन्छ । सभ्यता पुनर्जागृत पनि हुन सक्छन् । कति भइरहेका होलान् । भनिन्छ, काठमाडौं कुनै बेला ठूलो ताल थियो । चीनबाट मञ्जुश्री आए । खड्गले काटेर पानी बाहिर पठाए । अनि बस्ती बसाए । केही शताब्दी अगाडिको इतिहास मात्र हेर्ने हो भने उपत्यकामा मल्लहरूले शासन गर्थे ।

००८ को एक चिसो बिहानी द्वारिकादास श्रेष्ठ वसन्तपुर दरबार स्क्वायर क्षेत्रमा दौडिरहेका थिए । शताब्दीऔं पुरानो मल्लकालीन दरबारअगाडि सानो आगो बलिरहेको देखे । पुरानो काठको खम्बाबाट बुट्टा कुँदिएको भाग झिक्न कसरत गर्दै थिए, दुई जना । अचम्मित श्रेष्ठले त्यसबारे थप जान्न चाहे । उनीहरूले बुट्टायुक्त काठको मूल्य भएको र बाँकी भाग आगो बाल्न मात्र उपयुक्त रहेको बताए । प्राचीन कलाको महत्त्व बुझेका श्रेष्ठले आँखै अगाडि धरोहरको विध्वंस देख्न सकेनन् र खम्बा किने ।

नेपालमा भर्खर प्रजातन्त्र आएको थियो । आधुनिकताले छोएको हुंदा काष्ठकलाले बनेका पुराना घरहरू मासिंदै थिए । नयां सिमेन्टी घर भटाभट बन्दै थिए । त्यसैले श्रेष्ठले त्यसपछि थुप्रै काष्ठकला किने । उनीसँग १५ औं शताब्दीको आँखीझ्याल अझै छ । पुराना सामान जर्गेना र संरक्षण गर्ने मनसायले जन्म भयो, होटल द्वारिकाज ।

बत्तीसपुतलीमा रहेको द्वारिकाज हेरिटेज होटल हो । होटलभित्र पस्दा प्राचीन मल्लकालीन दरबार पुगेझैं भान हुन्छ । चाहे बस्ने कुर्सी होस् वा सुत्ने कोठा । अत्याधुनिक सुविधासहित मल्लकालीन झझल्को आउँछ । भुइँ उपत्यकामै बनेको टेराकोटाले सजाइएको छ । खाना पारखीका लागि ३ वटा भान्सा छन्- नेपाली स्वादको कृष्णार्पण, जापानी स्वादका लागि माकोज र विश्व स्वादका निम्ति तोरन । होटलमा विशेष प्रकारका स्थानीयदेखि विदेशी स्वादसमेत चाख्न पाइन्छ । नेवारीमा १८ परिकार पाइन्छ । देश-विदेशका प्रतिष्ठित व्यक्तित्वले यो होटलमा खाना खाइसकेका छन् । नेपाल भ्रमणमा आउंदा बेलायती युवराज्ञी डायना र चार्ल्स द्वारिकाजमै बसेका थिए । चार्ल्सले होटलमा रहेको ढुंगेधाराको उद्घाटन पनि गरेका थिए ।

१५ देखि १७ औं शताब्दीको मल्लकालीन झझल्को दिइरहेको होटल एक पटक पुग्ने कि ?

नोटबुक

सुनिता लोहनी

'अनकुल' दाजुको पसल

पहिले ठेलामा या सानो पसलमा खोलिने चिया पसल अचेल अत्याधुनिक सेवा- सुविधासहित खुल्न थालेका छन् । विराटनगरमा खुलेको दाजुको चिया पसल सजावट र अवधारणामा फरक छ । मध्य फागुनको एक साँझ चिया पसल पुग्दा ९ देखि १२ सम्म पढ्ने केटाकेटीको भीड देखियो । चियाका साथमा चाउमिन, बर्गर, पिज्जालगायत भेराइटी पाइदो रहेछ, त्यहाँ ।

पसलको एक भित्तामा बुद्धको चित्र कुँदिएको थियो । अर्को भित्तामा माटोको ससाना कप सजाएर राखिएका । कपमा मान्छेको नाम हस्ताक्षर गरेको थियो । हेर्दा कफी विथ करणबाट प्रभावित भएजस्तो लाग्ने । चिया पसलमा कक्षाकोठा थियो, जहाँ कसैलाई चिया खाँदै केही लेख्न मन लाग्यो भने कालोपाटीमा लेख्न मिल्ने । पसल मालिक अस्ट्रेलियाबाट फर्केका हुनाले उनको नयाँ कन्सेप्टमा चिया पसल खोलेका रहेछन् ।

तर दुःखको कुरा चिया पसलमा हुक्का पनि पाइँदो रहेछ । कलिला केटाकेटीले हुक्का तान्दै, आकाशतिर धुँवा फाल्दै र चर्को स्वरमा बजाएको अंग्रेजी रक गीत सुनेको देख्दा पसल मालिकलाई त 'कुल' लाग्यो होला । मलाई भने विकृत लाग्यो । धूमपानलाई यसरी बढावा दिन मिल्छ ?

कुरो बालबालिकाकै

हिउँ खेल्ने र पाथीभरा माताको दर्शन गर्ने उद्देश्यले ताप्लेजुङ लागियो । विराटनगरदेखि ताप्लेजुङसम्मको यात्रा क्रममा थुप्रै विद्यालय भेटिए । विद्यार्थीहरू खाजा खाने समय सडकपारि बसेर गफिँदै रमिरहेका थिए । ठूला-साना गाडी गुडिरहने ठाउँमा कक्षा १ देखि १० सम्मकै बालबालिकाको सहज चहलपहल देखेर मलाई भने डर लाग्यो । गाडी बेस्सरी कुदाउँदै आए या विद्यार्थी कुद्दै जाने हो भने दुर्घटना सजिलै हुन सक्ने । अझ ब्रेक फेल भए वा चालकले लापर्बाही गरे गाडी सीधै विद्यालय हातामै पुग्ने ।

सामान सहज पुऱ्याउने हिसाबले सायद सडक छेउमै विद्यालय खोलेका होलान् । तर सडकमै विद्यालय हुँदा विद्यार्थीको ज्यान कति जोखिममा पर्ला ? ठूला विद्यार्थी आफूलाई सुरक्षित राख्लान् तर साना बालबालिकाको हालत के होला ? दिनहुँ जोखिमपूर्ण यात्रा गरी विद्यालय आउजाउ गर्नुपर्दा विद्यार्थी र अभिभावकलाई कस्तो होला ?

इलाममा पानी परेपछि दिउँसै तुँवालोले छोप्दो रहेछ । यस्तो अवस्थामा सडकको यात्रा कति जोखिमपूर्ण होला ? गाउँगाउँमा स्थानीय सरकार आएको छ । यस्ता स-साना कुरा पनि ध्यान नदिने हो भने सरकार किन चाहियो ?

पहिरोपीडित विष्णु

जति नै योजना बनाए पनि यात्रा कहिल्यै सोचेजस्तो हुँदैन । सहरमा सुविधामा बस्ने बानी परिसकेका हामी गाउँ जाँदा पनि उस्तै सुविधा होला भनी सोच्छौं । घुम्न हिँड्दा हामी पर्यटक बनिदिन्छौं । सक्दो सुविधा चाहिन्छ, चाहे बाटोमा बास बस्ने होटल होस् वा गन्तव्य स्थल ।

ताप्लेजुङको पाथीभरा पुग्नुअघि सुकेटार आउँछ । सुकेटारमा भव्य होटल छन् र एयरपोर्ट पनि । त्यसपछि तल्लो फेदीसम्म ठूलो बाटो छ तर कच्ची । सुक्खायाममा धुलो उडेर वाक्क बनाउँछ भने पानी परेपछि हिलोले वारपार गर्नसमेत मुस्किल । दिउँसो पानी परेकाले बाटो हिलाम्मे थियो । हिलोमा बाइक चलाउन नसकेर लडेपछि हामी देउराली होटलमा बास बस्यौं । ठाउँको नाम पनि देउराली रहेछ । काठले बनेको घरको छानो भने जस्ताको थियो । होटलमा बत्ती थियो ।

७ बजे नै सुत्ने सुरसार कस्ने ठाउँमा होटल साहूनी विष्णु थापाले खाना पकाउने भइन् । दाल, भात र साग खाँदै उनीसँग देउरालीका बारे बुझ्ने कोसिस गऱ्यौं । वरिपरि सबै होटल रहेछन् । उनी बस्ने पारिको गाउँमा पहिरोले घरखेत लगेपछि आफन्तको घर देउरालीमा १ लाख दिएर बसेकी रहिछन् । एउटा छोरा विदेश, अर्को छोरा झापा र अर्को छोरा ताप्लेजुङ नै बस्दा रहेछन् । होटलमा पानी नआउने भएकाले लिन १ घन्टा पर जानुपर्दो रहेछ । लुगा धुन सुकेटार पुग्नुपर्दो रहेछ । देउरालीबाट सुकेटार २ किलोमिटर टाढा पर्छ ।

धन्न, सिरकको खोल र तन्ना सफा नै पायौं । हिउँपानी जस्तामा पर्दा घरभित्रै छिर्दो रहेछ । काठमा देखिने पानीका दागले विष्णुलाई दिक्क लाग्दो रहेछ । ३ वटा सिरक खप्टेपछि जाडो भने लागेन । तर बिहान उठ्दा हातमुख धुने पानी पनि पाइएन । न्यूनतम सुविधाबिना पनि मानिस बाँचिरहनु परेको देख्दा खल्लो लाग्यो । ने

Marvel®

FlowGuard™ Plus CPVC and Lead Free PVC Piping Systems

सुरक्षा घरको
साथ जीवनभरको...

गुणस्तरिय
PLUMBING
का लागि अपनाउनुहोस्
Marvel का
Piping System

Marvel® FLOWGUARD PLUS CPVC PLUMBING SYSTEMS
For Hot & Cold Water Distribution

Marvel® Aquaflo
uPVC Pressure Pipe for Drainage & Water Supply

Marvel® DURADRAIN
Under Ground Drainage Pipe

Marvel® SafeDuct
Fire Resistant uPVC Conduit Pipes & Fittings

NSF certification for CPVC pipes*
ISO 9001:2015
Lead-free
Only those products marked NS/NSF are certified

Marvel Technoplast Pvt. Ltd.

www.marvel.com.np

का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८